
चैत – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३१, अङ्क २३ | २०७९ चैत १-१५ | पूर्णाङ्क ७३७



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री नगेन्द्रकेशरी पोखरेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री पुष्पा पराजुली

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री मोतीलाल चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| इजलास नं. १ | ९ | इजलास नं. ८ | ६ |
| इजलास नं. २ | ७ | इजलास नं. ९ | ४ |
| इजलास नं. ३ | ७ | इजलास नं. १० | ३ |
| इजलास नं. ४ | १० | इजलास नं. १२ | ३ |
| इजलास नं. ५ | १४ | एकल इजलास | १ |
| इजलास नं. ६ | ५ | | |
| **जम्मा** | **५२** | **जम्मा** | **१७** |

**कूल जम्मा ५२ + १७ = ६९**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७९, चैत – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं.१** | | | **१ - ९** |
| १. | बहुविवाह | रोशनकुमारी चौधरी वि. नेपाल सरकार, शम्भु स्वर्णकार वि. नेपाल सरकार | १ |
| २. | जबरजस्ती करणी | जितेन राई वि. नेपाल सरकार | १ |
| ३. | जबरजस्ती करणी | डम्बर सिंह राना वि. नेपाल सरकार | २ |
| ४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. चक्रबहादुर राई, चक्रबहादुर राई वि. नेपाल सरकार | ३ |
| ५. | जबरजस्ती करणी | संजिव परियार भन्ने राजेन्द्र दर्जी वि. नेपाल सरकार | ४ |
| ६. | कर्तव्य ज्यान | कृष्ण पासवान वि. नेपाल सरकार, दयाशंकर पासवान वि. नेपाल सरकार | ६ |
| ७. | अदालतको अवहेलना | सुलभ खरेलसमेत वि. त्रिभुवन विश्वविद्यालयसमेत | ७ |
| ८. | निषेधाज्ञा | नवलकिशोर झा वि. राजकिशोर झा | ८ |
| ९. | लिखत दर्ता बदर | यज्ञप्रसाद शर्मा वि. पार्वती देवी थापासमेत | ८ |
| **इजलास नं. २** | | | **९ – १४** |
| १०. | जबरजस्ती करणी | सुमन नेपाली वि. नेपाल सरकार | ९ |
| ११. | कर्तव्य ज्यान डाँका चोरी | प्रल्हाद भन्ने सागर प्रसाई वि. नेपाल सरकार | १० |
| १२. | बन्दी प्रत्यक्षीकरण | कालिया भन्ने काली सहनीको हकमा कृष्णकुमार भट्टराई वि. रौतहट जिल्ला अदालत, गौरसमेत | ११ |
| १३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामलाल तामाङसमेत | ११ |
| १४. | कर्तव्य ज्यान | रणबहादुर भन्ने रनबहादुर सुनार वि. नेपाल सरकार | १२ |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शान्ता पुन | १३ |
| १६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दावा तेन्जी शेर्पा | १३ |
| **इजलास नं. ३** | | | **१४ – २०** |
| १७. | बन्दी प्रत्यक्षीकरण | २१ जलेश्वर ०७७ कुमार मनिको हकमा अजय शंकर झा "रूपेस" वि. महोत्तरी जिल्ला अदालत | १४ |
| १८. | परमादेश | प्रकाश मण्डल वि. गृह मन्त्रालय सिंहदरबारसमेत | १४ |

| | | | |
|---|---|---|---|
| १९. | लागु औषध | नेपाल सरकार वि. मुन्ना भन्ने साहुसेन मियाँसमेत | १५ |
| २०. | बन्दी प्रत्यक्षीकरण | श्रीप्रसाद तामाङ वि. वैदेशिक रोजगार न्यायाधिकरण, बबरमहलसमेत | १७ |
| २१. | सवारी ज्यान | विजय मल्ल वि. नेपाल सरकार, सुमन श्रेष्ठ वि. नेपाल सरकार | १७ |
| २२. | अंश | रामकुमार कुर्मीसमेत वि. रामकेवलप्रसाद कुर्मीसमेत | १८ |
| २३. | उत्प्रेषण / परमादेशसमेत | गणेशबहादुर प्रधानसमेत वि. राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, केन्द्रीय कार्यालयसमेत | १९ |
| **इजलास नं. ४** | | | **२० – ३०** |
| २४. | उत्प्रेषणसमेत | डा. विदुर खतिवडासमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत | २० |
| २५. | उत्प्रेषणसमेत | हर्कबहादुर थापा क्षेत्री वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमेत | २१ |
| २६. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. विराज भन्ने प्रेम तामाङसमेत | २२ |

| | | | |
|---|---|---|---|
| २७. | बन्दी प्रत्यक्षीकरण | तिलकबहादुर कार्की वि. कारागार कार्यालय, जगन्नाथदेवलसमेत | २३ |
| २८. | बन्दी प्रत्यक्षीकरण | केशवराज आचार्यको हकमा कृष्णबहादुर श्रेष्ठ वि. डोल्पा जिल्ला अदालत | २४ |
| २९. | करार कार्यान्वयन क्षतिपूर्तिसमेत | बैंक अफ काठमाडौं लिमिटेड, कमलपोखरीसमेत वि. साउथ एसियन ट्रेडिङ कम्पनी प्रा.लि. | २५ |
| ३०. | बन्दी प्रत्यक्षीकरण | चन्द्रूदास तत्मा वि. उच्च अदालत जनकपुर, राजविराजसमेत | २६ |
| ३१. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | रामुप्रसाद यादव वि. नेपाल सरकार | २६ |
| ३२. | अंश दिलाई दर्ता गरिपाउँ | देउबहादुर नाल्बो वि. मनकुमार भन्ने अभिशेक नाल्बो | २८ |
| ३३. | अंश चलन | हरिकृष्ण श्रेष्ठसमेत वि. पूर्णिमाकुमारी महर्जन | २९ |
| **इजलास नं.५** | | | **३० – ४१** |
| ३४. | जबरजस्ती करणी | कपिल भन्ने सुदाम जोशी महर्जन | ३० |
| ३५. | उत्प्रेषणसमेत | निर्मलकुमार भट्ट वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर | ३१ |

| | | | |
|---|---|---|---|
| ३६. | उत्प्रेषणसमेत | नारायणप्रसाद रेग्मी वि. संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमेत | ३२ |
| ३७. | हकहिस्सा नामसारी | नरेन्द्रमान माली वि. सुरेन्द्र माली | ३२ |
| ३८. | ठगी | नेपाल सरकार वि. रामकुमार यादवसमेत, लक्ष्मण यादव वि. नेपाल सरकार | ३३ |
| ३९. | दूषित नामसारी निर्णय दर्ता बदर | साबु राणासमेत वि. गोपाल शम्शेर ज.ब.रा. | ३५ |
| ४०. | हक कायम जग्गा निखनाई दर्तासमेत | मिथलेश सिंह वि. प्रेमप्रसाद उपाध्यायसमेत | ३५ |
| ४१. | अंशचलन | टिकाकुमारी थापासमेत वि. रामकृष्ण थापा क्षेत्रीसमेत | ३६ |
| ४२. | कर्तव्य ज्यान | किस्ने बोगटी वि. नेपाल सरकार | ३७ |
| ४३. | जबरजस्ती करणी | नेपाल सरकार वि. परिवर्तित नाम ०७४/०७५ डि.एस. | ३८ |
| ४४. | जबरजस्ती करणी | मंगलराज वादीकार वि. नेपाल सरकार | ३८ |
| ४५. | सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. रविन्द्रविक्रम शाहसमेत | ३९ |
| ४६. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. सीता वि.क. | ४० |
| ४७. | जालसाजी | मु.स. गर्ने जहरूनिसा कबड़िया वि. सुनितादेवी मिश्रसमेत | ४० |
| **इजलास नं.६** | | | **४१ – ४५** |
| ४८. | उत्प्रेषणसमेत | ऋतुकुमारी शर्मा वि. ज्योति विकास बैंक लिमिटेड, कमलादी | ४१ |
| ४९. | उत्प्रेषणयुक्त परमादेश | साबित्रीदेवी ईनाणी (इनानी) वि. ऋण असुली पुनरावेदन न्यायाधिकरण, अनामनगरसमेत | ४१ |
| ५०. | जग भत्काई सार्वजनिक बाटो कायम गरी चलन चलाइपाउँ | लालजी लोहार वि. राजेन्द्रकुमार वर्मा | ४२ |
| ५१. | उत्प्रेषण | यमबहादुर बस्नेतसमेत वि. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, केन्द्रीय कार्यालय, सानोठिमीसमेत | ४३ |
| ५२. | उत्प्रेषण / परमादेशसमेत | देवसिंह धामी वि. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, केन्द्रीय कार्यालय, सानोठिमीसमेत | ४४ |

| | | | |
|---|---|---|---|
| **इजलास नं.८** | | | **४५ – ४९** |
| **५३.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. आशा लामा भन्ने अस्मिता बल | **४५** |
| **५४.** | उत्प्रेषणयुक्त परमादेश | पिंकीकुमारी सिंह वि. उच्च अदालत जनकपुरसमेत | **४६** |
| **५५.** | परमादेश | राजदेव हजरा वि. जिल्ला शिक्षा कार्यालय मुकाम, वीरगन्जसमेत | **४६** |
| **५६.** | बन्दी प्रत्यक्षीकरण | संयम भन्ने यमराज गुरूङ वि. कारागार कार्यालय भिमफेदी, मकवानपुरसमेत | **४७** |
| **५७.** | उत्प्रेषणयुक्त परमादेश | डा.पुरूषोत्तम राज सेढाईसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत | **४७** |
| **५८.** | लागु औषध | नेपाल सरकार वि. लालबाबु साहसमेत | **४८** |
| **इजलास नं.९** | | | **४९ – ५२** |
| **५९.** | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. कल्पना सिंहसमेत | **४९** |
| **६०.** | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. राजेश खाँड ठकुरीसमेत | **५०** |
| **६१.** | बन्दी प्रत्यक्षीकरण | मन्जुर आलम वि. कारागार कार्यालय, पर्सासमेत | **५१** |
| **६२.** | बन्दी प्रत्यक्षीकरण | रोशन पोदार वि. सुनसरी जिल्ला अदालत तहसिल शाखा | **५२** |
| **इजलास नं.१०** | | | **५३ – ५६** |
| **६३.** | कर्तव्य ज्यान तथा चोरी | नेपाल सरकार वि. सेनेप भन्ने सन्दिप लेछर्बो लिम्बूसमेत | **५३** |
| **६४.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. गोविन्द सुनार भन्ने लिलाबहादुर सुनार | **५४** |
| **६५.** | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. हरिप्रसाद लामिछानेसमेत | **५५** |
| **इजलास नं.१२** | | | **५६ – ५९** |
| **६६.** | ज्यान मार्ने उद्योग, डाँका | नविन झासमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. नविन झा | **५६** |
| **६७.** | उत्प्रेषण | डा.रायना श्रेष्ठ वि. चिकित्सा शास्त्र अध्ययन संस्थान महाराजगन्जसमेत | **५८** |
| **६८.** | बन्दी प्रत्यक्षीकरण | सुजितकुमार भण्डारी वि. कारागार कार्यालय, भीमफेदी, मकवानपुरसमेत | **५८** |
| **एकल इजलास** | | | **६०** |
| **६९.** | उत्प्रेषण / परमादेश | धनबहादुर आले मगर वि. धनकुटा जिल्ला अदालतसमेत | **६०** |

## इजलास नं.१

**१**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७१-CR-०१०४, ०७१-CR-०१०५, बहुविवाह, रोशनकुमारी चौधरी वि. नेपाल सरकार, शम्भु स्वर्णकार वि. नेपाल सरकार*

प्रतिवादी रोशनकुमारी लेखीचौधरीले आफ्नो पतिका विरूद्धमा मिति २०६७/९/२८ मा अंश मुद्दा दर्ता गरेको देखिन्छ भने बहुविवाहको जाहेरी दरखास्त मिति २०६७/११/३० मा दिएको देखिएबाट पुनरावेदनपत्रमा लिइएको जस्तो अंश मुद्दा दर्ता गरी अंश प्राप्त गर्न सङ्घर्षरत रहेकी महिलालाई कानूनी जालझेल दाउपेचमा फसाई अंश दिन नपरोस् भनी प्रवृत्त धारणा राखेर अंश र वंशसमेतबाट वञ्चित बनाउन खोजिएको भनी यी प्रतिवादीले लिएको जिकिरलाई समेत अन्यथा भन्न नसकिने।

प्रतिवादीहरू अदालतमा आरोपित कसुरमा पूर्णरूपमा इन्कार रही बयान गरेको, निजहरू साथ सँगै रहे बसेको भन्ने नदेखिएको, जानकीको दाजु भनी अनुसन्धानका क्रममा बकपत्र गर्ने गणेशकुमार स्वर्णकारलाई अदालतमा उपस्थित गराउन नसकेको, मिति २०६७।९।१४ गतेको इलाका प्रहरी कार्यालय, धरानमा दिएको निवेदन नै सक्कल नरहेको, जानकीको अस्तित्व नै उल्लेख नभएको र शम्भु स्वर्णकारको मृत्यु भइसकेकोलगायतका आधार प्रमाणहरूबाट यी प्रतिवादीहरूबिच विवाह भएको भन्ने कुनै प्रमाणहरू मिसिल संलग्न कागजातबाट देखिन आएन। फौजदारी मुद्दामा अभियुक्तउपरको कसुर शङ्कारहित तथा स्वतन्त्र प्रमाणद्वारा प्रमाणित गर्ने भार अभियोजन पक्षमा हुने भनी प्रमाण ऐन, २०३१ को दफा २५ ले व्यवस्था गरेको पाइन्छ। यस अवस्थामा यी प्रतिवादीहरूउपरको कसुर स्थापित हुने यथेष्ट ठोस विश्वसनीय प्रमाणहरू वादी पक्षले पेस गर्न सकेको देखिन नआएकाले प्रतिवादीहरू शम्भु स्वर्णकार र रोशनकुमारी चौधरीलाई मुलुकी ऐन, बिहावारी महलको १० नं. बमोजिम जनही २ (दुई) वर्ष कैद र रू.१०,०००।– जरिवानासमेत हुने गरी उदयपुर जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७०/०४/२८ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई यी प्रतिवादीहरू शम्भु स्वर्णकार र रोशनकुमारी चौधरीले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल फागुन १४ गते रोज ६ शुभम्।

**२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-११२१, जबरजस्ती करणी, जितेन राई वि. नेपाल सरकार*

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा कन्याजाली नच्यातिएको भन्ने रहेको भए पनि जबरजस्ती करणीको महलको १ नं. को स्पष्टीकरणको (ग) मा "योनिमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनको लागि करणी गरेको मानिने छ" भन्ने व्यवस्था गरिएको पाइन्छ। प्रस्तुत व्यवस्थाबाट जबरजस्ती करणीको कसुर स्थापित हुन पीडितको कन्याजाली च्यातिएको हुनुपर्ने अवस्थालाई पूर्वसर्तको रूपमा लिन मिल्दैन। कन्याजाली नच्यातिएको अवस्थामा पनि जबरजस्ती करणीको कसुर स्थापित हुनसक्ने देखिन्छ। यी पीडित ७ वर्षकी अवोध नाबालिक रहेको र निज नाबालिकाको अदालतमा भएको बकपत्रमा दिपेन राईको कोठामा क्यारेम खेलिरहेकोमा जितेन राईले दिपेन राईलाई सेलरोटी लिन पठाई ढोकामा चुकुल लगाई मेरो कपडा खोली मुख थुनी मलाई नराम्रो काम गऱ्यो भनी निजको बालसुलभता देखिने गरी घटनाक्रमको सिलसिला उल्लेख गरी बकपत्र गरेको देखिन्छ। घटनाबाट पीडित व्यक्तिले घटनाको सम्बन्धमा अदालतमा व्यक्त गरेको

कुरा प्रत्यक्ष प्रमाणको रूपमा अदालतले ग्रहण गर्नुपर्ने हुन्छ ।

प्रतिवादीले अनुसन्धान अधिकृतसमक्षको आफ्नो बयान जबरजस्ती गराएकोले सो बयानलाई आधार लिई मलाई सजाय गर्न मिल्ने होइन भनी लिएको जिकिर सम्बन्धमा विचार गर्दा, प्रमाण ऐन, २०३१ को दफा ९(१) को कानूनी व्यवस्था हेर्दा, "मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन हुन्छ" भनी सोही दफाको उपदफा (२) मा "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्दै खण्ड (क) मा "फौजदारी मुद्दामा कुनै अभियुक्तले निजलाई लगाइएको अभियोगको सम्बन्धमा अदालतबाहेक अन्यत्र व्यक्त गरेको कुरा अदालतले देहायबमोजिम ठहराएमा प्रमाणमा लिन हुन्छ" भनी देहाय (१) मा "सो कुरा व्यक्त गर्दा अभियुक्त सचेत अवस्थामा र आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा थियो" देहाय (२) मा "निजलाई बाध्य गरी वा निज वा अरू कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छा विरूद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको होइन" देहाय (३) मा "सो अभियोगबारे कुनै सार्वजनिक अधिकारीले गर्ने कारबाहीको सम्बन्धमा यस्तो धम्की वा विश्वास पर्ने आश्वासन दिएको थिएन जसबाट निजले सो कुरा असत्य रूपमा व्यक्त गर्ने सम्भावना थियो र जुन धम्की वा आश्वासन कार्यान्वित गर्न सक्ने अधिकार र शक्ति सो अधिकारीलाई थियो भन्ने कुरा निजले युक्तिसङ्गत रूपमा विश्वास गरेको थियो" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी जितेन राईले अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गरेको भए तापनि आफूले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान जबरजस्ती यातना दिई बयान लिएको भन्ने प्रमाण गुजार्न नसकेको र वारदात भएको भनिएको दिन निजको घर कोठामा पीडित रहेको कुरा अदालतको बयानमा स्वीकार गरेको अवस्थामा उल्लिखित कानूनी व्यवस्थाबमोजिम यी प्रतिवादीको अनुसन्धान अधिकृतसमक्ष गरेको साबिती बयानलाई प्रमाण ग्रहण गर्न मिल्ने नै देखिँदा पुनरावेदक प्रतिवादीले आफूले आरोपित कसुरमा सफाइ पाउँ भनी दायर गरेको पुनरावेदन जिकिरसँग समेत सहमत हुन नसकिने ।

सुरू काठमाडौं जिल्ला अदालतबाट प्रतिवादी जितेन राईलाई जबरजस्ती करणीको महलको १ नं. तथा ३ नं. को देहाय १ अनुसारको कसुरमा सोही नं. बमोजिम १० (दश) वर्ष कैद र पीडितलाई प्रतिवादीको सम्पत्तिबाट रू.२५,०००/- (पच्चिस हजार) रूपियाँ महिला तथा बालबालिका कार्यालयबाट झिकाई पीडित काठमाडौं २६ परिसर २५(ख) लाई भराइदिने गरी मिति २०७३/२/२० मा गरेको फैसला सदर गरी उच्च अदालत पाटनबाट मिति २०७७/३/५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत (उपसचिव): नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल असार १७ गते रोज ४ शुभम् ।

## ३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-१२२४, जबरजस्ती करणी, डम्बर सिंह राना वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले पीडितको जन्म दर्ता प्रमाणपत्रमा उमेर ६(छ) वर्ष ७(सात) महिना २६(छब्बिस दिन) भनी उल्लेख भएको हुँदाहुँदै निजको उमेर ५ वर्ष कायम गरेको फैसला मिलेको छैन भनी लिएको जिकिरतर्फ विचार गर्दा, जबरजस्ती करणी महलको ३ नं. को १ मा "दस वर्षभन्दा मुनिकी बालिका भए दशदेखि पन्ध्र वर्षसम्म" कैद गर्नुपर्ने कानूनी व्यवस्था रहेको पाइन्छ । सो कानूनी व्यवस्था रहेबाट १० वर्षभन्दा मुनिको बालिकालाई कसैले जबरजस्ती करणी गरेमा १० वर्षभन्दा कम सजाय गर्न सकिने अवस्था देखिँदैन । प्रस्तुत मुद्दाका प्रतिवादी एक वयस्क पुरूष रहेका छन् । निज आफूले गरेको कामको प्रकृति र परिणामको सहजै मापन गर्न सक्ने

व्यक्ति रहेको देखिन्छन् । यसरी एउटा सवल र सक्षम व्यक्तिबाट समाजले सामाजिक उत्तरदायित्वसमेत अपेक्षा गरेको हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीकै भनाइअनुसारको पीडितको उमेर कायम गर्दा पनि निज ७ वर्ष नपुगेको बालिका नै रहेको देखिन्छ । यसरी यौनको सामान्य जिज्ञासा नै नभएको बालिकालाई फकाइ फुलाइ निजले आफ्नो एकान्त कोठामा लगी पीडितको सुरूवाल खोली योनिमा औँला पसालेको कार्यको गाम्भीर्यलाई मनन गरी बाह्र (१२) वर्ष छ (६) महिना कैद सजाय गरी प्रतिवादीबाट पीडितलाई रू.२५,०००।- (पच्चिस हजार रूपियाँ) क्षतिपूर्ति भराइदिने गरी भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिँदैन । यस अवस्थामा पुनरावेदक प्रतिवादीले आफूले आरोपित कसुरमा सफाइ पाउँ भनी दायर गरेको पुनरावेदन तथा निजको तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ताको बहस जिकिरसँग समेत सहमत हुन नसकिने ।

सुरू कञ्चनपुर जिल्ला अदालतबाट प्रतिवादी डम्बरसिंह रानालाई जबरजस्ती करणीको महलको १ नं. तथा ३ नं. को देहाय १ अनुसारको कसुरमा सोही नं. बमोजिम बाह्र (१२) वर्ष छ (६) महिना कैद र पीडितलाई प्रतिवादीबाट रू.२५,०००/- (पच्चिस हजार) रूपियाँ पीडितलाई भराइदिने गरी मिति २०७५।१।१२ मा गरेको फैसला सदर गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७५।३।३२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत (उपसचिव): नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल असार १७ गते रोज ४ शुभम् ।

**४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-१५०९, कर्तव्य ज्यान, नेपाल सरकार वि. चक्रबहादुर राई, चक्रबहादुर राई वि. नेपाल सरकार*

प्रतिवादीको बाबुसँग अंशबन्डासम्बन्धी विवाद रहेकोले सोही रिसइवीको कारणले बाबुको हत्या गरेका हुन् भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, अंशबन्डा परिवारबिचमा हुने एक नियमित प्रक्रिया हो । यस विषयमा परिवारका बिचमा सामान्य वाद विवाद हुने कुरालाई पनि सामान्य रूपले लिनुपर्ने देखिन्छ । अब प्रस्तुत अंश विवाद प्रस्तुत मुद्दासँग जोडी हेर्ने हो भने वारदातको दिन साउने सङ्क्रान्ति चाड रहेको देखिन्छ । सो दिन दिउँसो बाबुकै घरमा सुँगुर काटिएको र त्यहाँबाट नै निजले मासु लगेको पनि देखिन्छ । यदि यी प्रतिवादीको बाबुलाई नै मार्ने नियत भए श्रीमतीसँग झगडा नगरी बाबुसँग नै अंशको कुरा गरी झगडा गरेको हुनुपर्ने देखिन्छ । तर प्रस्तुत तथ्य वादी नेपाल सरकारले कहीँकतै स्थापित गर्न सकेको पाइँदैन । यस स्थितिमा अंशसम्बन्धी रिसइवी रहेको कारणले बाबुको कर्तव्य गरी मारेको भन्ने कुरा युक्तिसङ्गत नदेखिने ।

मेरो ज्यान मार्ने मनसाय नहुँदा नहुँदै पनि अप्रत्यासित रूपमा संयोगबस श्रीमतीले गालीगलौज गरेको झोकमा मैले पनि दाउराले हान्दा बुबा यामबहादुर राईको टाउकोमा लागी उपचारको क्रममा भवितव्यबाट मृत्यु हुन गएकोले मलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. बमोजिमको भबितव्यको कसुरमा ऐ. ६(४) नं. बमोजिम सजाय गरिपाउँ भनी लिइएको प्रतिवादीको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा “ज्यान लिने इबिलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ” भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । कसैले कुनै कार्य गर्दा सो कार्यले मानिस मर्ला जस्तो नदेखिएको तर निजले गरेको काम कुराबाट कसैको मृत्यु भएको अवस्थामा मात्र प्रस्तुत नं. आकर्षित हुने देखिन्छ । तर प्रस्तुत मुद्दामा यी पुनरावेदक/प्रतिवादीले करिब एक फिट लामो काठले

बाबुलाई हानेको देखिन्छ । यति लामो काठले कसैको टाउकोमा हिर्काउँदा मानिसको मृत्यु हुन सक्ने कुराको ज्ञान निजलाई थिएन भन्ने कुरा मान्न सकिँदैन । अतः माथिका प्रकरणहरूमा विवेचित आधार कारणहरूबाट समेत निजले लिएको भवितव्यको जिकिर कानून र विवेकसम्मत नदेखिँदा वादी नेपाल सरकारले सुरू इलाम जिल्ला अदालतले प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैदको सजाय हुने गरी गरेको फैसला नै सदर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासले गरेको फैसला उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने तथा प्रतिवादी चक्रबहादुर राईले उक्त फैसला उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. बमोजिम सजाय गरिपाउँ भन्ने दुवैको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी चक्रबहादुर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. अनुसारको कसुरमा सोही नं. बमोजिम १० (दश) वर्ष कैद हुने गरी मिति २०७४/१०/२४ मा गरेको फैसला सदर गरी उच्च अदालत विराटनगर इलाम इजलासबाट मिति २०७५।५।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत (उपसचिव): नवराज जोशी

इति संवत् २०७७ साल असार १७ गते रोज ४ शुभम् ।

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-२०३४,२२६२, २३५३, जबरजस्ती करणी, संजिव परियार भन्ने राजेन्द्र दर्जी वि. नेपाल सरकार, राजेन्द्र परियार वि. नेपाल सरकार, विवेक परियार भन्ने राजेन्द्र वि. नेपाल सरकार*

पुनरावेदक/प्रतिवादी संजिव भन्ने राजेन्द्र दर्जीले जाहेरवाली प्रत्यक्षदर्शी नभएकोले निजको भनाइ मेरो विरूद्ध प्रमाण लाग्ने होइन । प्रतिवादी संजिवले आर्थिक सहयोगका लागि बोलाएकाले गेष्ट हाउससम्म पुगेको तथ्यलाई स्वीकार गरेको आधारमा आफूलाई कसुरदार कायम गर्न मिल्ने होइन भनी लिएको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) मा "सो काम गर्ने वा सो काम, घटना वा अवस्था प्रत्यक्ष रूपमा देख्ने थाहा पाउने व्यक्ति" ले मौकामा व्यक्त गरेका कुरा प्रमाणमा लिने प्रस्ट कानूनी व्यवस्था रहेको छ । प्रस्तुत मुद्दामा घटनाको सम्बन्धमा प्रतिवादीहरूले मौकामा गरेको बयानमा आफूहरूले नै पीडितलाई खिचापोखरीस्थित श्यान्टी गेष्ट हाउसको कोठा नं.१०८ मा करणी गरेको कुरामा साबित रहेका छन् । जाहेरवालीले पीडितको भनाइअनुसारको मौकामा जाहेरी दिएको र उक्त गेष्टहाउस सञ्चालक कल्पना पाठकले यी प्रतिवादीहरूले आफ्नो नाम थर ढाँटी एक रातको लागि कोठा बुक गरेको भनी लेखाएको कुरालाई सो गेष्ट हाउसबाट प्राप्त भएको कोठा बुक दैनिक रजिस्टरबाट देखिएको हुँदा निजको मौकाको भनाइलाई प्रमाणमा ग्रहण गर्नुपर्ने देखिन्छ । त्यसैगरी सोही ऐनको दफा १०(१) (ख) मा "सो काम, घटना वा अवस्थाबाट पीडित भएका व्यक्ति" ले मौकामा व्यक्त गरेका कुरा पनि प्रमाणमा लिने कानूनी व्यवस्था रहेको छ । यी प्रतिवादी सो गेष्ट हाउससम्म पुगेर बाहिरबाट फर्किएको भए, देख्दै नदेखेको व्यक्तिलाई पीडितले यीसमेत वारदात घटित भएको कोठामा आई आफूलाई एक पटक मात्र करणी गरेको कुरा किटान गरी आफ्नो आमालाई, अनुसन्धान अधिकृतसमक्ष गरेको निजको कागजमा लेखाउन सक्ने थिइनन् । यसरी उल्लिखित कानूनी व्यवस्थानुसार प्रतिवादीहरू, जाहेरवाला, सो गेष्ट हाउस सञ्चालकले गरेको कागज र पीडितले मौकामा गरेको कागजलाई प्रमाण ग्रहण गर्नुपर्ने ।

प्रतिवादीले पीडितको आमाले निजको जन्म मिति २०५८/१/१७ हो भनी जाहेरवालीले आफ्नो बकपत्रमा लेखाएकी हुँदा निजको उमेर यकिन गरी फैसला गर्नुपर्नेमा सो नगरी गरेको फैसला बदर गरी

सफाइ पाउँ भन्ने जिकिर सम्बन्धमा विचार गर्दा, साबिक बालन्याय कार्यविधि नियमावली, २०६३ को नियम १५ मा बालकको उमेरसम्बन्धी विवाद भएमा बाल अदालत वा बाल इजलासले निम्न कागजातको आधारमा बालकको उमेर निर्धारण गर्नु भनी (क) देखि (घ) सम्मको प्राथमिकता तोकिएको पाइन्छ। सो क्रमअनुसार सर्वप्रथम अस्पतालबाट जारी गरिएको बालकको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति,दोस्रोमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्र, तेस्रोमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्म मिति वा विद्यालयमा भर्ना हुँदाको बखत उल्लेख गरेको जन्म मिति र चौथोमा सरकारी अस्पतालबाट प्रमाणित उमेरलाई ग्रहण गर्नुपर्ने प्रस्ट कानूनी व्यवस्था रहेको पाइन्छ । पीडितको उल्लिखित बालन्याय कार्यविधि नियमावलीको नियम १५(क) र (ख) को प्रमाणपत्र नभएको हुँदा सोको (ग) बमोजिम निज विद्यालयमा भर्ना हुँदा कायम गरिएको उमेरलाई आधार लिइएको देखिन्छ । सो उमेर प्रस्तुत घटनापूर्व नै विद्यालयमा लेखाइएको हुँदा र कानूनले तोकिदिएको मापदण्डबमोजिम नै रहेको देखिँदा पीडितको उमेर १३ वर्ष कायम गरी गरेको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

प्रतिवादी राजेन्द्र परियारले यदि पीडितलाई हामी ३ जनाले सामुहिक रूपमा जबरजस्ती करणी गरेको भए घटनापछि पीडित खुसिसाथ हामीसँग गफ गर्दै काठमाण्डौको डल्लुसम्म जाने स्थिति हुने थिएन भनी लिएको जिकिरतर्फ विचार गर्दा, माथि प्रकरण ९ मा उल्लेख भएको मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं. को व्यवस्थाअनुसार पीडितको उमेर १६ वर्षभन्दा कम रहेको हुँदा निजलाई यी प्रतिवादीसमेतले करणी गरेको कुरा स्थापित भइसकेको हुँदा पीडितको मन्जुरीले करणी भएको भए पनि सो कुराको कुनै अर्थ नदेखिने।

राजेन्द्र परियारले मेडिकल रिपोर्टमा कन्याजाली च्यातिएको, Vulva को ६ o'clock मा रातोपना देखिएको र पीडितको घाँटीको दायाँपट्टि रातो डाम देखिएको भन्ने बेहोराको प्रतिवेदनबाट सामूहिक रूपमा जबरजस्ती करणीको वारदातलाई पुष्टि गर्दैन भनी लिएको जिकिर सम्बन्धमा विचार गर्दा, प्रस्तुत मुद्दाको वारदात मिति २०७४/५/४ मा भएको र पीडितको स्वास्थ्य परीक्षण घटनाको दुई दिनपछि मिति २०७४/५/६ मा भएको भए पनि Vulva को ६ O'clock को पोजिसनमा रातोपन नै देखिएको, पीडितको कन्याजाली च्यातिएकै अवस्थामा रहेको र निजको घाँटीको दायाँपट्टिको भागमा रातो डामसमेतको उक्त रिपोर्टबाट देखिएको हुँदा Vulva को ६ O'clock को पोजिसनमा मात्र रातो रही सोको अन्य पोजिसन सामान्य रहेको एउटा मात्र आधार लिई प्रस्तुत मुद्दामा माथिका प्रकरणहरूमा विवेचना गरिएका तथ्यगत आधारहरूलाई अनदेखा गरी यी प्रतिवादीले सामूहिक करणी भएको होइन भनी लिएको जिकिर स्वीकारयोग्य नदेखिने।

प्रतिवादी बिबेक परियार भन्ने राजेन्द्र दर्जीले मलाई शङ्काको भरमा कसुरदार कायम गर्न मिल्ने होइन भनी लिएको जिकिर सम्बन्धमा विचार गर्दा, वारदातको दिन डल्लुबाट पीडितसँग आफू र राजेन्द्र परियार खिचापोखरीस्थित श्यान्टी गेष्ट हाउसको कोठा नं.१०८ मा गई रक्सी र चाउचाउको खाजा खाई अर्का प्रतिवादी संजिब परियार भन्ने राजेन्द्र दर्जीलाई सो स्थानमा बोलाएको कुरा अदालतमा समेत स्वीकार गरेका छन् । त्यसैगरी अदालतको बयानमा निजले आफूले पीडितको गालामा किस गरेको कुरा पनि लेखाइदिएको पाइन्छ । यसरी एउटा केटीलाई खाजा खाने भनी सामान्य खाजा खाने रेष्टुरेन्ट अथवा खाजा पाउने ठाउँमा नलगी नाम ढाँटी गेष्ट हाउसको कोठा एक रातको लागी भनी दिउँसो बुक गरी साँझ करिब ७ बजेतिर कोठा छोडी हिँडेको कुरालाई सामान्य अर्थ गर्न सकिँदैन । उसै दिन राजेन्द्र परियारले चिनजान गराएको पीडितको गालामा किस गरेको कुराको

निजको स्वीकारोक्ति तथा माथिका प्रकरणमा विवेचना गरिएका तथ्यहरूबाट निजको प्रस्तुत मुद्दामा संलग्नता छैन भनी मान्न मिल्ने नदेखिने।

पुनरावेदक / प्रतिवादीहरू संजिव परियार भन्ने राजेन्द्र दर्जी, राजेन्द्र परियार र बिबेक परियार भन्ने राजेन्द्र दर्जीलाई आरोपित कसुर ठहर गरी काठमाडौं जिल्ला अदालतले गरेको फैसलालाई नै सदर गरेको उच्च अदालत पाटनको फैसला बदर गरी सफाइ दिलाइपाउँ भनी यस अदालतमा दायर गरेको निजहरूको पुनरावेदनपत्र र निजहरूका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग समेत सहमत हुन नसकिने।

सुरू काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरू संजिव परियार भन्ने राजेन्द्र दर्जी, राजेन्द्र परियार र बिबेक परियार भन्ने राजेन्द्र दर्जीलाई जबरजस्ती करणीको महलको १ नं. तथा ३(२) नं. अनुसारको कसुरमा ३(२) नं. बमोजिम जनही ८ (आठ) वर्ष र सोही महलको ३क नं. बमोजिम ५ (पाँच) वर्ष थप गरी जम्मा १३(तेह्र) वर्ष कैद र प्रतिवादीबाट जनही रू.२०,०००/- (बिस हजार रूपैयाँ) पीडितलाई भराइदिने गरी मिति २०७४/११/२८ मा गरेको फैसला सदर गरी उच्च अदालत पाटनबाट मिति २०७५/८/१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): नवराज जोशी
कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७७ साल असार १७ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-२५६३, ०७५-CR-२५६४, कर्तव्य ज्यान, कृष्ण पासवान वि. नेपाल सरकार, दयाशंकर पासवान वि. नेपाल सरकार*

मुलुकी ऐन, ज्यानसम्बन्धीको १३ नं.को देहाय ४ मा "जुनसुकै कुरा गरीकन पनि ज्यान मार्नामा वचन दिनेलाई वा वारदात भइरहेको ठाउँमा गई मार्नालाई संयोग पारिदिना निमित्त मर्ने मानिसको जीउमा हात हाली पक्री समातिदिनेलाई जन्मकैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा यी पुनरावेदक अभियुक्त कृष्ण पासवान वारदातस्थलमा उपस्थित रही मृतकलाई समाती दयाशंकर पासवानको आपराधिक कार्यलाई सम्पन्न गर्न संयोग मिलाइदिएको भन्ने जाहेरवाला मौकामा कागज गर्ने व्यक्तिले अदालतमा उपस्थित भई गरेको बकपत्रबाट देखिएको अवस्थामा निजलाई जन्मकैद गरी मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम निजलाई कैद १० वर्ष हुने राय व्यक्त गरी सुरू अदालतबाट भएको फैसलालाई नै सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

प्रतिवादी दयाशंकर पासवानको हकमा विचार गर्दा, मुलुकी ऐन ज्यानसम्बन्धीको १४ नं. मा "ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकीचोरीकन हानेको पनि रहेन छ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमाबाहेक साधारण लाठा, ढुंगा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पिरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । यस नं. अनुसारको सजाय गर्नलाई मनसाय तत्त्वको अभाव रहेको हुनुपर्ने, कुनै पूर्वइवी रहेको कुरा देखिन नहुने, तत्काल मौकामा उठेको रिसबाट साधारण लाठा ढुङ्गा लात, मुक्काको मात्र प्रयोग भएको हुनुपर्ने देखिन्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादीले जाहेरवालीसँग करिब १२/१३ वर्षपहिले विवाह गरी निजहरूबाट दुई छोरी र एक छोरा रहेको कुरा मिसिलबाट देखिन्छ। जाहेरवालीसँग मृतक प्रेम पासवानको प्रेम सम्बन्ध रही पछि निजहरू सँगै बस्ने गरेका रहेछन् । घटना हुँदाको समयमा जाहेरवाली मृतकसँग साथ नै रहेको देखिन्छ । यस विषयलाई लिएर प्रतिवादी दाजु दयाशंकर पासवान र मृतक

भाइ प्रेम पासवानका बिचमा वादविवाद हुने गरेको देखिन्छ । वारदातको दिन पनि दिउँसो यी प्रतिवादी दयाशंकर पासवान आई मृतक र जाहेरवालीसँग झगडा गरेको देखिन्छ । सोही साँझ पुनः आई झगडा गरी निजले फलामको लिभर र चक्कुले पटक पटक मृतकको टाउकोमा प्रहार गरेको कुरा निजकै अनुसन्धान अधिकृत र सुरू जिल्ला अदालतमा गरेको बयानबाट समेत देखिन्छ । यसरी आफ्नो श्रीमतीलाई भाइले श्रीमती तुल्याएको कारणले दुबै दाजु भाइबिच रिसइवी रहेको सोही कारणले वारदात घटित भएको र निजले मृतकलाई प्रहार गर्दा प्रयोग गरेको वस्तु साधारण लाठा, ढुंगा, लात, मुक्का इत्यादि नभई फलामको लिभर र चक्कु जोखिमी हतियार रहेको देखिन्छ । यदि आवेशमा नै आएर प्रहार गरेको अवस्थामा पनि एक दुई चोटि प्रहार गर्नुलाई स्वाभाविक मान्न सकिन्छ । तर निजले मृतकलाई जोखिमी हतियार छुरी र फलामको लिभरले टाउको जस्तो संवेदनशील अंगमा पटक पटक प्रहार गरेको कुरा सो घटना भएको प्रत्यक्ष देख्ने वादीले दयाशंकर पासवानले नै मृतक प्रेम पासवानलाई ३ पटकसम्म लिभरले हान्दा बोल्ने गर्थे पछि बोल्न पनि सकेनन् उनको मृत्यु भइसकेको रहेछ भनी अदालतमा उपस्थित भई बकपत्र गरिदिएकोबाट देखिन्छ । सो कुरालाई मिसिल संलग्न रहेको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा due to severe head injury भन्ने उल्लेख भएकोबाट यीनले आफ्नै भाइलाई क्रूर र निर्ममतापूर्वक छुरी र फलामको लिभरले २ पटक मात्र हानेको नभई पटक पटक प्रहार गरी मारेको देखिन्छ । यस अवस्थामा निजले ज्यानसम्बन्धी महलको १४नं. बमोजिम सजाय गरिपाउँ भनी लिएको जिकिर कानून र तर्कसङ्गत नदेखिने ।

प्रतिवादी दयाशंकर पासवानलाई सुरू अर्घाखाँची जिल्ला अदालतबाट सर्वस्वसहित जन्मकैदको फैसला ठहर भएकोमा सो मुलुकी ऐनलाई विस्थापित गर्न बनेको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) ले "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने कानूनी व्यवस्था गरेको छ । यसरी विद्यमान मुलुकी अपराध संहिता, २०७४ ले सर्वस्व हुने व्यवस्थाको अन्त्य गरिसकेको परिप्रेक्ष्यमा यी पुनरावेदक अभियुक्त दयाशंकर पासवानलाई सर्वस्व नगरी केवल जन्मकैद मात्र गर्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला कानूनसङ्गत नै देखिने ।

सुरू अर्घाखाँची जिल्ला अदालतबाट प्रतिवादी दयाशंकर पासवानलाई ज्यानसम्बन्धी महलको १नं. र १३(३) नं. को कसुरमा सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादी कृष्ण पासवानलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १नं. र १३(४) नं. को कसुरमा सोही १३(४) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याई अ.बं.१८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने गरी मिति २०७५।२।२७ मा भएको फैसलामा प्रतिवादी दयाशंकर पासवानलाई सर्वस्वसहित जन्मकैद गरी गरेको सजायमा केही उल्टी गरी निजलाई जन्मकैदको सजाय गरी अरूमा सुरू फैसला नै सदर गर्ने गरी उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट मिति २०७५।१०।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत (उपसचिव): नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल असार १७ गते रोज ४ शुभम् ।

## ७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-MS-००२८, अदालतको अवहेलना, सुलभ खरेलसमेत वि. त्रिभुवन विश्वविद्यालयसमेत*

निवेदकले यसै अदालतमा विचाराधीन रहेको ०७५-WO ११९४ नं को रिट निवेदनमा यस अदालतबाट मिति २०७६।२।३ मा भएको अन्तरिम आदेशनुसारको कार्य विपक्षीहरूले नगरेको भन्ने

दाबी लिएको पाइन्छ । उक्त रिट निवेदन आजै यस अदालतबाट खारेज हुने गरी फैसला भएकोले सो रिटको जरियाबाट उत्पन्न भएको प्रस्तुत निवेदनको औचित्य र सान्दर्भिकतासमेत स्वतः समाप्त भएको ।

तथापि यस अदालतबाट मिति २०७६।२।३ मा विपक्षीहरूका नाममा भएको आदेशानुसारको कार्य गर्नको लागि नेपाल ल क्याम्पसका सहायक क्याम्पस प्रमुख नविनकुमार सुब्बाको संयोजकत्वमा मिति २०७६।२।७ मा ७ दिनभित्रै मिति २०७६।२।१० मा प्रतिवेदन पेस गर्ने गरी समिति गठन गरिएको भन्ने सबै विपक्षीहरूको लिखित जवाफसाथ सो छानबिन समितिको प्रतिवेदनको प्रतिलिपिसमेत पेस गरेको देखिँदा सो अन्तरिम आदेससमेत कार्यान्वयन भइसकेको अवस्थामा प्रस्तुत अवहेलनाको निवेदनबमोजिम विपक्षीहरूलाई कारबाही गरिपाउँ भन्ने निवेदन तथा निजका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहससँग सहमत हुन नसकिने ।

अतः त्रिभुवन विश्वविद्यालयले यस अदालतबाट ०७५-WO १११४ नं को रिट निवेदनमा मिति २०७६।२।३ । मा भएको आदेशानुसारको कार्य सम्पन्न गरी सो आदेशको परिपालना गरेकै देखिँदा अदालतको अवहेलना नठहर्ने भई प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत (उपसचिव): नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल चैत्र ३ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७२-CI-०९९५, निषेधाज्ञा, नवलकिशोर झा वि. राजकिशोर झा*

पुनरावेदक तथा विपक्षीले बन्डापत्र गर्दाको अवस्थामा नै निजहरूले बन्डामा परेको जग्गाको दक्षिणतर्फबाट निजहरूले मात्र प्रयोग गर्न पाउने गरी निजी बाटो भनी स्वीकार गरी निकास कायम गरेको परिप्रेक्ष्यमा पुनरावेदकले आफ्नो हिस्सामा परेको जग्गाको दक्षिणतर्फबाट विपक्षी राजकिशोर झालाई प्रयोग गर्न नदिनु विबन्धनको सिद्धान्तसमेत विपरीत हुन जाने देखिएको ।

मिति २०५४।४।२७ को अंशबन्डा तथा मिति २०७१।११।१ को नक्सा मुचुल्काबाट पनि साबिक कि.नं.७६ को जग्गाको दक्षिणपट्टि ९ फिट निजी बाटो रहेको प्रस्ट रूपमा देखिँदा विपक्षी नवलकिशोर झाले निजी बाटोमा बालुवा, गिटी राखी निकास बन्द गर्ने तथा आँपका स-साना बोट बिरूवा रोपी राजकिशोर झाको घरको पानीको निकास बन्द गर्ने गराउने कार्य कानूनसम्मत नदेखिएकाले नवलकिशोर झाको पुनरावेदन जिकिर र निजको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अत: बन्डापत्रमा उल्लेख भएको ९ फिटको निजी बाटोको निकास नवलकिशोर झाले दिनुपर्नेमा सो नगरी निजी बाटोलाई अवरोध हुने गरी बिरूवा लगाउने, माटो र इँटासमेत थुपार्ने निजको उक्त कार्य कानून विपरीत रहेकोले साबिक कि.नं.७६ को जग्गाको दक्षिणतर्फबाट रहेको ९ फिटको निकास बाटोलाई खुल्ला राख्नु र निकास बन्द नगर्नु नगराउनु भनी विपक्षी नवलकिशोर झाको नाममा निषेधाज्ञाको आदेश जारी हुने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।१२।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतद्वय: नवराज जोशी, श्रद्धा विष्ट

कम्प्युटर: कृष्णमाया खतिवडा(सुस्मिता)

इति संवत् २०७७ साल माघ ९ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CI-०३१२, लिखत दर्ता बदर, यज्ञप्रसाद शर्मा वि. पार्वती देवी थापासमेत*

प्रस्तुत मुद्दामा रूपाकुमारीले प्रतिवादी यज्ञप्रसाद शर्मालाई विवादित जग्गा बिक्री गर्दा सगोलका अंशियारको मन्जुरी लिएको देखिँदैन । साथै उक्त जग्गा रूपाकुमारीले आफूखुस गर्न पाउने हो कि

होइन भन्ने सम्बन्धमा विचार गर्दा, कुनै अंशियारले ज्ञान वा सिप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा मुलुकी ऐन, स्त्री अंशधनको महलको ५ नं. बमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति स्वआर्जन गर्ने वा पाउने अंशियारीको निजी ठहरी आफूखुस गर्न पाउने कानूनी व्यवस्था भएको पाइन्छ । रूपाकुमारीले उक्त विवादित जग्गा स्वआर्जनबाट खरिद भएको वा आफूखुश गर्न पाउने अचल सम्पत्ति थियो भन्ने कुराको पुष्टि हुने कुनै प्रमाण पेस भएको मिसिलमा देखिँदैन । रूपाकुमारीले उक्त जग्गा निजी आर्जनबाट खरिद भएको थियो भन्ने किसिमको कुनै आयस्रोतको प्रमाणसमेत देखिएन । यसरी रूपाकुमारीले जग्गा खरिद गर्दाको स्रोत देखाउन नसकेको अवस्था र उक्त जग्गा आफूखुस गर्न पाउने अचल सम्पत्ति भएको भन्ने विश्वसनीय प्रमाण नभएको कारण उक्त जग्गा सगोलको सम्पत्ति भएको मान्नुपर्ने देखियो। यसरी सगोलको देखिएको सम्पत्ति बिक्री गर्दा उक्त जग्गाको अंश हक लाग्ने अंशियारहरूको मन्जुरी लिनुपर्नेमा प्रतिवादी रूपाकुमारी थापामगरले त्यस्तो मन्जुरी लिएको र निजको आफूखुस गर्न पाउने अचल सम्पत्तिसमेत भएको नदेखिने।

वादीले फिरादपत्र मिति २०६६।८।५ मा पारित भएको लिखतका बारेमा मिति २०६७।७।२४ मा सुनी थाहा पाएको र मिति २०६७।८।१७ मा लिखतको नक्कल लिएको बेहोरा उल्लेख गरी मिति २०६७।८।२३ मा फिरादपत्र दर्ता गरेको देखियो । मिति २०६७।७।२४ मा सुनी थाहा पाएको भन्ने फिरादपत्रमा उल्लेख भएको बेहोरालाई प्रतिवादीबाट खण्डन गरी उक्त मितिमा लिखतका बारेमा थाहा पाउने अवस्था थिएन भनी जिकिरसम्म लिन सकेको देखिएन । यस्तो अवस्थामा वादीले फिरादमा उल्लेख गरेबमोजिमको सुनी थाहा पाएको मितिलाई कायम गर्दा उल्लिखित लेनदेन व्यवहारको १० नं. को कानूनी व्यवस्थाबमोजिमको फिरादपत्र म्यादभित्र परेको देखिन आयो। यसरी कानूनबमोजिम फिराद हदम्यादभित्र नै परेको र सगोलको सम्पत्ति अंशियारको मन्जुरी लिई बिक्री भएको जग्गाको लिखत दर्ता बदर गर्ने गरी सुरू रूपन्देही जिल्ला अदालतले गरेको फैसलालाई पुनरावेदन अदालत बुटवलबाट सदर गर्ने गरी भएको फैसला अन्यथा नदेखिने।

अतः दिने रूपाकुमारी थापामगर लिने यज्ञप्रसाद शर्मा भई मिति २०६६।८।५ मा र.नं. १४१६ बाट पारित लिखत ५ भागको ४ भाग बदर भई बाँकी १ भागमा पनि वादी भिष्मकुमार थापामगरको हक लाग्नेमा सोमध्येबाट ५ भागको १ भाग लिखत बदर हुने तथा वादी भिष्मकुमार थापाको भागमा आउने ५ भागको ४ भाग प्रतिवादी रूपाकुमारी थापा मगर र निजका नाबालिग छोराछोरीको हकमा बिक्री गरेको लिखत सदर हुने तथा नाबालिगहरूको हकको समेत लिखत बदर हुनुपर्ने भन्ने हदसम्मको वादी दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६९।२।१६ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।३।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): शिवबहादुर थापा

कम्प्युटर: कृष्णमाया खतिवडा

**इति संवत् २०७७ साल माघ २० गते रोज ३ शुभम्।**

## इजलास नं.२

### १०

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-CR-१९८५, जबरजस्ती करणी, सुमन नेपाली वि. नेपाल सरकार*

खैनी खाने बानी परेकी बोल्न नसक्ने परिवर्तित नाम सगरमाथा J अपाङ्ग महिलाले खैनी माग गर्दा नियतवश त्यहाँ अन्य कोही मानिस नभएको मौका पारी पैसा देखाइ कोठामा लगी ढोकाको चुकुल लगाई जबरजस्ती करणी गरेकोमा यी पुनरावेदक

प्रतिवादी सुमन नेपाली मौकामा आरोपित कसुरमा साबित भई बयान गरेको, पीडितको बहिनी परिवर्तित नाम सगरमाथा I ले घटनाको स्पष्ट विवरण उल्लेख गर्दै किटानी जाहेरी दिएको र सोही जाहेरी बेहोरालाई समर्थन हुने गरी निजले बकपत्र गरिदिएको, त्यसैगरी मौकामा बुझिएका मानिस तथा स्वयम् पीडितले अदालतमा आई मौकाको कागजमा उल्लेख भएको बेहोरालाई समर्थन गर्दै बकपत्रसमेत गरेको अवस्थामा यी प्रतिवादी सुमन नेपालीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५(पाँच) वर्ष कैद गरी पीडित (ख) वर्गको अपाङ्गता भएको व्यक्ति भन्ने देखिएकोले निज प्रतिवादीलाई ऐ. ३(क) नं. बमोजिम थप ५(पाँच) वर्ष कैद सजाय हुने साथै पीडितले प्रतिवादीबाट ऐ. १० नं. बमोजिम रू.५०,०००।- (पचास हजार रूपियाँ) क्षतिपूर्ति भराइलिन पाउने ठहर्‍याई सुरू अदालतबाट भएको फैसला सदर गरी उच्च अदालत विराटनगर, ओखलढुङ्गा इजलासबाट भएको फैसला मनासिब देखिएको।

अत: यी पुनरावेदक प्रतिवादी सुमन नेपालीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५(पाँच) वर्ष कैद गरी पीडित (ख) वर्गको अपाङ्गता भएको व्यक्ति भन्ने देखिएकोले निज प्रतिवादीलाई ऐ. ३(क) नं. बमोजिम थप ५(पाँच) वर्ष कैद सजाय हुने साथै पीडितले प्रतिवादीबाट ऐ. १० नं. बमोजिम रू.५०,०००।- (पचास हजार रूपियाँ) क्षतिपूर्ति भराई लिन पाउने ठहर्‍याएको उच्च अदालत विराटनगर, ओखलढुङ्गा इजलासको मिति २०७५।०६।०१ को फैसला माथि प्रकरण प्रकरणमा उल्लेख भई विवेचनासमेत भएका आधार एवम् कारणसमेतबाट मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७८ साल पौष १८ गते रोज १ शुभम्।

- यसै लगाउको ०६८-CI-०११७, चर्पी घर उठाई, मन्जुदेवी मण्डल वि. मधुसुदन उपाध्याय भएको मुद्दामा पनि यसै अनुसार फैसला भएको छ।

**११**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-CR-०७४०, कर्तव्य ज्यान डाँका चोरी, प्रल्हाद भन्ने सागर प्रसाई वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा प्रतिवादीले मौकामा बयान गर्दा वारदातभन्दा १ महिनाअगाडि मृतकसँग झगडा गरी प्रहरीको नियन्त्रणमा परेको र अदालतको बयानमा पनि मृतकले प्रतिवादीको प्रेमिका र प्रतिवादीलाई गाली गरेको कारण पूर्वरिसइवी रहे भएको भन्ने खुलाई बयानमा लेखाएको देखिन्छ भने सोही पूर्व रिसइवीको कारण मृतकलाई मार्ने योजना बनाइराखेको र मिति २०७१।४।२५ गते राति मृतकलाई फलामको खलले तीन पटकसम्म प्रहार गरी क्रूरतापूर्वक हत्या गरेको र आफू भागी फरार भएको भन्ने मिसिल प्रमाणहरूबाट पुष्टि हुन आएको देखिन्छ। यसरी मृतकसँग पूर्वरिसइवी भई, मार्ने योजना बनाई मृतक सुतिरहेको अवस्थामा दायाँ कानमाथि टाउकोजस्तो संवेदनशील भागमा फलामको खलले पटकपटक प्रहार गरी हत्या गरेको कार्य भवितव्य हो भन्न मिल्ने नदेखिँदा प्रस्तुत वारदातलाई भवितव्य ठहर गरी कमभन्दा कम सजाय गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: प्रतिवादी प्रल्हाद भन्ने सागर प्रसाईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र चोरीतर्फको अभियोग दाबीबाट सफाइ पाउने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरी उच्च अदालत पाटनबाट मिति २०७४।०२।०२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। साथै प्रतिवादीले मृतकलाई मार्नेसम्मको मनसाय राखी, पूर्वयोजना बनाई फलामको खलले तीन पटकसम्म प्रहार गरी क्रूरतापूर्वक भएको हत्यामा तत्कालीन मुलुकी ऐन, अ.बं. १८८ नं. को प्रयोग गरी राय व्यक्त गर्न सक्ने

अवस्था नदेखिएको हुँदा सुरू जिल्ला अदालतले यी प्रतिवादीलाई ९(नौ) वर्ष कैद सजाय गर्ने गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गरेकोमा उच्च अदालत पाटनबाट उक्त राय बदर गरेकोसमेत मिलेकै देखियो। निज प्रतिवादीलाई के कति सजाय हुने भन्ने सम्बन्धमा प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा “कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन” भन्ने कानूनी व्यवस्था भएकोले प्रतिवादी प्रल्हाद भन्ने सागर प्रसाईलाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्व हुने गरी सजाय गर्न मिल्ने देखिन आएन। यसरी सर्वस्वको सजाय गर्न नहुने भनी गरेको वर्तमान कानूनी व्यवस्थाअनुसार निज प्रतिवादीलाई जन्म कैदसम्मको सजाय हुने।

इजलास अधिकृत: मञ्जु शर्मा

कम्प्युटर: समी नेपाली

इति संवत् २०७८ साल असोज ५ गते रोज ३ शुभम्।

**१२**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-WH-०११२, बन्दीप्रत्यक्षीकरण, कालिया भन्ने काली सहनीको हकमा कृष्णकुमार भट्टराई वि. रौतहट जिल्ला अदालत, गौरसमेत*

निवेदकलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ बमोजिम अधिकतम एक लाख चालिस हजार रूपियाँसम्म मात्र जरिवाना हुन सक्ने देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१ बमोजिम दैनिक रू.३००।- का दरले हुने रू.१,४०,०००।- (एक लाख चालिस हजार रूपियाँ) जरिवानाबापतको कैदसमेत भुक्तान भइसकेको देखिँदा अन्य कुनै मुद्दाबाट थुनामा राख्नु नपर्ने भए उल्लिखित मुद्दाको हकमा थुनाबाट मुक्त गरिदिनु भनी रौतहट जिल्ला अदालतको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको।

इजलास अधिकृत: लक्ष्मी राना

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७८ साल फागुन ४ गते रोज ४ शुभम्।

**१३**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-RC-००२०, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामलाल तामाङसमेत*

जाहेरी बेहोरा, प्रतिवादीहरूको मौकाको तथा अदालतसमक्ष गरेको साबिती बयान, जाहेरवालाहरूको बकपत्र, घटना विवरण कागजका मन्दिरा खतिवडा, बैकुण्ठ खतिवडा, रामकृष्ण महत, रामहरि आचार्य, केदार ओझाले मौकामा लेखाइदिएको बेहोरा तथा सोही बेहोरा समर्थन हुने गरी निजहरूले अदालतसमक्ष गरिदिएको बकपत्रसमेतबाट प्रतिवादीहरूले मृतक चनमतीको गहना, पैसा चोरी गर्ने सल्लाह गरी सोहीबमोजिम सुतिरहेकी मृतक चनमतीलाई घाँटी थिची मारी निजको गहना, नगद पैसासमेत लिई मृतक मरिसकेपछि प्रतिवादी रामलाल तामाङले लाए अराएबमोजिम प्रतिवादी निरज तामाङले मृतकलाई करणी गरी दुवै प्रतिवादीहरूले ज्यानसम्बन्धी महलको १३(३) नं., जबरजस्ती करणीको महलको ३(५) र ६ नं. तथा चोरीको महलको १, ४ र १२ नं. बमोजिम कसुर गरेको पुष्टि हुन आएको देखिँदा निजहरूलाई अभियोग दाबीबमोजिम सजाय गर्नेसमेत ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७१।२।२० को फैसला मनासिब नै देखिएको।

अतः प्रतिवादी निरज तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद र जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ७(सात) वर्ष थप कैद एवम् निजहरूले चोरीसमेत गरेको ठहरेकाले चोरीको महलको १४(२) नं. बमोजिम डेढ महिना कैद र रकम रू.४९,३७७ ।- जरिवाना गरी उक्त जरिवानाबापत समेत कैद हुने र निजबाट

जाहेरवालालाई रू.५०,०००।- क्षतिपूर्तिसमेत भराइदिने तथा प्रतिवादी रामलाल तामाङलाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैद र जबरजस्ती करणीको महलको ६ नं. बमोजिम ३ वर्ष ६ महिना कैद एवम् चोरीको महलको १४(२) नं. बमोजिम डेढ महिना कैद र रू.४९,३७७ ।- जरिवाना गरी उक्त जरिवानाबापतसमेत कैद हुने र दुवै प्रतिवादीहरूबाट बरामद भएको धनमालको बिगो कटाई नपुग बिगो जाहेरवालाले भराइपाउने ठहऱ्याएको धादिङ जिल्ला अदालतको मिति २०७०।२।२० को फैसला सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७१।२।२० भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत : भगवती शर्मा ढुंगाना

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७८ साल असोज ११ गते रोज २ शुभम्।

**१४**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-०२०२, कर्तव्य ज्यान, रणबहादुर भन्ने रनबहादुर सुनार वि. नेपाल सरकार*

प्रतिवादीलाई उच्च अदालत सुर्खेतले अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्षको कैदको सजाय हुन राय लगाएउपर मात्र चुनौती दिई रायमा उल्लिखित सजायभन्दा कम सजाय गरिपाउँ भनी पुनरावेदन गर्ने अधिकार प्रतिवादीसँग रहे भएको नदेखिने ।

अब यी पुनरावेदक प्रतिवादीलाई अभियोजन दाबीबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिएकोले अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुन उच्च अदालत सुर्खेतबाट राय व्यक्त भएको सम्बन्धमा विचार गर्दा, मृतक बुवा अम्मरबहादुर सुनारले पहिले देखि नै पिताले गर्नुपर्ने कर्तव्य र जिम्मेवारी पूरा नगरी घरपरिवारलाई दु:ख दिने, अनुचित कार्य गरी शारीरिक र मानसिक यातना दिने गर्दै आएकोमा मिति २०७४।०३।११ गते आमालाई कुटपिट गरी घरबाट निकाला गरेका कारण मृतकको व्यवहारबाट आजित भएर निजलाई समाप्त पारे वर्षौंदेखिको शारीरिक तथा मानसिक यातनाबाट छुटकारा पाई सुख र शान्ति मिल्छ भन्ने ठानी छोरा प्रतिवादी रणबहादुर भन्ने रनबहादुर सुनारले चक्कु हानी आफ्नो बुबा अम्मरबहादुर सुनारको हत्या गरेको देखियो । साथै घरको कमाउने व्यक्ति निज प्रतिवादी मात्र भई अन्य परिवारलाई पालनपोषण गर्ने जिम्मेवारी निजमा नै रहेको र निज प्रतिवादी मौकामा तथा अदालतसमक्ष समेत कसुरमा पूर्णत: साबिती भई न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएकोसमेतका कसुर गर्दाको अवस्था र परिस्थितिसमेतलाई विचार गर्दा, यी पुनरावेदक रणबहादुर भन्ने रनबहादुरलाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको सजाय गर्दा, न्यायपूर्ण नभई चर्को पर्ने देखिँदा उच्च अदालत, सुर्खेतबाट मिति २०७४।१२।०४ मा प्रतिवादी रनबहादुर सुनारलाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम कसुर गरेको ठहर गरी निजलाई ऐ.ऐ. १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई तथा मुलुकी ऐन, अदालती बन्दोबस्त १८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने राय प्रस्ताव गरेको सुरू सुर्खेत जिल्ला अदालतको मिति २०७४।०७।१९ को फैसला सदर गरी उच्च अदालत, सुर्खेतबाट मिति २०७४।१२।०४ मा भएको रायसहितको फैसला मिलेकै देखिन आएको ।

अतः मुलुकी अपराध संहिता जारी भएपछि सर्वस्वको प्रावधान हटेको हुँदा प्रतिवादी रणबहादुर भन्ने रनबहादुर सुनारलाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम जन्मकैदको सजाय हुनेमा अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष मात्र कैद सजाय गर्ने राय व्यक्त भएको उच्च अदालत, सुर्खेतको मिति २०७४।१२।०४ को फैसला मनासिब देखिँदा रायसहित सदर हुने ।

इजलास अधिकृत: लक्ष्मी राना

इति संवत् २०७७ साल मङ्सिर २८ गते रोज १ शुभम्।

## १५

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-RC-००२७, कर्तव्य ज्यान, नेपाल सरकार वि. शान्ता पुन*

घटनाको बारेमा मिति २०७२।१०।६ गते बिहान ८:०० बजे थाहा पाएको, तत्काल करेन्ट लागेर मरेको भनी हल्ला भएकोमा गाउँका मानिसले घटनास्थलमा लास हेर्दा करेन्ट लागेको जस्तो नदेखिएकोले तुरून्त प्रहरीलाई खबर गरिएको तथा बच्चालाई मार्नुपर्ने भएर योजनाका साथ मारेको भनी प्रतिवादीले तत्काल प्रहरी सामु स्वीकार गरेकी थिइन् भनी एकै मिलान बेहोराको लालबहादुर पुन, निमकला पुन, ताराबहादुर पुन र सरिता पुनले घटना विवरण कागज गरेको देखियो । उक्त घटना विवरण कागजको बेहोरा समर्थन हुने गरी प्रतिवादी शान्ता पुनले जेठो छोरा बिबेकलाई खानामा विष मिलाएर ख्वाएकी र कान्छो बिक्रमलाई घाँटी च्यापेर मारेको थाहा भएको भनी निमकला पुन, सरिता पुन र ताराबहादुर पुनसमेतले अदालतसमक्ष बकपत्र गरेको देखियो । जाहेरी दरखास्त, लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, मौकामा कागज गरी अदालतसमक्ष गरेको बकपत्र र प्रतिवादीको अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष कसुरमा साबित भई गरेको बयानसमेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी शान्ता पुनले आफ्नो सौतेनी छोराहरू मृतक बिबेक र बिक्रम पुनलाई कर्तव्य गरी मारेको तथ्य पुष्टि हुन आएको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) र १३(३) नं. को कसुरमा सोही नं. बमोजिम जन्मकैदको सजाय गर्ने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला अन्यथा नदेखिने ।

अत: प्रतिवादी शान्ता पुनले आफ्ना सौतेनी छोराहरू बिबेक पुन र बिक्रम पुनलाई कर्तव्य गरी मारेको तथ्य पुष्टि भएको देखिँदा प्रतिवादी शान्ता पुनलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) र १३(३) नं. को कसुरमा ऐ. महलको १३(२) र १३(३) नं. तथा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको हदसम्म सुरू फैसला सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७६।०२।०७ को फैसला मिलेको देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: शारदा फुयल (उपसचिव)
कम्प्युटर: हर्कमाया राई
इति संवत् २०७७ साल फागुन २१ गते रोज ६ शुभम् ।

## १६

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-RC-००४०, कर्तव्य ज्यान, नेपाल सरकार वि. दावा तेन्जी शेर्पा*

प्रतिवादी दावा तेन्जी शेर्पाले मृतक सोनाम फुर्वा शेर्पाको टाउको जस्तो संवेदनशील अंगमा काठको चिरपट दाउरा र आग्लोले पटकपटक प्रहार गरेको कारण गम्भीर चोट लागी सोही चोटका कारण निजको मृत्यु भएको भन्ने तथ्य मौकाको जाहेरी दरखास्त, प्रतिवादीले मौकामा तथा अदालतसमक्ष गरेको साबिती बयान, मौकाको घटना विवरण कागज, घटना विवरण कागज गर्ने व्यक्तिहरू तथा जाहेरवालाले अदालतसमक्ष गरेको बकपत्र, वस्तुस्थिति मुचुल्का, शव परीक्षण प्रतिवेदन, शव परीक्षण गर्ने चिकित्सकसमेतको बकपत्रसमेतबाट पुष्टि हुन आएको देखिँदा निज प्रतिवादीलाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसुर ठहर गरी निजको उमेर १७(सत्र) वर्ष देखिएकोले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम १३(तेह्र) वर्ष ४(चार) महिना कैद हुने ठहऱ्याई उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

अत: उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट सुरू सोलुखुम्बु जिल्ला अदालतको मिति २०७६।०२।२७ को फैसला केही उल्टी गरी प्रतिवादी दावा तेन्जी शेर्पालाई तत्कालीन

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुरमा सोही महलको १३(३) नं तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम १३(तेह्र) वर्ष ४(चार) महिना कैद हुने र मुलुकी अपराध संहिता, २०७४ ले सर्वस्वको सजाय नहुने व्यवस्था गरेको हुँदा प्रतिवादीलाई सर्वस्वको सजाय नहुने ठहऱ्याई उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट मिति २०७६।०८।१२ मा भएको फैसला मनासिब नै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: शारदा फुयल (उपसचिव)

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७७ साल फागुन २१ गते रोज ६ शुभम्।

## इजलास नं.३

### १७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७८-WH-००५६, *बन्दीप्रत्यक्षीकरण, २१ जलेश्वर ०७७ कुमार मनिको हकमा अजय शंकर झा "रूपेस" वि. महोत्तरी जिल्ला अदालत*

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने सन्दर्भमा परिवर्तित नाम २१ जलेश्वर ०७७ कुमार मनिलाई पुर्पक्षका लागि बालसुधार गृहमा राख्ने गरी महोत्तरी जिल्ला अदालतबाट मिति २०७८।१।२३ मा भएको थुनछेक आदेश र सो आदेशलाई सदर गर्ने गरी उच्च अदालत जनकपुरबाट मिति २०७८।५।३ गते भएको थुनछेक आदेश बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(२)(ख) तथा दफा ३६(२) र ३६(७) विपरीत देखिई नमिलेकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: राजकुमार आचार्य

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ आश्विन १९ गते रोज ३ शुभम्।

### १८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-WO-०७६२, परमादेश, प्रकाश मण्डल वि. गृह मन्त्रालय सिंहदरबारसमेत*

नेपालमा जन्म भई स्थायी रूपमा नेपालमा बसोबास गरी आएका प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक संवैधानिक रूपमै प्राप्त भई आएको र सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा त्यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भन्ने संवैधानिक व्यवस्थाबमोजिम यी रिट निवेदकलाई पनि पहिचानविहीन अवस्थामा राख्न मिल्ने नदेखिने।

निवेदकका बाबु निवेदकले पेस गरेको निजको जन्मदर्ताको प्रमाणपत्रका आधारमा भारतीय नागरिक रही बेपत्ता भएको देखिन आएकाले निजले सङ्घीय कानूनबमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्ने संवैधानिक व्यवस्था रहे भएको देखिँदा नेपाल नागरिकता ऐन, २०६३ को कानूनी व्यवस्था हेर्नुपर्ने।

नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (२) मा **"उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गर्ने नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानको हकमा दफा ५ को उपदफा (२) बमोजिम हुने छ"** भन्ने उल्लेख भएको छ भने दफा ५ को उपदफा (२) मा **"विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिएबमोजिम अङ्गीकृत नागरिकता प्रदान गर्न सकिने छ"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ।

नेपाल नागरिकता ऐन, २०६३ को दफा ३

को उपदफा (२) र दफा ५ को उपदफा (२) को कानूनी व्यवस्थाको आधार प्रमाणसमेतबाट रिट निवेदक नेपालमा जन्म भई नेपालमा नै स्थायी रूपमा बसोबास गरी आएको, निजकी आमा नेपालको नागरिकता प्राप्त नेपाली नागरिक रहे भएको, निजले विदेशी मुलुकको नागरिकता लिएको भन्ने नदेखिएको, निजको बाबु भारतीय नागरिक (बेपत्ता) रहेको र यी निवेदकले आवश्यक कानूनी प्रक्रिया पूरा गरी कानूनबमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्ने नै अवस्था देखिने।

अतः निवेदकलाई पहिचान विहीन बनाउन नहुने भएको हुँदा अङ्गीकृत नागरिकताका लागि आवश्यक प्रमाणसमेत पेस गरी माग गरेमा सिफारिश दिनेसमेतका कार्य गर्नु, गराउनु र नेपालको अङ्गीकृत नागरिकता उपलब्ध गर्नु गराउनु भनी परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः खुमप्रसाद भण्डारी

इति संवत् २०७७ साल असार १५ गते रोज २ शुभम्।

**१९**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-२४३९, लागु औषध, नेपाल सरकार वि. मुन्ना भन्ने साहुसेन मियाँसमेत*

निज प्रतिवादी साहुसेन मियाँले अधिकार प्राप्त अधिकारीसमक्ष अभियोग दाबीको कसुरमा साबित रहेका सह-प्रतिवादी शेराज आलम आफूसमेत कसुरमा साबित भई निजलाईसमेत पोल गरी मौकामा बयान कागज गरेका र बरामद भएको ना.३.ख.६३८० नं.को ट्रक निजले मिति २०७१/०४/२१ मा विजेन्द्रप्रसाद गुप्ताबाट खरिद गरेको भन्ने तथ्य दे.नं. ११६० को सर्तबमोजिमको रकम दिलाइपाउँ भन्ने मुद्दामा पर्सा जिल्ला अदालतबाट मिति २०७४/०३/०७ मा भएको फैसलाको निष्कर्षले प्रमाणित गरेको हुँदा बरामद भएको ट्रक मेरो होइन। मैले साहेब अन्सारीलाई बेचिसकेको हो भनी निजले देखाएको घरसारको कागजलाई आधार मानी अन्यथा हो भन्न मिल्ने देखिएन। बरामदी दशी २०१ किलोग्राम चरेस सोही ट्रकबाट बरामद भएको र आफूसमेत भई सो चरेस ओसारपसार गरेको भनी शेराज आलमले निजलाईसमेत पोल गरेकोसमेतका सङ्कलित सबुद प्रमाणहरूको मूल्याङ्कनको रोहबाट निज प्रतिवादी साहुसेन मियाँलाईसमेत कसुरदार ठहऱ्याएको देखिन आउने।

प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले कुन कुन तत्त्वको विद्यमानतामा अपराध गरेका हुन् र बढी सजाय गर्नुपर्ने भनी अभियोगपत्र र पुनरावेदनमा समेत खुलाउन नसकेको अवस्थामा उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जमा भएको तजबिजी अधिकारको प्रयोग गरी गाँजाको वर्गमा पर्ने चरेसको मात्रालाई समेत आधार मानी स्पष्टीकरणमा उल्लिखित अपराधको गम्भीरता बढाउने तत्त्वहरूको विद्यमानताको अभावमा गरेको फैसलालाई अन्यथा मान्नुपर्ने नदेखिने।

तसर्थ, कसुर गरेबापतको सजाय दुई वर्षदेखि दश वर्षसम्म कैद र पन्ध्र हजार रूपियाँदेखि एक लाख रूपियाँसम्म जरिवाना हुने कानूनी व्यवस्था भएको कसुरमा प्रतिवादी साहुसेन मियाँ र प्रतिवादी शेराज आलमलाई तजबिजी सजाय जनही ३ वर्ष २ महिना १८ दिन कैद र रू.५०,०००।– रूपियाँ जरिवाना गर्ने गरेको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७५/१०/२९ मा भएको फैसला मनासिब नै देखिन आउने।

कसुरदार ठहरेका प्रतिवादी मुन्ना भन्ने साहुसेन मियाँलाई ५ वर्ष कैद र एक लाख रूपियाँ जरिवाना हुने गरी सुरू अदालतबाट फैसला भएको देखिन्छ । त्यस्तै प्रकृतिका अर्का प्रतिवादी शेराज आलमलाई ३ वर्ष २ महिना १८ दिन कैद सजाय हुनेगरी सुरू अदालतबाट भएको फैसलाउपर वादी नेपाल सरकारको पुनरावेदन नपरेको र वारदातको प्रकृति बरामदी दशीको मात्रा एवम् कसुरदारको कसुरमा संलग्न रहेको पहिलो पटकको कसुरसमेतको अवस्थाका आधारमा ऐनबमोजिम हुन सक्ने सजायमा

निज मुन्ना भन्ने साहुसेन मियाँलाईसमेत शेराज आलमलाई भएसरहको तजबिजी ३ वर्ष २ महिना १८ दिनको कैद सजाय गर्नु मनासिब देखिन आयो। बरामदी दशीको मात्रा र कसुर गर्दाको प्रकृतिसमेतका आधारमा हेर्दा ऐनबमोजिम हुन सक्ने जरिवानाको उपल्लो हद रू.१,०००००।- नै जरिवाना गर्नु न्याय सँगत देखिँदैन। निजहरू दुबै जनालाई ऐनबमोजिम हुन सक्ने जरिवानामा तजबिजी जरिवाना रू.५०,०००।– निज प्रतिवादीहरूलाई जनही जरिवाना हुने गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७५/१०/२९ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

प्रतिवादी विजेन्द्रप्रसाद गुप्ताको हकमा अधिकारप्राप्त अधिकारीसमक्ष कागज गर्दा सहप्रतिवादी शेराज आलमले पोल गरेको बाहेकको अरू कुनै प्रमाण निजका विरूद्ध लाग्ने प्रमाण सङ्कलित हुन सकेको छैन। सहप्रतिवादीले मौकाको बयानमा गरेको पोल अन्य कुनै स्वतन्त्र प्रमाणबाट पनि समर्थित हुनुपर्छ अन्यथा मौकामा पोल गरेको बयान कागजका आधारमा मात्र कसुरदार ठहर गर्न मिल्दैन। साबिकमा बरामद भएको ट्रक निजको भए पनि वारदातको समयअगाडि सो ट्रक साहुसेन मियाँलाई बेचिसकेको भन्ने सम्बन्धमा प्रमाण पेस गरेको देखिन्छ। यिनै प्रतिवादी विजेन्द्रप्रसाद गुप्ता वादी र साहुसेन मियाँ प्रतिवादी भएको २०७१ सालको सा.दे.नं.११६० को सर्तबमोजिम दायित्व पूरा गराइपाउँ भन्ने मुद्दा परी फिराद दाबीअनुसार विपक्षी साहुसेन मियाँलाई ट्रक बिक्री गर्ने प्रयोजनको लागी वादी बिजेन्द्रप्रसाद गुप्ताले प्रतिवादी साहुसेन मियाँबाट रू.५,००,०००।– (पाँच लाख रूपियाँ) भराइ लिनपाउने ठहरी सुरू पर्सा जिल्ला अदालतबाट मिति २०७१/०४/२१ मा फैसला भएकोमा सो फैसलाउपर प्रतिवादी साहुसेन मियाँको पुनरावेदन परी सुरू फैसला सदर हुने ठहरी पुनरावेदन अदालत हेटौंडाबाट २०७२/१२/०१ मा फैसला भई उक्त फैसला अन्तिम भई बसेको देखिन आएको हुँदा यी प्रतिवादी बिजेन्द्रप्रसाद गुप्ताले ना. ३ ख ६३८० नं. को ट्रक साहुसेन मियाँलाई बिक्री गरिसकेको देखिन्छ। बरामदी मुचुल्का निजको रोहबरमा नभएको र अन्य कुनै प्रमाणबाट अभियोग दाबी अनुसारको कसुरमा निजको संलग्नता रहेको भन्ने नदेखिएकोले अभियोग दाबीबमोजिमको कसुरबाट निजलाई सफाइ दिने गरी सुरू बारा जिल्ला अदालतबाट मिति २०७४/०३/०७ मा भएको फैसला सदर हुने ठहरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७५/१०/२९ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

अतः प्रतिवादी विजेन्द्रप्रसाद गुप्ताउपरको अभियोग दाबी पुष्टि हुन नसकेकोले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादी शेराज आलमबाट बरामद भएको लागु औषध (चरेस) ओसारपसार गर्ने कार्यमा संलग्न भएको तथ्य पुष्टि हुन आएको निज प्रतिवादी शेराज आलमलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(घ) (५) बमोजिम ३ वर्ष २ महिना १८ दिन कैद हुने र लागु औषध ओसारपसार गर्न प्रयोग भएको बरामदी ना.३ख. ६३८० को ट्रक सोही ऐनको दफा १८ बमोजिम जफत हुने ठहरी मिति २०७४/०३/०७ मा भएको फैसला र प्रतिवादी मुन्ना भन्ने साहुसेन मियाँको हकमा मुलतवी रहेकोमा मुलतबीबाट जगाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा १ को खण्ड (घ) को उपखण्ड (५) बमोजिम ५ वर्ष कैद र रू.१,००,०००।– जरिवाना हुने ठहरी बारा जिल्ला अदालतबाट मिति २०७४/०७/२७ मा भएको फैसलामा प्रतिवादी विजेन्द्रप्रसाद गुप्तालाई सफाइ दिने तथा प्रतिवादी मुन्ना भन्ने साहुसेन मियाँ र शेराज आलमलाई अभियोग दाबीबमोजिमको कसुरदार ठहऱ्याई क्रमश: मिति २०७४/०३/२७ र मिति २०७४/०७/२७ मा निजहरूका हकमा भएका फैसलाहरू सदर हुने तर सजाय निर्धारणको सम्बन्धमा हेर्दा वारदातको प्रकृति र कसुरको मात्राअनुसार निजहरू दुवै जनालाई

जनही हैद ३ वर्ष २ महिना १८ दिन एवम् जनही जरिवाना रू.५०,०००।- (पचास हजार) गर्नुपर्नेमा पुनरावेदक प्रतिवादी मुन्ना भन्ने साहुसेन मियाँलाई ५ वर्ष कैद तथा जरिवाना रू.१,००,०००।- (एक लाख) र प्रतिवादी शेराज आलमलाई ३ वर्ष २ महिना १८ दिनको कैद सजाय मात्र गरी जरिवाना सजाय नगरेकोसम्म उक्त फैसलाहरू मिलेको नदेखिँदा केही उल्टी भई निजहरू दुवै जनालाई जनही कैद ३ वर्ष २ महिना १८ दिनको कैद तथा जनही रू.५०,०००।- (पचास हजार) जरिवाना सजायसमेत हुने ठहऱ्याई उच्च अदालत जनकपुर, अस्थायी इजलासबाट मिति २०७५/१०/२९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल
कम्प्युटर: रवि दुवाल
इति संवत् २०७७ कार्तिक १९ गते रोज ४ शुभम्।

**२०**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७८-WH-०१००, बन्दीप्रत्यक्षीकरण, श्रीप्रसाद तामाङ वि. वैदेशिक रोजगार न्यायाधिकरण, बबरमहलसमेत*

निवेदकको नाममा जारी भई तामेल भएको म्याद कानूनबमोजिमको नदेखिएकोले उक्त म्याद र सो म्यादका आधारमा मुद्दा नं.३२१ को वैदेशिक रोजगार कसुरको मुद्दामा यी निवेदकलाई एक वर्ष छ महिना कैद र एक लाख पचास हजार रूपियाँ जरिवाना हुने ठहरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७६।०३।०२ मा भएको फैसला यी रिट निवेदकको हकमा सम्म उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। साथै निज निवेदक श्रीप्रसाद तामाङलाई कारागार कार्यालय तेह्रथुमबाट वैदेशिक रोजगार न्यायाधिकरणमा उपस्थित गराई निजको बयान लिने, थुनछेक आदेश गर्ने, प्रमाण बुझ्नेलगायत जे जो प्रक्रिया पूरा गर्नुपर्छ सो पूरा गरी गराई निजको हकमा पुनः कानूनबमोजिम फैसला गर्नु भनी विपक्षी वैदेशिक रोजगार न्यायाधिकरणसमेतको नाउँमा परमादेशको आदेश जारी हुने। उपर्युक्तानुसार उत्प्रेषणयुक्त परमादेशको आदेश जारी भएबमोजिम निवेदकले सुनुवाइको मौका प्राप्त गर्दाका अवस्था न्याय निरूपणको क्रममा तथ्यगत एवम् कानूनी प्रश्नको निरूपण हुने भएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु नपर्ने।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७८ माघ २७ गते रोज ५ शुभम्।

**२१**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७०-CR-०४०६, ०७२-CR-०१२२, सवारी ज्यान, विजय मल्ल वि. नेपाल सरकार, सुमन श्रेष्ठ वि. नेपाल सरकार*

सवारी चालक अनुमति पत्र नभएका विजय मल्लले सवारी दुर्घटना गराउन सक्ने अवस्थालाई नजर अन्दाज गरी आफूले जिम्मा लिएको सवारी साधन, सवारी धनीको स्वीकृति नलिई मादक पदार्थ सेवन गरेका व्यक्तिलाई सवारी साधन चलाउन दिई निजसमेत सोही सवारी साधनमा रहे भएको देखिएको स्थितिमा लापर्बाहीभन्दा पनि बाध्यता वा दबाब थियो भन्ने जिकिर लिएकै आधारमा मात्र सुमन श्रेष्ठ कसुरदार होइन रहेछन् भनी मान्न सक्ने अवस्था नदेखिने।

पुनरावेदक/प्रतिवादी सुमन श्रेष्ठले सवारी चलाउने अनुमति पत्र नै नभएका व्यक्तिलाई सवारी चलाउन दिई दुर्घटना भई मानिसको ज्यान गएको र अंगभंगसमेत भएको स्थितिमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम १५ दिन कैद र रू.२,०००।- जरिवाना गर्नेगरी भएको सुरू जिल्ला अदालतको फैसलामा केही उल्टी गरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(५) बमोजिम १ वर्ष कैद र सोही ऐनको १६२(३) बमोजिम रू.२,०००।– जरिवाना हुने गरी पुनरावेदन अदालत पोखराबाट भएको फैसला मिलेकै देखिँदा अभियोग दाबिबाट पूर्णरूपमा सफाइ पाउँ भन्ने

पुनरावेदक/प्रतिवादी सुमन श्रेष्ठको पुनरावेदन जिकिर मनासिब नदेखिने ।

यस मुद्दाका सहअभियुक्त सुमन श्रेष्ठले विजय मल्लले आफूसँग जबरजस्ती गरी, चाबी लगी, गाडी निजले नै गर्दा दुर्घटना भएको भनी अदालतमा स.ज.४ मा बयान गरी पोल गरेको देखियो । लाइसेन्स नभएका प्रतिवादी विजय मल्ललाई गाडी चलाउन दिएको कुरा प्रकारान्तरले स्वीकार गर्दै सहप्रतिवादी सुमन श्रेष्ठले अदालतमा गरेको बयान बेहोरालाई प्रतिवादी विजय मल्लले स-प्रमाण खण्डन गर्न सकेको नदेखिएको साथै मिसिल संलग्न सवारी दुर्घटना प्रतिवेदनमा पनि दुर्घटनामा परेको गाडी विजय मल्लले नै चलाएको भन्ने बेहोरा उल्लेख भएबाट विजय मल्लको अदालतमा भएको इन्कारी बयान बेहोरालाई सही सत्य रहेछ भनी मान्न मिल्ने देखिएन । यसरी दुर्घटनामा परेको उल्लिखित सवारी साधन गाडी विजय मल्लले चलाएको भन्ने देखिन आएको स्थितिमा गाडी कसले चलाएको हो भन्ने नै यकिन हुन नसकेको अवस्था हुँदा भनी प्रत्यर्थी झिकाउने गरी भएको यस अदालतको संयुक्त इजलासको मिति २०७३।१०।६ को आदेशसँग र विजय मल्लले लापर्बाहीपूर्वक सवारी साधन चलाई दुर्घटना गराएको अवस्था नहुँदा पुनरावेदन अदालत पोखराको फैसला उल्टी गरी न्याय हुनुपर्ने भन्ने साथै पुनरावेदक सुमन श्रेष्ठले मानिससमेत मर्ने खालको दुर्घटना होस् भन्ने गलत मनसायले विजय मल्ललाई सवारी साधन चलाउन दिएको नहुँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिर एवम् पुनरावेदक पक्षका कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ: पुनरावेदक/प्रतिवादी विजय मल्लले सवारी साधन चलाउने अनुमति पत्रबेगर, मादक पदार्थ सेवन गरी लापर्बाहीपूर्वक सवारी चलाई दुर्घटना गराउँदा घाइते सुमित सारूको मृत्यु भएको र कुन्तीकुमारी सारूलाई अंगभंग हुने गरी चोट लाग्न गई अभियोग दाबीबमोजिमको कसुर गरेको भन्ने देखिन आएकोले स्याङ्जा जिल्ला अदालतबाट मिति २०६४।४।१७ मा भएको फैसलामा केही उल्टी गरी प्रतिवादी विजय मल्ललाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम लापर्बाही गरी सवारी चलाई दुर्घटना गराएकोतर्फ ३ वर्ष कैद, अंगभंग भई निको भएको खततर्फ जरिवाना रू.५,०००।- , सवारी चालक अनुमतिपत्र नभएकाले सवारी चलाई दुर्घटना गराएकोमा थप जरिवाना रू.२,०००।- र सवारी चालक अनुमति पत्र नभई सवारी चलाई अंगभंग गराएकोमा थप जरिवाना रू.५,०००।– गरी जम्मा रू.१२,०००।- जरिवाना र अर्का पुनरावेदक/प्रतिवादी सुमन श्रेष्ठले सवारी साधन चलाउने अनुमति पत्र नै नभएका विजय मल्ललाई सवारी धनीको अनुमतिबिना गाडी चलाउन दिएकोले दुर्घटना भई मानिसको मृत्यु भएकाले निज प्रतिवादी सुमन श्रेष्ठलाई सोही ऐनबमोजिम १ वर्ष कैद तथा अंगभंग भएतर्फ रू.२,०००।– जरिवानासमेत हुने ठहर गरी साबिक पुनरावेदन अदालत पोखराबाट मिति २०६९।९।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: टीकाबहादुर थापा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७९ वैशाख २३ गते रोज ६ शुभम् ।

२२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CI-०३३३, अंश, रामकुमार कुर्मीसमेत वि. रामकेवलप्रसाद कुर्मीसमेत*

प्रतिवादी तिलकराम कुर्मीका नाममा मोही प्राप्त हुँदा मोहीको बाँडफाँडबाट एकल स्वामित्व प्राप्त हुँदा वादी प्रतिवादीहरू एकासगोलमा थिए थिएनन् भन्ने कुरा विचारणीय देखिन्छ । सो सन्दर्भमा विचार गर्दा उच्च अदालत बुटवलको ०७१-DP-०८१९ को अंश मुद्दामा पेस भएको अनुसूची १ को मोहीको फाराम प्रतिलिपिबाट उक्त फारम प्रतिवादी तिलकराम कुर्मीले भरेको देखियो । सो फारामको बेहोरामा एकासगोलका परिवारका सदस्यको नाममा बाबु रामऔतार कुर्मी,

भाइ राजाराम कुर्मी र भाइ केवलराम कुर्मीसमेतको नाम उल्लेख भएको पाइयो । यसैगरी कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७१।३।३१ मा तायदाती फाँटवारी आदेश हुँदा वादी प्रतिवादीबिच फिराद परेको अघिल्लो दिन अर्थात् मिति २०७०।११।२२ मा फिराद परेकोले सोको अघिल्लो दिन मिति २०७०।११।२१ लाई चुल्होमानो छुट्टिएको मिति कायम गरेको देखिन्छ । प्रस्तुत अंश मुद्दा सुरू जिल्ला अदालतमा दर्ता हुँदासम्म वादी प्रतिवादी एकासगोलमा नरहे नभएका भए सो तायदाती फाँटवारीउपर प्रतिवादीले उजुरबाजुर गर्नुपर्नेमा सो केही गरेको देखिएन । उक्त तायदाती फाँटवारीको आदेशलाई चित्त बुझाई बसेबाट एवम् अनुसूची १ को फारमको प्रतिलिपिमा लेखिएको बेहोरासमेतबाट पनि यी वादी प्रतिवादी एकासगोलमा रहे भएको कुरामा विवाद देखिएन । यस परिप्रेक्ष्यमा वादी प्रतिवादीहरू अलग अलग रहे बसेको भन्ने कुराको प्रमाण नै नबुझी गरिएको फैसला मिलेको छैन भन्ने पुनरावेदन जिकिर ग्रहणयोग्य मान्न नमिल्ने ।

भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधनबाट जग्गाधनी र मोहीबिचको द्वैध स्वामित्व अन्त्य गरी मोहीसमेत आफ्नो हकहिस्सा लिई मोहीसमेत जग्गाको पूर्णस्वामी बन्ने स्थितिको सिर्जना भएको देखिन्छ । यस स्थितिमा वादी प्रतिवादीहरू एकासगोलमा रहे बसेको अवस्थामा जग्गाधनीबाट मोही हकबापत प्राप्त गरेको जग्गा अंशियारबिच मुलुकी ऐन, अंशबन्डाको १८ नं.बमोजिम बन्डा नलाग्ने सम्पत्ति हो भन्न मिल्ने देखिएन । पुनरावेदक प्रतिवादीले आफ्नो पुनरावेदन पत्रमा आफूले मोही बाँडफाँडबाट प्राप्त गरेका निजी आर्जनका बन्डा नलाग्ने भनी प्रतिवादी तिलकराम कुर्मीले तायदाती फाँटवारीमा उल्लेख गरेका कि.नं.३०१, ३०८, ३३६, ३६५, ३१४, ४४, ९७ र ९८४ समेतका जग्गाहरूको मोही प्रतिवादी तिलकराम जनिए पनि सोही समयदेखि वादीहरूसमेतका १ नं.अनुसूचीमा उल्लिखित एकापरिवारका सगोलका अंशियार श्रमबाट जोती कमाई आएको कुरामा प्रतिवादीले अन्यथा भन्न सकेको देखिँदैन । तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाहेक अंशियार बन्डा लाग्ने अन्य सम्पत्ति नरहे नभएको परिप्रेक्ष्यमा भूमिसम्बन्धी ऐन, २०२१ मा मिति २०५३।९।२४ मा चौथो संशोधन भएपश्चात् एकासगोलमा रहेको अवस्थामा मोहीका हैसियतले प्राप्त हुने जग्गासमेत सगोलका अंशियारबिच बन्डा लाग्ने नै देखिन्छ । यस स्थितिमा प्रतिवादी तिलकराम कुर्मीले तायदाती फाँटवारीमा उल्लेख गरेका कपिलवस्तु जिल्ला, वनगाइ गा.वि.स.वडा नं.१ कि.३०१, ३०८, ३३६, ३६५, ३१४, ४४, ९७ र ९८४ समेतका जग्गाहरूबाट वादीहरूले अंश पाउने नै देखिएको ।

अत: उपर्युक्त उल्लिखित आधार कारण एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतबाट पुनरावेदन अदालत बुटवलबाट प्रतिवादीको तायदाती फाँटवारीमा उल्लिखित कपिलवस्तु जिल्ला, वनगाइ गा.वि.स.वडा नं.१ स्थित कि.नं.३०१, ३०८, ३३६, ३६५, ३१४, ४४, ९७ र ९८४ का जग्गाहरू बन्डा नलाग्ने गरी गरेको हदसम्म सुरू फैसला नमिलेकोले केही उल्टी भई उक्त कित्ता जग्गाहरूबाट वादीहरूले ३ भागको २ भाग अंश पाउने ठहर गरी कि.नं.१६७ र १०७५ का जग्गा अंशियारबिच बन्डा गर्ने गरी गरेको सुरू फैसला मिलेन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने गरी भएको मिति २०७२।११।५ को पुनरावेदन अदालत बुटवलको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद खतिवडा
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७८ साउन १९ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७४-CI-०३८८, राजिनामा लिखत बदर हक कायम, रामकुमार कुर्मी वि. रामकेवलप्रसाद कुर्मीसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-WO-०१४४, उत्प्रेषण / परमादेशसमेत, गणेशबहादुर प्रधानसमेत वि. राष्ट्रिय*

*वाणिज्य बैङ्क लिमिटेड, केन्द्रीय कार्यालयसमेत*

यस अदालतको मिति २०७५।४।२९ को अन्तरिम आदेशले विपक्षी बैङ्कले निवेदकहरू गणेशबहादुर प्रधानलाई मिति २०७५।४।३१ गतेदेखि अनिवार्य अवकाश हुने भनी, मिति २०७५।३।२० मा बासुदेव बराललाई मिति २०७५।६।२५ देखि, गायत्रीप्रसाद गुरागाई र हेमराज सुवेदी मिति २०७५।६।१५ देखि अनिवार्य अवकाश पाउने भनी मिति २०७५।४।२७ मा दिएको पत्र कार्यान्वयन नभई निवेदकहरू सेवामा पूर्ववत रही २०४८ सालदेखिको सेवा गणना गरी ३० वर्ष सेवा हदले अवकाश भइसकेको देखिँदा मिति २०७५।३।२० र मिति २०७५।४।२७ को पत्र नेपालको संविधानको धारा १३३ को उपधारा (२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी दिएको छ । अब निवेदकहरूले विपक्षी बैङ्कबाट रकम पाउन वा हिसाब मिलान गर्न बाँकी भए निवेदकहरूको २०४८ सालदेखिको सेवा अवधि गणना गरी पाउन बाँकी रकम दिनु वा हिसाब मिलान गर्नुपर्ने भए हिसाब मिलान गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ भदौ २ गते रोज ४ शुभम् ।

**इजलास नं.४**

**२४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** *०७७-WO-०२३६, उत्प्रेषणसमेत, डा. विदुर खतिवडासमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

रिट निवेदकहरूले निवेदन पत्रमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णय एवम् पत्रले आफूहरूको संविधान प्रदत्त शिक्षासम्बन्धी हकसमेत हनन भएको भन्ने जिकिर लिएको पाइन्छ । वस्तुतः संविधानले प्रदान गरेको शिक्षासम्बन्धी हकलाई कहीँकतैबाट कुनै पनि तरहले आघात पार्ने वा हनन् गर्ने भन्ने कुरा संविधानसम्मत हुन सक्दैन । परन्तु संविधानद्वारा प्रदत्त शिक्षा सम्बन्धी हकलगायतका अन्य मौलिक हक पनि संविधान र कानूनबमोजिम नै प्रचलन हुने हो । माथिका प्रकरणहरूमा उल्लेख भएबमोजिम रिट निवेदकहरूले स्नातक तह अध्ययन गर्दा नेपाल सरकारबाट छात्रवृत्तिको लाभ प्राप्त गरिसकेको अवस्था छ । सो लाभ ग्रहण गरे बापत राज्यलाई निश्चित समयसम्म आफ्नो सेवा प्रदान गर्ने भन्ने कुरा कबुलियतनामाको कागज गरी सकेको अवस्थासमेत विद्यमान छ । विधिशास्त्रीय मान्यता अनुसार अधिकार सँगसँगै कर्तव्यको समेत उपस्थिति रहन्छ । त्यसैगरी कुनै व्यक्तिले कुनै प्रकारको लाभ प्राप्त गर्दछ भने त्यसको सँगसँगै दायित्वसमेत सिर्जना हुन्छ। लाभ प्राप्त गर्दाका अवस्थामा सो ग्रहण गर्न सहमत हुने तर कर्तव्यबाट भने विमुख हुने भन्ने कुरा तर्कसगत पनि हुँदैन । रिट निवेदकहरूले स्वास्थ्य क्षेत्रको एम.बी. बी.एस जस्तो अत्यन्तै महत्त्वपूर्ण विषयको अध्ययन गर्दा एकपटक राज्यको तर्फबाट छात्रवृत्तिको रूपमा लाभ लिइसकेपछि त्यस्तो लाभ लिएबापत सिर्जना भएको दायित्व पूरा नगरी फेरि अर्को लाभ लिन खोज्ने कार्य कदापि उचित हुन सक्तैन। सोहीबमोजिम प्रचलित कानूनले स्पष्ट रूपमा निषेध गरेको कार्यलाई छुट्टै अर्थ लाग्ने गरी कुनै निश्चित वर्गलाई विशेष सुविधा दिने गरी व्याख्या गर्न मिल्ने पनि हुँदैन । यस सन्दर्भबाट हेर्दा रिट निवेदकहरूले आफ्नो अधिकार भएको भनी दाबी गरी आएको राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १६ को उपदफा (६) बमोजिमको आफूहरूले एक वर्ष कार्य अनुभव पूरा भएको भन्ने अर्थ लगाई सोही ऐनको दफा ३८ को व्यवस्थालाई नजरअन्दाज गर्न मिल्ने हुँदैन । माथि उल्लेख भएबमोजिम दफा १६(६) को व्यवस्था सामान्य रूपका स्नातक तह उत्तीर्ण भएका सबै चिकित्सकहरूलाई सामान्य रूपमा लागु हुने व्यवस्था हो । रिट निवेदकहरू जस्ता राज्यको तर्फबाट अत्यन्तै महत्त्वपूर्ण र विशेष लाभ प्राप्त गरिसकेका व्यक्तिहरूका हकमा दफा १६(६) मा भएको

व्यवस्था स्वतः आकर्षित हुने नभई दफा ३८(१) को व्यवस्थालाई समेत नजरअन्दाज गर्न नमिली साथसाथै समन्वयात्मक रूपमा व्याख्या गरिनु विवेकसम्मत हुने। उल्लिखित अवस्थामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णय र पत्राचार कानूनबमोजिम नै देखिएकोले निवेदकहरूले दाबी गरेबमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको उक्त निर्णय र पत्रबाट निजहरूको संविधानप्रदत्त हक अधिकारमा आघात परेको भन्ने देखिन नआएकाले निवेदन दाबी मनासिब नदेखिने।

माथि विवेचित आधार र कारणसमेतबाट रिट निवेदकहरूले नेपाल सरकारबाट छात्रवृत्तिको लाभ प्राप्त गरी एम.बी.बी.एस तहको अध्ययन पूरा गरी प्रचलित कानूनबमोजिम नेपाल सरकारले खटाएको स्थानमा दुई वर्ष सेवा गर्ने भनी कबुलियत गरेबमोजिम सो दुई वर्षको अवधि व्यतीत भएको नदेखिएको अवस्थामा स्नातकोत्तर तहको प्रवेश परीक्षामा सामेल हुन योग्य रहेको देखिन नआउने। अतः प्रत्यर्थी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नीति, योजना तथा अनुगमन महाशाखाको मिति २०७७।०६।०५ को नेपाल सरकार सचिवस्तरको निर्णय, पत्राचारहरूमा कुनै कानूनी त्रुटि देखिन नआएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था र स्थिति रहेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदन खारेज भएकाले यस अदालतबाट जारी भएको मिति २०७७।०६।२१ को अन्तरिम आदेश स्वतः निष्क्रिय हुने।

इजलास अधिकृत: वसन्तप्रसाद मैनाली
कम्प्युटर: राधिका घोरासाइने
इति संवत् २०७७ साल पौष १ गते रोज ४ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७७-WO-०२१८, उत्प्रेषणसमेत, गोकुल भण्डारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।
- ०७७-WO-०२९७, उत्प्रेषणसमेत, आनन्दकुमार देवसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।
- ०७७-WO-०२०७, उत्प्रेषणसमेत, डा. राकेश यादवसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत।

**२५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७६-WO-०६३०, उत्प्रेषणसमेत, हर्कबहादुर थापा क्षेत्री वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमेत*

राष्ट्रिय किताबखाना (निजामती) निजामती कर्मचारीको अभिलेख अद्यावधिक गर्ने र कर्मचारी कहिले सेवा निवृत्त हुने हो निजलाई समयमै सोको जानकारी दिने दायित्वसमेत रहेको निकाय भएकोमा विवाद छैन। यी निवेदक सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।११।३० को पत्रबमोजिम स्थानीय तह, भैरवी गाउँपालिका, दैलेखमा अधिकृतस्तर छैटौं तहमा समायोजनसमेत भई समायोजन भएको कार्यालयमा नोकरी गरिरहेको भन्ने छ। विपक्षी राष्ट्रिय किताबखानाबाट मिति २०७६।०४।०२ मा प्रकाशित गरिएको सूचनामा आ.व. २०७६/०७७ मा अनिवार्य अवकाश हुने अनुमानित कर्मचारीहरूको नामावलीमा निवेदकले मिति २०७६।१२।२९ मा अवकाश पाउने उल्लेख छ। अर्कोतर्फ विपक्षी राष्ट्रिय किताबखानाले नै रिट निवेदक मिति २०७५।०१।०२ देखि अनिवार्य अवकाश हुने भनी मिति २०७६।०९।०३ मा मात्र निर्णय जानकारी दिएको र अधिक अवधि काम गरेबापत उपभोग गरेको आर्थिक सुविधा फिर्ता गर्न भनेको मिसिलबाट देखिने।

राष्ट्रिय किताबखानाले मिति २०७६।०४।०२ मा प्रकाशित सूचनामा निवेदकको अवकाश मिति २०७६।१२।२९ उल्लेख भएको पाइन्छ। किताबखानाबाट नै मिति २०७६।०४।०२ मा निवेदकको अवकाश हुने मिति स्पष्ट रूपमा प्रकाशित गरेको हुनाले कर्मचारीको अभिलेख रहने निकायबाट प्रकाशित गरेको मितिलाई स्वाभाविक रूपमा कर्मचारीले विश्वास गर्नुपर्ने र आधार मान्नुपर्ने

हुन्छ । अधिकारप्राप्त निकायबाट प्रकाशित गरेको सो सूचनाको जानकारी कर्मचारी र कार्यालयले लिनु स्वभाविक नै पनि हो । निवेदक मिति २०७५।०१।०२ मा नै अवकाश हुने भनी विपक्षी किताबखानाबाट मिति २०७६।०४।०२ मा प्रकाशित सो सूचनामा नै उल्लेख गर्नुपर्ने थियो । कर्मचारीले कुन मितिमा अवकाश पाउने हो भनी सही सूचना समयमा नै दिइनुपर्ने हुन्छ । मिति २०७६।०४।०२ मा निवेदकको अवकाश हुने मिति उल्लेख गरी सूचना प्रकाशित भएको र पछि मिति २०७६।०९।०३ मा पुनः अर्को मिति निर्धारण गरी अवकाश मिति कायम गरिँदा निवेदकलाई सुनुवाइको मौका दिएको पाइँदैन । यसरी, निवेदकले अवकाश पाउने मितिको यकिन गर्ने कार्य नै राष्ट्रिय किताबखानाले सही रूपमा व्यवस्थापन गर्न सकेको उक्त आधारबाट देखिन नआउने ।

रिट निवेदकले आफ्नो सेवा अवधि कायमै रहेकोले आफू सेवारत रहेको भन्ने दाबी लिएको देखिन्छ, जुन कुरा अन्यथा रहेको तथा निवेदकले बदनियत राखी अधिक अवधि सेवा गरेको भनी पुष्टि हुने वस्तुनिष्ठ आधार कारण विपक्षीबाट खुलाउन सकेको पनि देखिँदैन । यी रिट निवेदक सेवारत रहँदाको अवस्थामा निजको अभिलेख अद्यावधिक गर्ने मुख्य निकाय विपक्षी राष्ट्रिय किताबखाना (निजामती) रहेकोमा निज विपक्षीकै त्रुटिका कारण यी निवेदकले आफू के कुन मितिमा सेवा निवृत हुने हो सोको समयमै जानकारी पाउन नसकेको अवस्था छ । यस अवस्थामा निज विपक्षीको त्रुटिप्रति यी निवेदकलाई जिम्मेवार बनाई निजले गरिसकेको परिश्रमबापत प्राप्त गरेको पारिश्रमिक फिर्ता गर्न लगाउनु न्यायोचित हुँदैन । यसै सम्बन्धमा, “कुनै पनि व्यक्ति आफ्नो लापरवाही, भुल र त्रुटिप्रति निश्चय नै जिम्मेवार हुन्छ तर, अरू कसैको लापरवाही, भूल र त्रुटिको जिम्मेवारी बनाउनु न्यायको उपहास हुने” (ने.का.प. २०७०, अङ्क १२, नि.नं. ९०९५) भन्ने न्यायिक सिद्धान्तसमेत प्रतिपादन भएको छ । तसर्थ, विपक्षी किताबखाना स्वयम्ले प्रकाशित गरेको अवकाश मितिकै आधार लिई निवेदकले सेवा गरेको देखिएको यस अवस्थामा निवेदकले गरेको सो सेवाबापत निजले उपभोग गरिसकेको आर्थिक सुविधा फिर्ता गर्नु मनासिब नदेखिने ।

अतः पारिश्रमिकबिनाको परिश्रम श्रमशोषण हुन जाने भई परिश्रम गर्ने व्यक्तिले उचित पारिश्रमिक पाउने अधिकार राख्ने नै हुँदा यी रिट निवेदक हर्कबहादुर थापा क्षेत्रीले परिश्रम गरेबापत प्राप्त गरेको आर्थिक सुविधा फिर्ता माग्नु न्यायसम्मत नदेखिँदा मिति २०७५।०१।०२ देखि हाल (मिति २०७६।०९।०३) सम्म निज (हर्कबहादुर थापा क्षेत्री) ले उपभोग गरेको तलब, भत्तालगायतको आर्थिक सुविधा फिर्ता गर्नु भनी उल्लेख गरेको हदसम्मको विपक्षी राष्ट्रिय किताबखाना (निजामती), हरिहर भवन, ललितपुरको मिति २०७६।०९।०३ को निर्णय तथा मिति २०७६।०९।०३ च.नं. ३६९२ को पत्राचारसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । रिट निवेदकले अनिवार्य अवकाशसमेत पाइसकेको देखिँदा, निवेदन मागबमोजिम सेवामा निरन्तरता दिनु भनी परमादेशको आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७८ साल पौष १८ गते रोज १ शुभम् ।

**२६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७४ - CR -१४२९, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. विराज भन्ने प्रेम तामाङसमेत*

ज्यानसम्बन्धीको महलको १५ नं. निर्धारित तत्त्वहरूको सन्दर्भमा प्रस्तुत मुद्दालाई हेर्दा, यी प्रतिवादीहरूको जाहेरवाला पीडित श्यामकृष्ण आचार्यसँग ज्यानै लिनुपर्नेसम्मको पूर्वाग्रह तथा पूर्वरिसइवी भएको भन्ने तथ्य मिसिल संलग्न कुनै कागजातबाट पुष्टि हुन सकेको देखिँदैन । प्रतिवादी विराज भन्ने प्रेम तामाङले पनि मलाई भुपेन्द्र गिरीले श्यामकृष्णलाई घाइते बनाउनुपर्छ भनी भनेको र आफूले घाइतेसम्म बनाएको भनी मौकामा बयान गरेको देखिन्छ । घाउ जाँच केस फारामबाट पनि घाइतेको

अवस्था Stable and not Fatal भन्ने उल्लेख भएको देखिँदा प्रतिवादीहरूले घाइतेलाई मर्नेसम्मको चोट छाडेको भन्ने पनि देखिएन । प्रतिवादीहरूले घाइतेलाई ज्यान मार्ने मनसाय र उद्देश्यका साथ प्रहार गरेको एवम् ज्यान मर्नेसम्मको कार्य भए गरेको भन्ने देखिएन । त्यसैगरी, घाइते जाहेरवाला र घटनाको प्रत्यक्षदर्शी जाहेरवालाको हजुरआमा शुभकुमारी आचार्यले मौकामा दिएको जाहेरी बेहोरा नै खण्डित हुने गरी बकपत्र गरेको देखियो । यसरी मौकामा कागज गर्ने शुभकुमारीले आफूले गुहार भनी कराएपछि प्रतिवादीहरूले छाडी गएको भने तापनि अदालतमा घाइतेलाई के कसरी चोट लागेको हो थाहा पाइन भनी सो बेहोरा खण्डन हुने गरी बकपत्र गरेको देखिँदा तेश्रो पक्षको आकस्मिक हस्तक्षेपबाट ज्यान मर्नबाट बच्न गएको भन्ने पनि नदेखिने ।

प्रस्तुत मुद्दामा वारदातको प्रकृति र पीडितलाई लागेको घाउचोटको गाम्भीर्यता हेर्दा ज्यान मार्ने उद्योग कसुर स्थापित हुनका लागि आवश्यक तत्वहरूः ज्यान मार्ने मनसाय, ज्यानै मार्नेसम्मको कार्य र तेस्रोपक्षको उपस्थितिले मात्र ज्यान बाँच्न पाएको भन्नेजस्ता तत्त्वहरूको विद्यमानतालाई स्वतन्त्र प्रमाणहरूबाट पुष्टि गर्न सकेको देखिएन । साथै, जाहेरी बेहोरा नै खण्डित हुने गरी वादी पक्षका गवाहहरूले अदालतमा बकपत्र गरेबाट समेत प्रतिवादीहरूले पीडितलाई ज्यानै मार्ने मनसायले खुकुरीले प्रहार गरेका हुन् भन्ने पुष्टि हुन सकेन । प्रतिवादीहरू विराज भन्ने प्रेम तामाङ, राजु भन्ने जनक लामा, छिरिङ शेर्पा र भुपेन्द्र गिरीले पीडित श्यामकृष्ण आचार्यलाई कुटपिट गरी घाइतेसम्म बनाएको देखिँदा निजहरूलाई ज्यान मार्ने उद्योगतर्फको कसुरमा सफाइ दिई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटतर्फ परिणत हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७३।०८।०७ मा भएको फैसला अन्यथा नदेखिने ।

अत: प्रतिवादीहरू विराज भन्ने प्रेम तामाङ, राजु भन्ने जनक लामा, छिरिङ शेर्पालाई सफाइ दिई भुपेन्द्र गिरीलाई ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ५ (पाँच) वर्ष कैद हुने ठहर गरेको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी भुपेन्द्र गिरीसमेतले अभियोग माग दाबीबाट सफाइ पाउने र प्रस्तुत वारदातलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटतर्फ परिणत गर्ने ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७३।०८।०७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । आरोपित प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः हेमा पाण्डे

कम्प्युटर: राधिका घोरासाने

इति संवत् २०७७ साल जेठ ६ गते रोज ३ शुभम् ।

**२७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७८-WH-००८४, बन्दीप्रत्यक्षीकरण, तिलकबहादुर कार्की वि. कारागार कार्यालय, जगन्नाथदेवलसमेत*

निवेदक जबरजस्ती करणी मुद्दामा काठमाडौं जिल्ला अदालतको मिति २०७२।०३।१३ को फैसलाबमोजिम निजलाई लागेको कैद वर्ष ११ (एघार) को कैद भुक्तान गरिरहेको भन्ने निज निवेदकको निवेदन बेहोराबाट तथा काठमाडौं जिल्ला अदालतबाट प्राप्त भएको ०७०-CR-१३५८ को मिसिलबाट देखिने ।

कसुरको गाम्भीर्य, पीडित शास्त्रीय मान्यता तथा प्रत्यक्ष रूपमा सामाजिक परिवेशमा पर्ने नकारात्मक प्रभाव, दण्डहीनता आदि विविध कारणहरूबाट केही कसुरका कसुरदारहरूलाई अरू कसुरदारहरूभन्दा कठोर सजाय हुनुपर्ने र फैसलाले ठहर भएको कैद भुक्तान नै गर्नुपर्ने गरी सजायमा कुनै छुट, परिवर्तन गर्न नमिल्ने स्पष्ट कानूनी व्यवस्था रहेको पाइने ।

केही अपराधका कसुरदारलाई कैद मिनाहा छुट दिनेसम्बन्धी छुट्टै कानूनी व्यवस्था रहेको पाइन्छ ।

कसुरदारको आचरण, व्यवहार नियमन गर्ने कार्य दैनिक रूपमा प्रत्यक्ष निगरानी हुने कारागार प्रशासन जस्तो संयन्त्रमार्फत नै हुने हुन्छ । कारागार प्रशासनले हेर्ने कैदी बन्दीको प्रशासन र व्यवस्थापन गर्ने जिम्मेवारी कारागार कार्यालयको क्षेत्राधिकारभित्र पर्ने विषय हुन्। कारागार कार्यालयको क्षेत्राधिकारभित्र पर्ने कैदीको उमेर, अवस्था, चालचलनको अभिलेख र मूल्याङ्कन अदालतबाट हुनसक्ने अवस्था हुँदैन । सजाय छुट, कम गर्ने आदि सम्बन्धमा कानूनले नै छुट्टै संयन्त्र र कार्यविधि निर्धारण गरेको पाइन्छ । सजाय छुट वा कम गर्ने, मिनाहा दिने सम्बन्धमा भएका कार्यविधिको पालना बिना भेदभाव वस्तुगत रूपमा गरिनुपर्ने हुन्छ । साथै त्यस्तो कार्य छुट्टै निकाय र संयन्त्रबाट स्वतन्त्र रूपमा गरिने हुँदा ठोस आधार कारण विना हस्तक्षेप गर्नुपर्ने अवस्था पनि रहँदैन । तर निवेदकको कसुरको हकमा माथि उद्धृत गरिएअनुसार कैदको सजाय छुट, मिनाहा हुने प्रकृतिको कसुर हो भन्ने देखिन नआउने ।

अतः कैद सजाय माफी मिनाहा दिने छुट्टै संवैधानिक र कानूनी व्यवस्था रहे भएको अवस्थामा अदालतले हस्तक्षेप गरी कैद सजायमा छुट गर्न नमिल्ने तथा जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ को सुविधासम्बन्धमा उक्त प्रतिपादित सिद्धान्तबाट समेत बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भेषराज भट्टराई

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७८ साल मङ्सिर १९ गते रोज १ शुभम्।

**२८**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७८-WH-००९०, बन्दीप्रत्यक्षीकरण, केशवराज आचार्यको हकमा कृष्णबहादुर श्रेष्ठ वि. डोल्पा जिल्ला अदालत*

रिट निवेदकउपर कसुर ठहर भएपश्चात सजाय निर्धारणको छुट्टै सुनुवाइ हुने हुँदा उक्त अवधिसम्म अवलम्बन गर्नुपर्ने कार्यविधिको सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७४ को नियम ६७ को उपनियम ८ को व्यवस्था हेर्दा, "मुद्दाको पुर्पक्षको क्रममा धरौट वा जमानत वा तारिखमा रहेको अभियुक्तलाई तीन वर्षभन्दा बढी कैद सजाय हुनसक्ने कसुरमा कसुरदार ठहर भई निजको हकमा सजाय निर्धारण गर्न छुट्टै सुनुवाइ हुने भएमा त्यस्तो सुनुवाइ नहुँदासम्म निजलाई थुनामा राखी बाँकी कारबाही गर्नुपर्ने छ" भन्ने देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार धरौट तारेखमा मुद्दा पुर्पक्ष गरिरहेका यी रिट निवेदकलाई तीन वर्षभन्दा बढी कैद सजाय हुनसक्ने कसुरमा कसुरदार ठहर भएकोले सजाय निर्धारणको सुनुवाइ नहुँदासम्म निजलाई थुनामा राख्नु पर्ने उक्त कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा सो कार्य गैरकानूनी भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने ।

बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्ने रिट निवेदकको माग भएकोमा निवेदक केशवराज आचार्यलाई धर्म परिवर्तनसम्बन्धी कसुरमा कसुर ठहर भएपश्चात् सजाय निर्धारणको सुनुवाइसम्मको लागि थुनामा राखिएको कार्य गैरकानूनी नहुनुका साथै निज निवेदक हाल थुनाबाट मुक्तसमेत भइसकेकोले निजलाई थुनाबाट मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपर्ने स्थितिको विद्यमानता नरहने ।

अतः रिट निवेदक केशवराज आचार्यलाई कसुर ठहर भएपश्चात् सजाय निर्धारण नहुँदासम्मको लागि थुनामा राखेको कार्य गैरकानूनी नहुँदा तथा निज निवेदक उच्च अदालत सुर्खेत, जुम्ला इजलासको मिति २०७८।०९।०२ को आदेशबमोजिम धरौट तारेखमा छुटी हाल थुनामा नरहेको अवस्था हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : मनिता गुरूङ

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७८ साल पौष १२ गते रोज २ शुभम् ।

**२९**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७१-CI-०२८१, करार कार्यान्वयन क्षतिपूर्तिसमेत, बैंक अफ काठमाण्डौं लिमिटेड, कमलपोखरीसमेत वि. साउथ एसियन ट्रेडिङ कम्पनी प्रा.लि.

उच्च अदालतलाई जिल्ला अदालतले गर्न पाउने फैसला गर्ने, बुझ्न छुटाएको प्रमाण बुझ्ने, निर्णय गर्न छुटाएको प्रश्नमासमेत प्रवेश गरी निर्णय गर्नसमेत सक्ने अधिकार दिएको पाइन्छ । अदालतको यो अधिकार न्याय प्रशासनलाई छिटो, छरितो, सर्वसुलभ, प्रभावकारी बनाउनका खातिर प्रयोग हुने अधिकार हो । छिटो छरितो रूपमा मुद्दाको किनारा हुनु भनेको कानूनका उल्लिखित उद्देश्यको परिपालना हुनु हो जसतर्फ सम्बद्ध सबैको ध्यान पुग्नु जरूरी हुन्छ । "न्याय ढिलो हुनु भनेको न्याय नहुनु हो" भन्ने न्यायसम्बन्धी विख्यात भनाइलाई न्याय निरूपणमा भूमिका रहने सबैले गम्भीर रूपमा मनन गर्नै पर्दछ । यातायात कार्यालयलाई लेखेको पत्र वादीले मिति २०६६।०३।१० मा जानकारी पाएकोले सोही मितिबाट मुद्दा गर्नुपर्ने कारण परेको भनी तत्कालीन पुनरावेदन अदालतबाट बोलेको पाइन्छ । प्रस्तुत मुद्दामा हदम्याद नै प्रमुख विवाद रहेको र अन्य दाबी हदम्यादसँग अटुट रूपमा जोडिएको दाबी रहेको देखिन्छ । यसरी हदम्यादको विषयमा स्पष्ट भइसकेपछि सोसँग अटुट सम्बन्ध रहेको फिराद दाबीको सम्बन्धमा पनि बुझ्नुपर्ने कुरा बुझी निर्णय हुनु नै मुद्दाको छिटो छरितो किनारा भई न्यायोचित हुन जाने देखिने ।

साथै, प्रस्तुत विवादसँग सम्बन्धित रही, विपक्षी बैंक अफ काठमाडौंले निवेदक साउथ एसियन ट्रेडिङ कम्पनी प्रा.लि. लाई भुक्तानी दिनुपर्ने रू.४७,२५,०००।– नदिएकोले विपक्षीबाट क्षतिपूर्तिसमेत दिलाउन परमादेशको आदेश जारी गरिपाउँ भनी तत्कालीन पुनरावेदन अदालत पाटनमा यिनै वादी साउथ एसियन ट्रेडिङ कम्पनी प्रा.लि. को तर्फबाट रिट निवेदन परेकोमा मिति २०६३।०३।१४ मा रिट निवेदन खारेज हुने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट आदेश भएको पाइन्छ । सो आदेशउपर यस अदालतसमक्ष परेको पुनरावेदनमा यस अदालतबाट मिति २०६४।०९।१२ मा (संवत् २०६३ सालको दे.पु.नं. १७३ को परमादेशको पुनरावेदनमा) सुरू आदेश नै सदर हुने ठहर गरी अन्तिम फैसला भएको पनि पाइने ।

वादी साउथ एसियन ट्रेडिङ कम्पनी प्रा.लि. लाई सवारी साधन नामसारी गर्ने सम्बन्धमा प्रतिवादी बैंक अफ काठमाडौंले मिति २०६४।१२।०३ मा बागमती अञ्चल यातायात व्यवस्थापन कार्यालय, ललितपुरलाई पत्र लेखेकोमा सो पत्रको जानकारी वादीलाई उक्त कार्यालयले मिति २०६६।०३।१० मा मात्र दिएको भन्ने छ । प्रस्तुत फिराद मिति २०६६।०३।२१ मा दर्ता रहेको र यसै सम्बन्धमा परमादेशको रिट निवेदनसमेत परी निवेदन खारेज भई अन्तिम भई बसेको देखिन्छ । यसप्रकार प्रस्तुत विवादको विषयमा अदालतबाट तहतह फैसला भइसकेको अवस्था रहेको तथा बैंकले यातायात कार्यालयलाई २०६४ सालमा लेखेको पत्र २०६६ सालमा मात्र वादीलाई जानकारी दिएको भन्ने तथ्यगत विवरणसमेतलाई व्यवहारिक र वस्तुगत रूपमा विवेचना गरी मुद्दाको छिटो छरितो किनाराको खातिर प्रस्तुत मुद्दामा जो जे बुझ्नुपर्ने हो आफै बुझी कानूनबमोजिम फैसला गर्नुपर्नेमा पुनः निर्णयार्थ सुरू जिल्ला अदालतमा पठाउने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको फैसला कानूनतः मिलेको नदेखिने ।

अतः छिटो छरितो मुद्दाको किनारा हुने गरी प्रस्तुत मुद्दामा तत्कालीन पुनरावेदन अदालत पाटन आफैँले जो जे बुझ्नुपर्ने हो बुझी कानूनबमोजिम फैसला गर्नुपर्नेमा, हदम्यादको अभावमा प्रस्तुत मुद्दा खारेज हुने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।०८।०६ मा भएको फैसलालाई बदर गरी पुनः निर्णयार्थ सुरू जिल्ला अदालतमा पठाउने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति

२०६९।०५।२१ मा भएको फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ। अब प्रस्तुत मुद्दामा जो जे बुझ्नुपर्ने हो बुझी कानूनबमोजिम फैसला गर्नु भनी उपस्थित पक्ष तथा यो फैसलाको प्रतिलिपिसहित सुरू र रेकर्ड मिसिल उच्च अदालत पाटनमा पठाइदिने ठहर्ने।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७८ साल पौष २३ गते रोज ६ शुभम्।

**३०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७८-WH-०१३२, बन्दीप्रत्यक्षीकरणसमेत, चन्द्रूदास तत्मा वि. उच्च अदालत जनकपुर, राजविराजसमेत*

निवेदक चन्द्रूदास तत्मा तथा निजकी आमा फुलोमती तत्माउपर सूर्यनाथ गोपको जाहेरीले वादी नेपाल सरकार भई मिति २०७८।१।९ मा सार्वजनिक लिखत किर्ते मुद्दामा अभियोगपत्र दायर भएको देखिन्छ । उक्त मुद्दामा प्रतिवादीहरूले किर्ते गरेको नक्सा पेस गरी आफ्नो बाटोमा परेको जग्गालाई बाटोमा नपरेको भन्ने कायम गराउन षड्यन्त्र गरेकोले मुलुकी अपराध संहिता, २०७४ को दफा २७६(१)(२) बमोजिमको कसुर अपराधमा ऐ संहिताको दफा २७६(३)(ग) बमोजिम सजाय हुन मागदाबी लिएको देखिन्छ। सुरू सिराहा जिल्ला अदालतबाट प्रतिवादीको बयान लिई जाहेरी दरखास्तलगायत मिसिल संलग्न नापी कार्यालयको पत्र, नक्साको प्रतिलिपि, राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन, मौकामा बुझिएका व्यक्तिहरूको कागजसमेतका तत्काल प्राप्त प्रमाणहरू दृष्टिगत गरी पछि थप प्रमाणहरू बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल चन्द्रूदास तत्मालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१)(ख) बमोजिम थुनामा नै राखी मुद्दा पुर्पक्ष गर्न ऐ.को दफा ८० बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न कारागार कार्यालय सिराहामा पठाइदिने गरी मिति २०७८।४।१२ मा आदेश भएको देखिन्छ। उक्त आदेशउपर चन्द्रूदास तत्माले वेरितको आदेश बदर गरिपाउँ भनी उच्च अदालत जनकपुर, राजविराज इजलासमा दिएको निवेदनमा "तत्काल प्राप्त प्रमाणको आधारमा प्रतिवादी चन्द्रूदास तत्मालाई थुनामा राख्ने गरी सिराहा जिल्ला अदालतबाट मिति २०७८।४।१२ मा भएको आदेश वेरितको देखिन आएन कानूनबमोजिम गर्नु" भन्ने मिति २०७८।९।८ मा आदेश भएको देखिने।

यस्तै प्रकृतिको विवादमा यस अदालतबाट "विचाराधीन मुद्दामा सक्षम अदालतले न्यायिक प्रक्रियाअनुसार मुद्दाको सुनुवाइ हुँदाको अवस्थामा आरोपित कसुरको सम्बन्धमा प्रमाणको मूल्याङ्कन गरी न्याय निरूपण गर्ने भएकोले कानूनबमोजिम पुर्पक्षको लागि थुनामा राखेको कुरामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु मनासिब नहुने" भनी (ने.का.प.२०७५, अङ्क १०, निर्णय नं. १०१०८) निवेदक विजयराज तुलाधर विरूद्ध काठमाडौं जिल्ला अदालत बबरमहल काठमाडौंसमेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा सिद्धान्त प्रतिपादन भएको छ । अतः माथि विवेचित तथ्य एवम् कानूनी सिद्धान्तबाट मातहतका अदालतबाट साधारण अधिकार क्षेत्रअन्तर्गत मुद्दाको नियमित प्रक्रियाको सन्दर्भमा गरेका आदेश अनुसार मुद्दा पुर्पक्षका लागी थुनामा रहेको र न्यायिक कामकारबाहीको क्रममा गम्भीर त्रुटि नदेखिँदा निवेदकको थुनालाई गैरकानूनी भन्न नमिल्ने।

तसर्थ, निवेदकउपर अभियोगपत्र पेस भई थुनछेक आदेश गरी न्यायिक प्रक्रियाबाट थुनामा रहेको देखिँदा निजको थुना गैरकानूनी नहुँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणसमेतको आदेश जारी गर्न मिलेन प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः शिवहरि पौडेल

इति संवत् २०७८ साल फागुन ११ गते रोज ४ शुभम्।

**३१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७३-CR-०४३२, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), रामुप्रसाद यादव वि. नेपाल सरकार*

उच्च माध्यमिक शिक्षा परिषद्ले प्रकाशित गरेको उच्च माध्यमिक तहको अस्थायी सम्बन्धनको सूचना अनुसार बारा जिल्ला गोलागञ्ज गा.वि.स. वडा नं. ७, सिम्रनगौढ स्थित श्री कंकाली माध्यमिक विद्यालयले पेस गरेको आवेदन फाराम हेर्दा, प्रस्तावित शिक्षकको विवरण खण्डमा सि.नं. ४ मा रामुप्रसाद यादव र निजको शैक्षिक योग्यतामा M.Sc. Math विषय बिहार विश्वविद्यालयबाट उत्तीर्ण गरेको भन्ने उल्लेख गरी सो विद्यालयका प्रधानाध्यापक श्री रामकलशप्रसाद बरैले मिति २०६६।१०।२२ मा निवेदन दिएको देखिन्छ । मिति २०६७।०३।३० मा उच्च माध्यमिक शिक्षा परिषद्ले पुनः सूचना जारी गरी "उच्च माध्यमिक तहको कक्षा सञ्चालन गर्ने अनुमति प्राप्त गर्न स्नातकोत्तर उत्तीर्ण विषयगत शिक्षकहरूको शैक्षिक योग्यता र तीन वर्ष पढाउने कबुलियतनामासमेत पेस गर्नुपर्ने" भन्ने अनिवार्य सर्त तोकेको पाइन्छ । उक्त सूचनाबमोजिम यी प्रतिवादी रामुप्रसाद यादवसमेतले आफ्नो शैक्षिक योग्यता स्नातकोत्तर भएको र तीन वर्षसम्म सेवा गर्ने भनी कबुलियतनामा पत्रमा हस्ताक्षर गरी मिति २०६७।०३।३१ मा पेस गरेको देखिने ।

कबुलियतनामाको साथमा यिनै प्रतिवादी रामुप्रसाद यादवको नागरिकताको प्रमाणपत्रको फोटोकपी र निजले सन् २००४ मा बाबासाहेब भिमराव अम्बेडकर विहार विश्वविद्यालय, मुजफ्फरपूरबाट प्राप्त गरेको M.Sc. Math को सोही विवादित शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरेको देखिन्छ । प्रतिवादी स्थायी मा.वि. शिक्षकको रूपमा कार्यरत कंकाली माध्यमिक विद्यालयलाई उच्च माध्यमिक विद्यालयको सम्बन्धन दिलाउने प्रक्रियामा निजको शैक्षिक योग्यता स्नातकोत्तर भएको भनी कबुलियतनामामा आफैले हस्ताक्षर गरी सोही विवादित प्रमाणपत्र पेस गरेको कार्यबाट निजको संलग्नता रहेको नै पुष्टि भई सो कबुलियतनामालाई निजले अन्यथासमेत प्रमाणित गर्न नसकेको हुँदा यिनै प्रतिवादीले उक्त नक्कली प्रमाणपत्र पेस गरेको भन्ने देखिने ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा १ ले राष्ट्रसेवकले कुनै लाभ पाउने उद्देश्यले शैक्षिक योग्यताको झुट्टा विवरण पेस गरेमा सो कार्य भ्रष्टाचार हुने व्यवस्था गरेको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीले उक्त विवादित प्रमाणपत्र पेस गरेबाट निज कार्यरत श्री कंकाली माध्यमिक विद्यालयलाई उच्च माध्यमिक शिक्षा परिषद्ले च.नं. ७४१ मिति २०६७।०६।१० को पत्रबाट उच्च माध्यमिक तहको कक्षा सञ्चालन गर्नको लागि अस्थायी सम्बन्धन प्रदान भएको देखिने ।

यसरी कंकाली माध्यमिक विद्यालयलाई उच्च मा.वि.को सम्बन्धन दिलाउने मनसायले प्रतिवादीले शैक्षिक योग्यताको झुट्टा विवरण पेस गरेको देखिन्छ । प्रतिवादीले प्रत्यक्ष लाभ प्राप्त गरेको नभए पनि सम्बन्धनका लागि राज्यले तोकेको शैक्षिक योग्यता पुऱ्याउने मनसायका साथै विद्यालयको स्तरोन्नतिपश्चात् राज्यबाट विद्यालयलाई प्राप्त हुने सुविधा मान्यता जस्ता अप्रत्यक्ष लाभसमेत लिने मनसाय प्रतिवादीले उक्त नक्कली प्रमाणपत्र पेस गरेको भन्ने देखिन्छ । सोही झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्रसमेतको आधारमा उक्त विद्यालयको स्तरोन्नति भएको अवस्थामा यी प्रतिवादीलाई नक्कली प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको कसुरमा कसुरदार ठहऱ्याएको विशेष अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

अतः पुनरावेदक प्रतिवादी रामुप्रसाद यादवले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचारको कसुर गरेको हुनाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम छ महिना कैद र रू.१०,०००।– जरिवाना हुने गरी विशेष अदालतबाट मिति २०७२।०९।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : मनिता गुरूङ

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७८ साल पुस १३ गते रोज ३ शुभम् ।

### ३२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७४-CI-१२४३, अंश दिलाई दर्ता गरिपाउँ, देउबहादुर नाल्बो वि. मनकुमार भन्ने अभिशेक नाल्बो*

वादी मनकुमार भन्ने अभिशेक नाल्बो, वादीकी आमा जसमती दमाई र पुनरावेदक प्रतिवादी देउबहादुर नाल्बोको रगतको नमुना सङ्कलन गरी DNA परीक्षण गर्दा अभिषेक नाल्बो लिम्बूको देउबहादुर नाल्बो लिम्बू जैविक बाबु हुने सम्भावना (Probability of paternity) ९९.९९ प्रतिशत छ भन्ने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका विशेषज्ञ वैज्ञानिक अधिकृत दिनेशकुमार झाको राय प्रतिवेदनबाट देखिन आएको छ । यस अदालतको आदेशानुसार बकपत्रको लागी उपस्थित हुनुभएका निज विशेषज्ञ वैज्ञानिक दिनेशकुमार झाले DNA परीक्षण गर्दा तथ्याङ्कीय विश्लेषणबाट ९९.९९ प्रतिशत जैविक बाबु हुने सम्भावना रहेको भनी प्रसिद्ध विज्ञ Charles Brenner को DNA फर्मुलाको आधारमा भनिएको हो । DNA परीक्षणको नतिजा विश्वसनीय र अन्तरराष्ट्रियस्तरको छ भन्ने बकपत्र गरेको पाइयो । वादीकी आमा जसमती दमाईले सुरू अदालतमा गरेको बयानमा देउबहादुर नाल्बोले यौन सम्पर्क गरी सोही कारण गर्भ रहन गई वादी मनकुमार भन्ने अभिशेक जन्मेको भनी लेखाइदिएको पाइन्छ । अतः उपर्युक्तानुसार कागज प्रमाणबाट वादीकी आमा जसमती र प्रतिवादीबिच करणी लिनुदिनु भई वादी अभिशेक नाल्बो लिम्बूको जन्म भएको तथ्य स्थापित हुन आउने ।

अब निजहरूको करणी वीर्यबाट जन्मेको नाबालकको कानूनी हैसियत के हुने र निजको भरणपोषण र संरक्षणको कानूनी दायित्व कसरी निर्धारण गर्ने भन्ने सन्दर्भमा हेर्दा, प्रत्यर्थी मनकुमार भन्ने अभिशेक नाल्बोको जन्म प्रतिवादीको करणी वीर्यबाट भएको र जन्मदात्री आमाले वादीको जायजन्म प्रतिवादीकै करणी वीर्यबाट भएको हो भनी अदालतसमक्ष बयान गरेको, हाल निज अर्कै व्यक्तिसँग विवाह गरी गइसकेको अवस्थामा रहेको देखिन्छ । वादी मनकुमार भन्ने अभिशेक नाल्बोको जन्मदाता बाबु यी प्रतिवादी देऊबहादुर नाल्बो रहेको पुष्टि हुन आएकोले वादी मनकुमार भन्ने अभिशेक नाल्बो र प्रतिवादी देउबहादुर नाल्बोबिच बाबुछोराको नाता कायम हुने देखियो ।निजको पालनपोषण एवम् साम्पत्तिक हकका सम्बन्धमा हेर्दा जन्मदाता बाबुसँग नै निजले अंशभाग पाउने कानूनी र वंशीय हक पनि भएकोले प्रत्यर्थी वादी अभिशेक पुनरावेदक प्रतिवादीको छोरा भई एकासगोलको अंशियार रहेको पुष्टि हुन आएकोले प्रतिवादीबाट वादीले अंश पाउने देखिने ।

वादीकी आमा जसमती दमाईले कृष्णप्रसाद दमाईलाई प्रतिवादी बनाई दायर गरेको अंश मुद्दाको सम्बन्धमा विचार गर्दा, सो मुद्दामा प्रस्तुत मुद्दाका वादी र प्रतिवादीबिच बाबु छोराको नातासम्बन्ध कायम हुने गरी फैसला भएको अवस्था छैन । राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट वादी अभिशेक नाल्बो लिम्बूको यी पुनरावेदक प्रतिवादी देउबहादुर नाल्बो लिम्बू जैविक बाबु हुने सम्भावना (Probability of paternity) ९९.९९ रहेको भनी वैज्ञानिक परीक्षणबाट देखिन आएको छ । वैज्ञानिक आधार कारणहरूले वस्तुगत तथ्यहरूको उजागर गर्ने हुँदा सो तथ्य विश्वसनीय र भरपर्दो हुने हुन्छ । वादीकी आमाले अन्य उनाउ व्यक्तिसँग सम्बन्ध रहेको भनी दायर गरेको अंश मुद्दा यिनै प्रतिवादीले सिकाएर फकाएर दायर गरेको भनी बयान गरेकी छिन् । वादीकी आमा जसमतीले कृष्णप्रसाद दमाईसँग विवाह गरेको, निजबाट छोरा दिपेसको जन्म भएको भन्ने स्वयम् वादीकी आमाले दिएको अंश मुद्दाको फिरादमा उल्लेख रहेको भन्ने पुनरावेदन जिकिर रहेको छ तर सो तथ्य प्रमाणबाट समर्थित हुन सकेको छैन । जसमतीबाट मिति २०५४।०८।०६ मा छोरा दिपेसको जन्म भएको भन्ने प्रमाणबाट पुष्टि भएको देखिँदैन । साथै दिपेस भन्ने व्यक्तिको अस्तित्व रहेको देखिने कुनै प्रमाण पेस भएको देखिँदैन । गाउँघरमा हुर्केकी सामाजिक परिवेश र आर्थिक विपन्नताको परिस्थितिमा वादीकी आमाले अरू व्यक्तिबाट

दिपेसको जन्म भएको भनी अंश मुद्दाको बेहोरामा लेखे पनि सो तथ्य बनावटी भएको भन्ने देखिन्छ । DNA जस्तो वैज्ञानिक परीक्षणबाट देखिन आएको प्रमाणलाई अन्यथा प्रमाणित नभएको स्थितिमा प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने नै हुँदा प्रतिवादीको पुनरावेदन जिकिर तथा निजका तर्फबाट उपस्थित हुनुभएका विद्वान् कानून व्यवसायीले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थः पुनरावेदक प्रतिवादी देउबहादुर नाल्बो लिम्बू, प्रत्यर्थी वादी मनकुमार भन्ने अभिशेक नाल्बो लिम्बूका जैविक बाबु भएको पुष्टि भई सगोलका अंशियार रहेकोमा वादी प्रतिवादीबिच यसअघि बन्डा भएकोसमेत नदेखिएकोले प्रत्यर्थी वादी मनकुमार भन्ने अभिशेक नाल्बो लिम्बूले पुनरावेदक प्रतिवादी देउबहादुर नाल्बो लिम्बूबाट फिराद दाबीबमोजिम अंश पाउनुपर्नेमा फिराद दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू ताप्लेजुङ जिल्ला अदालतबाट मिति २०७१।०२।१९ मा भएको फैसला बदर गरी प्रत्यर्थी वादी मनकुमार भन्ने अभिशेक नाल्बो लिम्बूले पुनरावेदक प्रतिवादी देउबहादुर नाल्बो लिम्बूबाट फिराद दाबीबमोजिम तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट मूल ५ अंशियारको ५ भाग लगाई सोको १ भागलाई पुनः ९ भाग लगाई सोको १ भाग सम्पत्ति अंश पाउने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत इलामबाट मिति २०७३।०१।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कृतिबहादुर बस्नेत

इति संवत् २०७८ साल माघ ४ गते रोज ३ शुभम् ।

### ३३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७७-CI-०१३३, अंश चलन, हरिकृष्ण श्रेष्ठसमेत वि. पूर्णिमाकुमारी महर्जन*

एकासगोलका पुस्तेवारी भएका व्यक्तिहरूमध्ये पूर्णिमाकुमारी र श्रीकृष्ण श्रेष्ठले एउटै विषयवस्तु अर्थात् अंश मागकै लागी छुट्टा-छुट्टै फिराद दायर गरेको र उक्त दुबै मुद्दाहरू लगाउमा राख्ने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट आदेशसमेत भई लगाउमै रहेको पाइयो । साथै पूर्णिमाकुमारीले दायर गरेको प्रस्तुत अंश मुद्दामा मिति २०७४।१२।०१ मा तायदाती माग गर्दा पनि ०७२-CP-३८११ को अंश मुद्दामा पेस भएको तायदातीलाई वादी प्रतिवादीलाई सुनाई अन्य सम्पत्ति भए तायदाती पेस गर्न लगाउनु भन्ने आदेश भएको पाइयो । यसरी एकैसाथ लगाउमा रहेका मुद्दामध्ये ०७२-CP-३८११ को अंश मुद्दामा मिति २०७५।०५।०६ मा मिलापत्र भएको देखियो । प्रस्तुत मुद्दा मिलापत्र गर्दाका बखत यी वादी पूर्णिमाकुमारीले रोक्कासमेत राखेको कि.नं.३७३ र ४३४ को जग्गामा निजको मन्जुरी वा संलग्नतामा मिलापत्र भएको पनि देखिएन । अंश मुद्दामा तायदाती माग्ने आदेश भई बन्डा गर्नुपर्ने सम्पत्तिभित्र समावेश भएको घरजग्गा दाबीकर्ताको सल्लाह, सहमति तथा मन्जुरीबेगर निजको हक जाने गरी मिलापत्र गर्ने गरी भएको कार्यबाट निजलाई मर्का परेकै देखिन आयो । आफ्नो सहमति, मन्जुरी बेगर अंश भाग घटबढ हुन सक्ने अवस्थामा निजको सहमति, मन्जुरी बेगरको मिलापत्रलाई सफा मन र नियतपूर्वक भएको मान्न नसकिने ।

यसरी एकैसाथ लगाउमा रहेको अंश मुद्दामा सबै अंशियारले अंश पाउने सम्पत्तिमा अन्य आश्रित अंशियारको अंश हक घट्ने गरी ०७२-CP-३८११ को अंश मुद्दामा मिति २०७५।०५।०६ मा मिलापत्र गरेको देखियो । मूल अंशियारले लगाउमा रहेको विवादित मुद्दाका अन्य अंशियारको अंश भागमा असर पर्ने गरी काठमाडौं जिल्लाअन्तर्गत रहेको महत्त्वपूर्ण र मूल्यवान् जग्गा छाडी मिलापत्र गर्दा निज पूर्णिमाकुमारीको मन्जुरी तथा रोहबरमा निजलाई नराखी भएको मिलापत्रबाट निज वादीको अंश हकमा असर पर्न जाने नै हुन्छ । यसबाट निज वादी पूर्णिमाकुमारीको अंश हक नै निष्क्रिय हुनसक्ने अवस्था देखिने ।

अतः अंश मुद्दा दायर गरी एकै लगाउमा राखिएका मुद्दाहरूमध्ये विवादित जग्गाहरू वादीको निवेदन मागबमोजिम निजको हक जति रोक्का राख्ने

आदेश भइसकेको अवस्थामा निज वादीको मन्जुरी र सहमतिबेगर भएको मिलापत्रबाट वादीको अंश हकमा असर पार्ने उद्देश्यबाट भएको मिलापत्रले निजको अंश भाग घटाई भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी गरी विवादित कि.नं.३७३ र ४३४ को कित्ताबाट समेत अंश पाउने ठहऱ्याई भएको उच्च अदालत पाटनको फैसला मिलेकै देखिने।

तसर्थ, सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।०६।२३ मा विवादित कि.नं.३७३ र ४३४ कित्ताबाहेकबाट अंश पाउने गरी भएको फैसला केही उल्टी गरी वादी पूर्णिमाकुमारी महर्जनले कि.नं.३७३ र ४३४ को कित्तासमेतबाट अंश पाउने ठहऱ्याई भएको उच्च अदालत, पाटनको मिति २०७६।११।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भेषराज भट्टराई

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७८ साल मङ्सिर २२ गते रोज ४ शुभम्।

## इजलास नं.५

### ३४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७३-CR-१७१३, जबरजस्ती करणी, कपिल भन्ने सुदाम जोशी महर्जन*

जाहेरवालीले यी प्रतिवादीउपर जबरजस्ती करणी गरी धनमाल चोरी गरी लिई गएकोले कानूनी कारबाही गरिपाउँ भनी जाहेरी दिएको अवस्था विद्यमान देखिन्छ । प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा सो कसुर स्वीकार गरी बयान गरेको अवस्थाको विद्यमानता रहेको देखिन्छ भने निज प्रतिवादीले अदालतसमक्ष उपस्थित भई बयान गर्दा आरोपित कसुरमा पूर्ण इन्कार रही बयान गरेको पाइन्छ । जाहेरवालीले अदालतमा गरेको बकपत्रमा पनि दुबै जना राजीखुसीले घुमफिर गरेको, सिनेमा हेर्न गएको र होटलसम्म गई सहमतिमा नै उक्त होटलमा रात बिताएको देखिन्छ । पीडित प्रतिवादी नाबालक नभई उमेर पुगेको वयस्क नागरिक रहेको देखिन्छ । प्रतिवादीले अदालतसमक्ष गरेको बयानमासमेत घुमफिर गर्न गएको र होटलमा गई बास बसेको कुराको हदसम्म यी पीडित जाहेरवालीले गरेकी बकपत्रसँग सामञ्जयस्यता रहेको पाइन्छ भने करणी भएको विषयमा मात्र मुख नमिलेको अवस्था रहेको देखिन्छ। प्रतिवादी र जाहेरवाली एकआपसमा भेटघाट गरी एकैसाथ घुमफिर गर्नु, सिनेमा हेर्न जानु त्यसपछि होटलमा कोठा बुक गरी एउटै कोठामा दुइवटा खाट सँगै मिलाई सुत्ने जस्ता कार्य गर्दासम्म एक आपसमा विवाद रहेको नभई सहमति नै रहेको देखिन्छ। पीडित जाहेरवालीले अदालतसमक्ष गरेको बकपत्रको स.ज. ४ मा करणी गर्दा म रूने कराउने गरिन भनेकी छन् भने स.ज. ९ मा विवाह गरौँ भन्दा नमानेको कारणबाट उजुर गरेको हुँ भनी लेखाइदिएको पाइन्छ। यी प्रतिवादीले पीडितलाई कस्तो कस्तो डरधाक देखाई के कस्तो जोरजुलुम गरे भन्ने कुरा मिसिल संलग्न कागजातबाट प्रस्ट रूपले केही खुल्न आउँदैन। यी पीडितालाई कुनै घाउचोट निलडाम भएको पनि नदेखिएको र प्रतिकार गरेको अवस्था पनि नदेखिएको, प्रतिकार गर्दा आफ्नो सतीत्व नष्ट हुँदासम्म पनि चिच्याउने, कराउने गरेको अवस्थासमेत नदेखिँदा घटनाक्रमलाई हेर्दा एकैसाथ घुमेको, स्वेच्छाले एकैसाथ सिनेमा हेर्न गएको र बेलुका होटलमा एउटा कोठा बुक गरी बसेको र अलग अलग रहेका खाटहरू सँगै एकैसाथ राखी मिलाई सुत्ने सहमति अनुसार साथै सुतेको अवस्था देखिन्छ । यी यस्ता कार्यहरू हुँदासम्म पीडित भनेकीको कुनै विरोध रहेको देखिँदैन। सबै कुरा इच्छा मुताबिक नै भएको र दुवै जनाको सहमति अनुसार सबै कार्य भइसकेपछि रकमको सम्बन्धमा कुरा नमिलेको र विवाह गर्छु भनी शारीरिक सम्बन्ध राखेको तर विवाह गरौँ भन्दा नमानेकोले जाहेरी दिएको हो भनी स्वयम् पीडितको बकपत्रबाट देखिन आउँछ । शारीरिक सम्बन्ध राख्दाको अवस्थामा इच्छा विपरीतसम्बन्ध रहेको अवस्था देखिन आउँदैन। विवाह गर्ने लिने जाने

सहमति भइसकेपछि एकैसाथ सुतेको सबै कार्य भएको अवस्था देखिन्छ तर पछि कुनै कुरा नमिलेको कारण सहमतिमा भएको कार्यलाई जबरजस्ती भनी जाहेरी दिएको देखिन्छ। त्यस्तो इच्छाअनुसार उमेर पुगेका दुवै जनाबिच भएको शारीरिक सम्बन्धलाई जबरजस्तीको परिभाषाभित्र समाहित गर्न मिल्ने देखिँदैन । यस्तो अवस्थामा जबरजस्ती करणी नै भएको भनी ठहर गर्नु न्यायोचित हुने देखिँदैन। आपसी सहमति मन्जुरीबाट भएको कार्यलाई बलपूर्वक व्याख्या गरी जबरजस्ती भएको भनी मान्न मिल्ने नदेखिने।

जबरजस्ती करणी जस्तो जघन्य कसुरमा जबरजस्ती करणी भएको कार्यलाई पुष्टि गर्ने ठोस सबुत प्रमाणको अभावमा कसुरदार कायम गर्नु फौजदारी कानूनको मान्य सिद्धान्तको विपरीत हुने हुँदा यसअघि प्रस्तुत यसै अदालतबाट मुद्दामा दोहोर्‍याई हेरी पाउने निस्सा प्रदान हुँदा लिएका आधार बुँदासँग सहमत हुँदै मिसिल संलग्न तथ्यगत आधार प्रमाणलाई विश्लेषण गर्दा जाहेरी बेहोरा, प्रतिवादीको अदालतसमक्ष भएको बयान, पीडिताको शारीरिक परीक्षण प्रतिवेदन, बुझिएका सरकारी पक्षका साक्षीहरूको बकपत्रबाट समेत आरोपित कसुर स्थापित हुने आधार केही देखिँदैन। जाहेरवालीले भनेको सुनेको भन्ने आधारमा मात्र बुझिएका मानिसहरूको कथन रहेको पाइन्छ भने घटना क्रम, घटना हुँदाको अवस्था, घटना हुँदाको परिस्थितिसमेत प्रमाणबाट पीडिताले आफूउपर अनैतिक कार्य हुँदासमेत प्रतिकार नगरी चुप लागी सहमति प्रदान गरेकोसमेतका प्रमाणहरूबाट जबरजस्ती करणीको वारदात भएको भनी मान्न सकिने तथ्यगत तथा कानूनी आधारसमेत केही नदेखिँदा यी प्रतिवादी कपिल भन्ने सुदाम जोशी महर्जनलाई जबरजस्ती करणीतर्फको कसुरमा अभियोग मागदाबीबमोजिम सजाय गर्ने गरेको सुनसरी जिल्ला अदालतको फैसला सदर गर्ने ठहर गरी उच्च अदालत विराटनगरबाट मिति २०७३।९।६ मा भएको फैसला सो हदसम्म नमिलेको देखिँदा उल्टी भई प्रतिवादी कपिल भन्ने सुदाम जोशी महर्जनले जबरजस्ती करणीको कसुरबाट सफाइ पाउने।

साथै पीडितको घाँटीको सुनको सिक्री र मोबाइल थान १ समेत जबरजस्ती चोरी गरी लिए भन्ने कसुरतर्फ विचार गर्दा प्रतिवादीबाट मोबाइल थान १ मात्र बरामद भएको र सो मोबाइल जाहेरवालीले मेरो हो भनी सनाखतसमेत गरिदिएको देखिन्छ। बरामद भएको मोबाइल जाहेरवालीले मलाई राख्न दिएकी हुन भनी प्रतिवादीले आफ्नो भनाइ व्यक्त गरेको देखिन्छ तापनि हरसमय आफूसँग रहने फोन गर्नलाई प्रयोग हुने मोबाइल सेट प्रतिवादीलाई राख्न दिनुपर्ने कारण अवस्था केही देखिँदैन। जाहेरवालीलाई थाहा नदिई होटलबाट जाँदा मोबाइल उठाई लिई गएको देखिन्छ। जबरजस्ती खोसी लिएको नभई सँगै सुतेको समयमा मोबाइल लिई गएकाले सामान्य चोरीतर्फको कसुर ठहर्‍याई यी प्रतिवादीलाई सजाय ठहर गर्ने गरेको सुरु फैसला सदर गर्ने ठहर गरेको उच्च अदालतको फैसला मिलेकै देखिँदा सो हदसम्म सदर हुने।

इजलास अधिकृतः वीरेन्द्रबहादुर मल्ल

कम्प्युटर: विजय खड्का

इति संवत् २०७७ साल असार २८ गते रोज १ शुभम्।

**३५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७७-WO-०२४७, उत्प्रेषणसमेत, निर्मलकुमार भट्ट वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर*

निवेदकहरूले विज्ञापित पदमा प्रतिस्पर्धा गर्न पाउनेसम्बन्धी प्रश्नको निरूपण रेणुका गिरीसमेतको निवेदनका सन्दर्भमा यस अदालतबाट भइसकेको देखिन्छ। यसरी एक पटक निरूपण भइसकेको कानूनी प्रश्न सम्बन्धमा निवेदक को थिए, को थिएनन् भन्ने जस्ता सामान्य र नितान्त प्राविधिक कारण देखाई निवेदकहरूलाई प्रतिस्पर्धामा सामेल हुनबाट बञ्चित गर्नु मनासिब हुँदैन। निवेदक रेणुका गिरीसमेत भएको विवादका सन्दर्भमा यस अदालतबाट आदेश हुँदा ग्रहण गरिएका समान आधार र कारणबाट निवेदकहरूलाई विज्ञापित पदको प्रतिस्पर्धामा सामेल नगराउने गरी

भएका काम कारबाही कानून प्रतिकूल देखियो । यसरी बञ्चित गरिएको कारणबाट निवेदकहरूको वैध अपेक्षा र रोजगारीको हकमा अनुचित असर पुग्न जाने अवस्था रहेको पाइएको ।

अतः प्रत्यर्थी लोकसेवा आयोगबाट निवेदकहरूलाई विज्ञापित रा.प.तृतीय श्रेणीको पदमा प्रतिस्पर्धा गर्नबाट बञ्चित गर्ने गरी भए गरिएका काम कारबाही तथा निर्णय उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब निवेदकहरूलगायत निजहरूसरहका उम्मेदवारलाई विज्ञापित पदमा प्रतिस्पर्धा गर्न दिनु, दिलाउनु भनी प्रत्यर्थी लोक सेवा आयोगका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: उषा गिरी

कम्प्युटर अपरेटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल पुस १ गते रोज ४ शुभम् ।

**३६**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७७–WO-०३३२, उत्प्रेषणसमेत, नारायणप्रसाद रेग्मी वि. संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमेत*

निवेदकको मागबमोजिमको नेपाल इन्जिनियरिङ सेवाका अन्य समूह उपसमूहका पदहरूको पदपूर्तिका लागी सूचना प्रकाशन गरेको तर सर्भे समूहको रा.प. प्रथम श्रेणीको रिक्त १ पदको सूचना प्रकाशन नगरी कानून विपरीत गरिएका सम्पूर्ण काम, कारबाही, निर्णयले निवेदकको वृत्ति विकासमा प्रत्यक्ष असर पर्ने हुँदा विपक्षीहरूको सो कार्य वैध अपेक्षाको सिद्धान्त अनुकूलसमेत देखिँदैन । कानूनको संरक्षण सबैमा समान रूपमा हुनुपर्दछ । यो व्यवहारबाट नै देखिनुपर्दछ तर सो अनुसार नभएर एक पद लुकाई विपक्षीहरूले स्वेच्छाचारी ढङ्गले गरेको काम कारबाही कानून र नियमसम्मत नदेखिने ।

अतः नेपाल इन्जिनियरिङ सेवा सर्भे समूह रा.प. प्रथम श्रेणीको रिक्त पद १ (एक) समावेश नगरी अन्य पदहरूको मात्र पदपूर्ति गर्ने सम्बन्धमा विपक्षीहरूबाट भएका कानून विपरीतका सम्पूर्ण काम कारबाही तथा निर्णय, सूचना, पत्राचार आदिसमेतलाई उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब उल्लिखित माग आकृतिबमोजिमको रिक्त एक पदको प्रतिशत निर्धारण गरी छुट भएको नेपाल इन्जिनियरिङ सेवा, सर्भे समूह रा.प. प्रथम श्रेणीको रिक्त पद १ (एक) समेतलाई समावेश गरी कानूनबमोजिम पदपूर्तिको प्रक्रिया अगाडि बढाउनु भनी विपक्षीहरू नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: उषा गिरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७७ साल पौष १ गते रोज ४ शुभम् ।

**३७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०६८-CI-१२२६, हकहिस्सा नामसारी, नरेन्द्रमान माली वि. सुरेन्द्र माली*

कृष्णमायाले शेषपछिको बकसपत्र दिएको सम्बन्धमा मुलुकी ऐन, स्त्री अंशधनको २ नं. मा रहेको कानूनी व्यवस्थाको सन्दर्भमा उठाइएको प्रश्नको यस अदालतको मिति २०६२/०२/१७ को फैसलाबाट निरूपण भइसकेको देखिन्छ । साथै, सो मुद्दाबाट शेषपछिको बकसपत्र लिखत आधाको आधा बदर भएकोसमेत देखियो । परिणामतः लिखत गरिदिएको सम्पत्तिमध्ये आधाको आधा भाग लिखत हुनुअगाडिकै स्थितिमा पुगेको देखियो । यस अवस्थाको कृष्णमायाको सम्पत्तिमा निजको शेषपछि सबै छोराहरूको समान हक लाग्ने देखियो । यस प्रकारको सम्पत्तिमा दाबी गर्न वादी नरेन्द्रमान मालीको हकदैया नपुग्ने वा हदम्याद नाघेको मान्न मिल्ने कुनै कारण देखिँदैन । शेषपछिको बकसपत्र लिखत आधाको आधा बदर भई पूर्ववत् रूपमा आएको अवस्थामा पहिले मुद्दा गरी दाबी नगरेको वा साक्षी बसेको जस्ता कुनै सामान्य प्राविधिक कारणबाट कुनै छोराले हक हिस्सा पाउने, कुनै छोराले नपाउने भन्नु तर्कसङ्गत हुने नदेखिने ।

अतः वादी दाबी खारेज हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८/०९/०६ को फैसला उल्टी भई वादी दाबीबमोजिम नरम-गरम

मिलाई वादी नरेन्द्रमान मालीले कि.नं. २३८ र २४२ को जग्गाको यस अदालतको मिति २०६२/०२/१७ को फैसलाबाट लिखत बदर भएको हदसम्मको सम्पत्तिमध्ये चार भागको एक भाग जग्गा नामसारी गरी लिन पाउने ।

इजलास अधिकृत: माधवप्रसाद लोहनी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत २०७७ साल मङ्सिर २२ गते रोज २ शुभम् ।

**३८**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७०-CR-१७०७, ०७१-CR-१५२०, ठगी, नेपाल सरकार वि. रामकुमार यादवसमेत, लक्ष्मण यादव वि. नेपाल सरकार*

प्रतिवादी रामकुमार यादवले सुरू म्यादै गुजारी बसेको देखिन्छ । सुरू म्याद नै गुजारी बसेको हुँदा तत्काल प्रचलित मुलुकी ऐन, अ.बं. २०८ नं. बमोजिम निजको पुनरावेदन लाग्ने अवस्था पनि रहेन । न्यायिक प्रक्रियामा आफूलाई समर्पण नगरी सुरू म्याद नै गुजारी बस्ने प्रतिवादीका हकमा अरू दैयादारले अ.बं. २०५ नं. बमोजिमको सुविधा दाबी गरी पुनरावेदन गर्न पाउने अवस्था हुँदैन । यसका अतिरिक्त जाहेरवालीको जग्गा निजलाई फकाइ-फूल्याइ, झुक्यानमा पारी आफ्नो नाममा लिखत पारित गरी लिने र सो सम्पत्ति बिक्री गरी नाजायज फाइदासमेत लिने मूल कर्ता निजै रामकुमार यादव हुन भन्ने मिसिल प्रमाणबाट देखिएको छ । निजले बाबु-आमा मरेपछि टुहुरी भएकी साली नाताकी जाहेरवाली रञ्जना यादवउपर विश्वासको घात गरेको देखिन्छ । निजको स्थिति अन्य प्रतिवादीहरू सरह नभई आधारभूत रूपमा नै फरक किसिमको रहेको पाइयो । पुनरावेदन गर्ने र नगर्ने प्रतिवादीहरूको स्थिति समान किसिमको देखिन आएमा, वा गम्भीर अन्यायको अवस्था कायम रहने देखिएमा, वा वारदात नै कायम नहुने स्थिति भएमा वा यस्तै अन्य पर्याप्त र मनासिब कारण देखिएमा उल्लिखित अ.बं. २०५ नं. मा रहेको प्रावधान आकर्षित हुने अवस्था रहन्छ । प्रस्तुत विवादमा त्यस प्रकारको कुनै पनि अवस्था देखिन आएन । निज रामकुमार यादव नै मूल कारणी व्यक्ति देखिएको हुँदा निजले ठगीको कसुर गरेको भनी सुरू सप्तरी जिल्ला अदालतबाट भएको फैसलालाई मुलुकी ऐन, अ.बं. २०५ नं. अथवा हाल प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४(२) बमोजिम उल्टी गर्नुपर्नेसम्मको अवस्था देखिन नआउने ।

प्रस्तुत मुद्दामा ठगीको वारदात कायम गरी प्रतिवादी रामकुमार यादवलाई ठगीको कसुरदार ठहर गरी सजाय गरेको सुरू सप्तरी जिल्ला अदालतको फैसला सो हदसम्म सदर कायम रहने ठहर्छ । निजलाई समेत सफाइ दिइनुपर्दछ भन्ने प्रतिवादी लक्ष्मण यादवको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

जाहेरवालीलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८ बमोजिम सजाय हुनुपर्दछ भन्ने प्र. लक्ष्मण यादवको पुनरावेदन जिकिरतर्फ विचार गर्दा प्रतिवादीमध्येका रामकुमार यादवका हकमा ठगीको कसुर कायम भई निजलाई सजाय हुने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर कायम रहने ठहर भएको; उजुरी जाहेरी दिनुपर्ने केही-न-केही तथ्ययुक्त कारण भएर नै जाहेरी दिएको देखिएको; यसलाई विलकुलै झुट्ठा बेहोराको, बनावटी र आधारहीन जाहेरी भन्न मिल्ने अवस्था नदेखिएको हुँदा जाहेरवाली रञ्जना यादवलाई सजाय हुने ठहर गर्नु मनासिब नदेखिने ।

प्रतिवादी रामकुमार यादवबाहेकका सुरू अदालतमा उपस्थित भई बयान गर्ने अन्य प्रतिवादीहरूका सम्बन्धमा विचार गर्दा जाहेरवाली रञ्जना यादवको आमाको देहावसान पश्चात् निजका नामको जग्गा निज जाहेरवालीका नाममा नामसारी गराई रामकुमार यादवले आफ्नो नाममा मालपोत कार्यालयबाट रजिष्ट्रेसन पारित गरी हक हस्तान्तरण गरिलिएको र अन्य प्रतिवादीहरूलाई समेत हक हस्तान्तरण गरी दिएको देखिन्छ । प्र. रामकुमार यादवले ठगीको कार्य गरेको भन्ने जानी-जानी, निजको कसुरजन्य मत-सल्लाहमा पसी अन्य प्रतिवादीहरूले

कार्य गरेको देखिने कुनै भरपर्दो प्रामाणिक आधार देखिँदैन । मालपोत कार्यालयमा गई लिखत पारित गर्दाको सिलसिलामा प्रतिवादीहरू मध्ये कोही लिखत तयार गरिदिने लेखनदास, कोही साक्षीको रूपमा रहेका व्यक्ति र कोही रकम बुझाई जग्गा खरिद गरी लिने व्यक्ति भन्नेसम्म देखिएको छ । प्र. रामकुमार यादवले झेलझाल र ठगी कार्य गरेको भन्ने थाहा पाएर नै अन्य प्रतिवादीहरूले दोषी मनसाय राखी कार्य गरेको तथ्य पुष्टि हुन आएको पाइएन । निज प्रतिवादीहरूले आरोपित कसुरमा इन्कार रही आ-आफ्नो निर्दोषिताको जिकिर गरी बयान गरेको देखिन्छ । समग्र परिस्थितिजन्य अवस्थातर्फ विचार गर्दा रामकुमार यादवबाहेकका सुरू अदालतमा उपस्थित भई बयान गर्ने सूर्यनारायण यादवसमेतका २४ जना प्रतिवादीहरू कसुरदार हुन् भनी मान्न सकिने अवस्था देखिँदैन । जग्गा पारित गरी लिने, दिने सन्दर्भमा प्रक्रियागत रूपमा संलग्न रहेको वा जग्गा खरिद गरेको भन्ने कुरालाई लिएर केवल शङ्काको भरमा कसुरदार ठहर गर्नु मनासिब हुँदैन । निज प्रतिवादीहरूले के कस्तो जाल-परिपञ्च वा लोभ-लालच दिई जाहेरवालीलाई परिबन्धमा पारेका हुन् भन्ने कुरामा वादी पक्षले स्पष्ट रूपमा किटान गरी प्रमाणित गर्न सकेको देखिएन । मुलुकी ऐन, ठगीका महलको १ नं. मा "कसैले आफ्नो हक नपुग्ने अर्काको हकको चल अचल धनमाल हक पुग्नेलाई वा जसका जिम्मामा रहेको छ उसलाई ललाइ फकाई वा जालपरिपञ्च गरी वा आफनो हक नभएको सम्पत्तिमा आफ्नो हक पुग्ने किर्ते कागज बनाई दिई वा पेस गरी वा आफूसँग नभएको कुरा आफूसँग छ भनी झुक्याइ वा झुटो कुरालाई सद्दे हो भनी झुक्याइ वा अरू जुनसुकै बेहोरासँग धोका दिई गफलतमा पारी आफनो हक नपुग्ने अर्काको हकको चल अचल धनमाल लिए दिए दिलाएमा वा अर्काको माल मेरो हो भनी वा मेरो भएको छ भनी लिखत गरी वा नगरी सोही माल लिए दिए बिक्री-व्यवहार गरेमा वा सट्टा-पट्टा गरी लिएमा ठगी गरेको ठहर्छ" भनी उल्लेख भएको देखिन्छ । सोबमोजिमको कार्य प्र. रामकुमार यादवबाहेकका अर्थात् सूर्यनारायण यादवसमेतका प्रतिवादीहरूले गरेको भन्ने देखिन आएन । तसर्थ (१) चन्द्रिकादेवी यादव, (२) लक्ष्मण यादव, (३) सूर्यनारायण यादव, (४) बलराम यादव (५) सुरेन्द्रकुमार यादव, (६) गिता देवी यादव, (७) भोलीदेवी ठाकुर, (८) रितादेवी यादव, (९) सञ्जयकुमार मण्डल, (१०) कैलीदेवी ठाकुर, (११) सत्यनारायण यादव, (१२) अमिताकुमारी यादव, (१३) उर्मिलादेवी यादव, (१४) विन्दादेवी यादव, (१५) ममता कर्ण, (१६) रामकिसुन यादव, (१७) मुगालाल यादव, (१८) इन्द्रदेव यादव, (१९) योगेन्द्र यादव, (२०) सुरेन्द्रकुमार कर्ण, (२१) लालदेव साह, (२२) रामप्रसाद ठाकुर, (२३) देवीनारायण यादव, र (२४) कौशिलादेवी दाससमेतका २४ जना प्रतिवादीहरूले आरोपित ठगीको अभियोग दाबीबाट सफाइ पाउने ठहर गरेको पुनरावेदन अदालत राजविराजको फैसला मनासिब देखिने ।

सुरू म्याद गुजारी बसेका मनिताकुमारी यादव, कपुरदेवी यादव र चननदेवी यादवसमेत तीन जना प्रतिवादीहरूका सम्बन्धमा विचार गर्दा जाहेरवालीको जग्गा निजलाई फकाइ-फुल्याइ, झुक्यान वा गफलतमा पारी आफ्नो नाममा लिखत पारित गरी लिने र सो सम्पत्ति बिक्री गरी नाजायज फाइदासमेत लिने मूल कर्ता रामकुमार यादव हुन भन्ने देखिएको छ । प्रतिवादीहरू मनिताकुमारी यादव, कपुरदेवी यादव र चननदेवी यादवले जाहेरवाली रञ्जना यादवउपर विश्वासको घात गरेको, निजलाई झुक्याई वा गफलतमा पारी जग्गा लिने दिने कार्य गरेको भन्ने कुरा तथ्ययुक्त रूपमा प्रमाणित हुन् आएको देखिँदैन । उल्लिखित तीन जना प्रतिवादीहरूको सम्बन्धमा रहेको प्रमाणको स्थिति र प्र. रामकुमार यादवका सम्बन्धमा रहेको प्रमाणको स्थिति आधारभूत रूपमा नै फरक स्थितिको देखिन्छ । प्रमाणको स्थितिका दृष्टिले हेर्दा उल्लिखित तीनजना प्रतिवादीहरूको स्थिति अन्य सफाइ पाएका प्रतिवादीहरूसरहको देखिएको छ । सफाइ पाउने ठहर गरिएका सूर्यनारायण यादवलगायतका २४ जना प्रतिवादीहरू र पुनरावेदन नगर्ने उल्लिखित तीन जना प्रतिवादीहरूको स्थिति समान किसिमको

देखिन आएको हुँदा सुरू इन्साफ कायम राखी दिँदा निजहरूलाई गम्भीर अन्यायको अवस्था कायम रहने देखियो । निजहरूका हकमा मुलुकी ऐन, अ.बं. २०५ नं. तथा हाल प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४(२) मा रहेको प्रावधानका आधारमा इन्साफ गरिदिनु मनासिव देखिन्छ । यस अवस्थामा उल्लिखित तीन जना प्रतिवादीहरूका हकमा तत्काल प्रचलित मुलुकी ऐन, अ.बं. २०५ नं. बमोजिम सुरू इन्साफ उल्टाई सफाइ दिनुपर्नेमा सोतर्फ केही नखुलाई गोश्वारा रूपमा सफाइ दिएको जस्तो प्रतीत हुने गरी भएको पुनरावेदन अदालत राजविराजको फैसला मिलेको देखिन आएन। निजहरू मनिताकुमारी यादव, कपुरदेवी यादव र चननदेवी यादवसमेतका तीन जना प्रतिवादीले समेत ठगीको अभियोग दाबीबाट सफाइ पाउने।

सुरू अदालतमा बयान गर्ने २४ जना प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७०/८/१३ को फैसला मनासिब देखिँदा सदर हुन्छ । साथै, सुरू म्याद गुजारी बसेका प्रतिवादीहरूमध्ये रामकुमार यादवबाहेक मनिताकुमारी यादव, कपुरदेवी यादव र चननदेवी यादवसमेतका तीनजना प्रतिवादीहरूले समेत ठगीको आरोपित कसुरको अभियोग दाबीबाट सफाइ पाउने । वादी नेपाल सरकार तथा प्रतिवादी लक्ष्मण यादवसमेतको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः वीरेन्द्र बहादुर मल्ल

इति संवत् २०७७ साल मङ्सिर १० गते रोज ४ शुभम्।

## ३९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७२-CI-०९३२, दूषित नामसारी निर्णय दर्ता बदर, साबु राणासमेत वि. गोपाल शम्शेर ज.ब.रा.*

पुनरावेदक वादीहरूको मृतकसँग नाता सम्बन्ध भएकै मात्र कारणले निजको सम्पत्तिमा अपुताली हक पुग्ने सार्थक सम्बन्ध रहेको भनी मान्न मिल्ने हुँदैन । निजहरूले मृतकलाई स्याहार सम्भार हेरविचार गरेको, निजसँग साथमा रहेको र काजक्रिया गरेको भन्ने कुनै पनि प्रमाण रहेको छैन भने प्रत्यर्थी प्रतिवादीले मृतकको सम्पत्ति निजकै सहमतिअनुसार उपभोग गरी सम्भारसमेत गरी आएको र अस्पतालबाट मृतकको लास बुझी लगी मृत्यु प्रमाणपत्रसमेत लिएको देखिएको अवस्थामा प्रस्तुत मुद्दामा पुनरावेदक वादीहरूको हदम्याद र हकदैयासमेतको अभावमा फिराद कायम रहन सक्ने अवस्था रहेको नदेखिँदा पुनरावेदक वादीहरूका कानून व्यवसायीले गर्नु भएको बहस बुँदा तथा प्रस्तुत मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरेको यस अदालतको संयुक्त इजलासको आदेशसँग सहमत हुन नसकिने।

हदम्याद र हकदैयासमेतको अभावमा वादीको फिराद खारेज गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।५।१२ को फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादी सावु राणासमेतको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विनोदप्रसाद घिमिरे

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल श्रावण २६ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७२-CR-०९२६, जालसाजी, साबु राणासमेत वि. गोपाल शम्शेर ज.ब.रा.समेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## ४०

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CI-१०९०, हक कायम जग्गा निखनाई दर्तासमेत, मिथलेश सिंह वि. प्रेमप्रसाद उपाध्यायसमेत*

पुनरावेदक मिथिलेश सिंह साबिक जग्गाधनी प्रेमप्रसाद उपाध्यायसमेतको “हकवाला” हुन् भन्ने देखिँदैन। निज वादी मिथिलेश सिंह कि.नं. ३६६ को जग्गाको मोही रहेको भन्ने पनि देखिँदैन । शोभादेवी कापैरले घरबारीको लागि खरिद गरेको उक्त जग्गा तीन कट्ठाभन्दा घटी जग्गा देखिएको छ । यस

अवस्थामा निखनाइदिन मिल्ने हुँदैन । वादीले सा.दे. नं. १५७०/७३ को मुद्दामा भएको फैसलाबमोजिम घर र घरले चर्चेको जग्गा आफ्नो भएको दाबी गरे पनि सो कि.नं. ३६६ को घर जग्गामा यी वादीको हक स्थापित भएको देखिँदैन । हदम्यादको कारणबाट घर भत्काउन नपर्ने भन्नेसम्म ठहर गरी फैसला भएको देखिन्छ, हक कायम गरिएको देखिँदैन । केवल यही कारणले जग्गा निखन्न दाबी पुग्ने अवस्था नहुने ।

अतः वादी दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू सिराहा जिल्ला अदालतबाट मिति २०७०/२/२७ मा भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७०/१२/१२ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७७ साल मङ्सिर १४ गते रोज १ शुभम् ।

**४१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री कुमार रेग्मी,** *०७४-CI-०७४८, अंशचलन, टिकाकुमारी थापासमेत वि. रामकृष्ण थापा क्षेत्रीसमेत*

वादीहरूका पति/पिता रामकृष्ण थापा तथा प्रत्यर्थीहरू नरबहादुर थापा र रामबहादुर थापा सहोदर दाजुभाइ भएको कुरामा विवाद देखिएन । प्रत्यर्थी रामकृष्ण थापा क्षेत्रीले बाबु छँदै मिति २०३०।०५।१९ मा रसिद नं. ७३० बाट नगदै अंश भाग बुझिलिई अंश छोडपत्र गरेको भन्ने मिसिल संलग्न रहेको अंश बुझेको भरपाईको प्रतिलिपिबाट देखियो । सो अंश भर्पाई गरेपछि पिताको मृत्युपछि मिति २०३४।२।११ मा तत्कालीन भूमि प्रशासन कार्यालय, डिल्लीबजारबाट पिताको जिउनी भाग बापतको जग्गा जमिन नलिइकन नगदै रू.१,०००।- (एक हजार) बुझी लिई जिउनी छोडपत्र पारित गरी हक छोडेको भन्ने देखियो । त्यसैगरी प्रत्यर्थी रामकृष्ण थापा क्षेत्री आफैँले आफ्ना भाइहरू विरूद्ध दायर गरेको अंशचलन मुद्दा २०७१ सालको दे.नं. २३७८ मा मिति २०७२।०९।०२ मा काठमाडौं जिल्ला अदालतबाट भएको फैसलामा मिति २०३०।५।१९ को रसिद नं. ७३० को अंश भर्पाई को लिखतबाट अंशबापत् नगद रू.३,५००।– बुझी छुट्टी भिन्न भइसकेको देखिँदा प्रतिवादीहरू नरबहादुर थापा र रामबहादुर थापाबाट अंश नपाउने गरी फैसला भई सो फैसला उच्च अदालत पाटनबाट सदर भई अन्तिम भई बसेको भन्ने प्रमाण मिसिलसमेतबाट देखियो । प्रतिवादी रामकृष्ण थापाले वादी भई फिराद गरेको मुद्दामा मिति २०३०।५।१९ को र.नं. ७३० को अंश भर्पाईको कागजमा लागेको ल्याप्चे सहीछाप आफ्नो नभएको, उक्त कागजमा बलबहादुरको छोरा सन्तबहादुरले नगद अंश बुझी अंश भर्पाईको कागज गरेको देखिएको, आफू गणेशबहादुरको छोरा रामकृष्ण थापा क्षेत्री र प्रतिवादीहरू गणेशबहादुरको छोरा आफ्ना भाइहरू हुँदा निजहरूसँग अंश पाउँ भनी दाबी गरेको हुँ । भर्पाईमा परेको सहीछापसँग आफ्नो नमुना सहीछाप जाँच गरिपाउँ भनी निजले सुरू अदालतसमक्ष बयान गरेअनुसार मिति २०३०।५।१९ को र.नं. ७३० को अंश बुझेको भर्पाईको लिखत, मिति २०३४।२।११ को र.नं. ५८०६ को जिउनी छोडपत्रको लिखत, यी दुबै लिखतपछि यी दुवै लिखतमा रहेको बाबु र आफ्नो नाम बेहोरा फरक रहेको २०४४।१२।२ को नं. १०५८८ को सक्कल नागरिकताको प्रमाणपत्र र मिति २०५१।११।२५ को घरसारको कागज तथा मालपोत कार्यालयबाट पारित बकसपत्रको कागजमा परेको ल्याप्चे सहीछापसँग वादीको अदालतबाट लिइएको ल्याप्चे सहीछाप जाँच गर्दा वादीको उल्लिखित लिखतहरूमा परेको ल्याप्चे सहीछाप, निजको नागरिकताको सहीछाप र नमूना सहीछाप मिल्दछ भनी विशेषज्ञबाट राय प्रतिवेदनसमेत प्राप्त भएको मिसिल संलग्न कागजातबाट देखिएको हुँदा प्रस्तुत मुद्दाका वादीका पति/पिता रामकृष्ण थापा नै सन्तबहादुर थापा रहेको र रामकृष्णको पिता गणेशबहादुर नै बलबहादुर रहेकोसमेत देखिनुको अलावा निजले अंश प्राप्त गरिसकेकोसमेत पुष्टि भएको देखियो । यसरी वादीका पिता/पति रामकृष्ण थापा क्षेत्रीले बाबु छँदै अंश भर्पाई गरी नगदै बुझिलिई छुट्टी भिन्न भइसकेको

अवस्थामा अहिले आएर पुन: अंशबन्डा हुने अवस्था देखिएन । यस अवस्थामा वादीहरूले प्रत्यर्थी प्रतिवादीहरू नरबहादुर थापा क्षेत्री र रामबहादुर थापा क्षेत्री देवर/काकाहरूबाट अंश पाउने अवस्था नदेखिएको हुँदा वादीहरूले आफ्नो पति/पिता रामकृष्ण थापा क्षेत्रीको नाममा रहेको सम्पत्तिबाट मात्र अंश प्राप्त गर्ने देखिने ।

वादीहरूले निजहरूका पति/पिताबाट अंश पाउनेमा निजका पति/पिताकै छुट्टीभिन्न नभएको हुँदा निजका भाइहरू नरबहादुर थापा क्षेत्री र रामबहादुर थापा क्षेत्रीको सम्पत्तिबाट समेत तीन भाग लगाई पति/पिता रामकृष्ण थापाले अंश पाउने र सो सम्पत्ति हामीहरूलाई बन्डा लाग्ने भन्ने वादीहरूको जिकिर तथ्ययुक्त नदेखिँदा वादीहरूले वादीका पति/पिता रामकृष्ण थापा क्षेत्रीको सम्पत्तिबाट मात्र अंश पाउने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७३।८।१३ को फैसला मिलेकै देखिँदा सदर हुने । प्रतिवादीहरू नरबहादुर थापा क्षेत्री र रामबहादुर थापा क्षेत्रीको सम्पत्तिसमेतबाट हामीहरूले अंश पाउनु पर्छ भन्ने पुनरावेदक वादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

इति संवत् २०७९ असार १६ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०७४-CR-१०५६, किर्ते जालसाजी, टिकाकुमारी थापासमेत वि. नरबहादुर थापा क्षेत्रीसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी**, *०७४-CR-०८९८, कर्तव्य ज्यान, किस्ने बोगटी वि. नेपाल सरकार*

प्रतिवादीले पुनरावेदनमा माग गरेको मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. बमोजिमको मागदाबी सम्बन्धमा विचार गर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा "***भवितव्य सम्बन्धमा ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएमा भवितव्य ठहर्छ*** " भन्ने कानूनी व्यवस्था भएबाट प्रतिवादी किस्ने बोगटी र मृतक पत्नीबिच रोटी मिठो पकाउने विषयमा विवाद हुँदा तत्काल उठेको रिसका कारणले पत्नीलाई मुक्का प्रहार गरेको भनी मौका तथा अदालतमा बयान गरेको पाइयो । प्रतिवादी किस्ने बोगटीले मृतक पत्नीलाई रोटी मिठो पकाउने विषयमा कुटपिट गरेको विषयमा विवाद रहेको देखिएन । प्रतिवादीले मृतकलाई कुटपिट गरी लागेको चोट र निलडामहरूबाट प्रतिवादीलाई १।२ थप्पड मात्र हानेको भन्ने अवस्था नभएको र भित्तामा टाउको ठोक्किने गरी रोटी पकाउँदै गरेकी श्रीमतीलाई घचेट्ने प्रतिवादीको कार्य स्वयम्मा मृतक लक्षित कुटपिट रहेको र कुटपिटको क्रममा भित्तामा मृतकको टाउको ठोकिएको भन्नेमा विवाद नरहेको अवस्थालाई भवितव्य हो भन्ने अवस्था नरहेबाट मुलुकी ऐनसम्बन्धी महलको ५ नं. बमोजिमको कसुर कायम गरिपाउँ भन्ने प्रतिवादीको जिकिरसँग समेत सहमत हुन नसकिने ।

यसै वारदातको सम्बन्धमा वादी नेपाल सरकारको पुनरावेदनका सन्दर्भमा प्रतिवादी किस्ने बोगटीले तत्काल उत्तेजित भई हात मुक्काले कुटपिट गरी धकेली दिँदा भित्तामा ठोकिई बेहोस भई सोही चोटका कारणले द्रौपतिदेवीको सोही रातको बिहानीपख मृत्यु हुन गएको स्थितिमा सो वारदातलाई आवेशप्रेरित हत्याको कसुर कायम गरी प्रतिवादी किस्ने बोगटीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं बमोजिम उच्च अदालत दिपायलले १० वर्ष कैद हुने सजाय ठहर गरिएको फैसलालाई सदर हुने गरी ०७४-CR-०६२८ को मुद्दामा २०७५।०५।१० मा यस अदालतबाट फैसला भएको पाइयो । सो फैसलासँग असहमत हुनुपर्ने कुनै आधार र कारणसमेत नदेखिने ।

२०७२।७।२५ गते बेलुका प्रतिवादी किस्ने बोगटी र निजको पत्नी द्रोपतिदेवी बोगटीबिच चिनी थपी रोटी मिठो पार्ने विषयमा भएको विवादमा प्रतिवादी

किस्ने बोगटीले हात मुक्काले कुटपिट गरी धकेली दिँदा भित्तामा ठोकिई बेहोस भएकी द्रोपतिदेवीको सोही चोटको कारणबाट सोही रातको बिहानपख मृत्यु हुन गएकोले सो वारदातलाई आवेशप्रेरित हत्याको कसुर कायम गरी प्रतिवादी किस्ने बोगटीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने गरेको डोटी जिल्ला अदालतको मिति २०७३।२।२६ को फैसला सदर हुने गरी भएको उच्च अदालत दिपायलको २०७३।१२।२० को फैसला सदर हुने।

इजलास अधिकृत: शारदा फुयल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल असार २८ गते रोज ३ शुभम्।

**४३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी**, *०७७-CR-०२९८, जबरजस्ती करणी, नेपाल सरकार वि. परिवर्तित नाम ०७४/०७५ डि.एस.*

प्रतिवादीउपर आफ्नै श्रीमतीले ८ महिनाकी नाबालिका आफ्नै छोरीलाई जबरजस्ती करणी गरेकोले पक्राउ गरी कारबाही गरिपाउँ भन्ने जाहेरी दिई सो जाहेरी बेहोरा समर्थन हुने गरी बकपत्र गरिदिएको देखिन्छ। प्रतिवादीले पीडितलाई मुखमा समेत करणीको प्रयास गरेका कारणबाट मुखबाट रगत बगेको, पीडितको मुख र यौनाङ्गमा प्रतिवादीले औला र लिङ्ग जथाभावी प्रवेश गराएकाले बच्चीको यस्तो अवस्था भएको भनी जाहेरवाली ए.एस. ले अदालतको बकपत्रमा लेखाएको देखिन्छ। यी प्रतिवादीउपर आफ्नै श्रीमतीले लगाएको यस्तो गम्भीर आरोपित कसुरमा निज प्रतिवादी अदालतसमक्ष इन्कारी रहने प्रयास गरेको देखिए तापनि जाहेवालीको जाहेरी तथा बकपत्र, घटनास्थलको अवस्था, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पीडित नाबालिकाउपर जबरजस्ती करणी भएको प्रमाणले पुष्टि गरिरहेको देखिन्छ। साथै वारदात स्थलमा निज प्रतिवादीबाहेक निजको ३ वर्षको नाबालक छोराबाहेक अन्य व्यक्ति रहेको प्रमाण नदेखिएकोले निज प्रतिवादीले नै उक्त घटना घटाएकोमा अन्यथा भन्ने अवस्थासमेत नदेखिने।

अत: माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी परिवर्तित नाम ०७४।०७५ डि.एस.लाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. बमोजिम १०(दश) वर्ष, ऐ. हाडनाता करणीको महलको १ नं. बमोजिम थप १० वर्ष र अप्राकृतिक मैथुन गरेबापतमा थप १ वर्ष गरी जम्मा २१ (एक्काइस) वर्ष कैद र पीडितलाई क्षतिपूर्तिबापतमा रू.५०,०००।– (पचास हजार) भराइदिने गरी उच्च अदालत पोखराबाट २०७६।११।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। प्रतिवादीलाई कसुरबमोजिमको सजाय भएको नै देखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: शारदा फुयल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल असार २८ गते रोज ३ शुभम्।

४४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी**, *०७७-CR-०५१६, जबरजस्ती करणी, मंगलराज वादीकार वि. नेपाल सरकार*

प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गर्दा पीडितसँग सहमतिमै करणी भएको भनी वारदातलाई स्वीकार गरी बयान गरेको र निजले कानूनमा १८ वर्षभन्दा कम उमेरको बालिकासँग करणी गर्नु कानून विपरीत हुने भन्ने आफूलाई जानकारी नभएको भनी पुनरावेदनमा समेत जिकिर लिएको भए तापनि मिसिल संलग्न पीडितको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपिमा पीडितको जन्म मिति २०६१/६/३१ उल्लेख गरी आएकोले वारदात हुँदाका बखत पीडितको उमेर १४ वर्ष ९ महिना रहेको भन्ने देखिँदा पीडित नाबालक रहेकोमा कुनै विवाद रहेन। मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(२) मा ***"कसैले कुनै महिलालाई मन्जुरी नलिई करणी गरेमा वा मन्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई***

***जबरजस्ती करणी गरेको मानिने छ"*** भन्ने कानूनी व्यवस्था रहेकोले प्रतिवादीको पुनरावेदन जिकिर कानूनको अज्ञानता क्षम्य नहुने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेत विपरीत रहेको देखिन्छ । सो हुँदा कानूनमा लेखेको कुरा आफूलाई थाहा जानकारी नभएको भनी जिकिर लिँदैमा प्रतिवादीलाई कसुरबाट उन्मुक्ति दिन मिल्ने अवस्था नदेखिने ।

मिसिल संलग्न पीडितको जन्मदर्ताअनुसार वारदातको समयमा पीडितको उमेर १४ वर्ष ९ महिना रहेको र पीडितको बकपत्र र प्रतिवादीले अदालतमा गरेको बयानबाट करणी लिने दिने कार्य भएको तथ्यमा विवाद देखिँदैन । प्रचलित फौजदारी कानूनले मन्जुरी लिएर भए पनि १८ वर्षभन्दा कम उमेरको बालिकालाई करणी गरेमा जबरजस्ती करणी हुने भन्ने स्पष्ट कानूनी व्यवस्था गरेको छ । पीडितको उमेर वारदात हुँदाका बखत १४ वर्ष ९ महिना रहेको र सो तथ्यलाई प्रतिवादीले वस्तुनिष्ठ प्रमाणद्वारा खण्डन गर्न सकेको देखिँदैन । पीडितसँग करणी लिनेदिने कार्य भएको भन्ने प्रतिवादी स्वयम्ले स्वीकार गरिरहेको अवस्थामा नाबालक पीडितको सहमति थियो, थिएन भन्ने कुराले कसुर भएको थियो या थिएन भन्ने निर्क्योल गर्न मिल्ने देखिदैँन । यसरी जाहेरी दरखास्तलाई समर्थन हुने गरी जाहेरवालाले गरेको बकपत्र, पीडितको कागज र बकपत्र, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रतिवादीको अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको बयान, बुझिएका मानिसहरूको कागज र बकपत्रसमेतबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि भइरहेको अवस्थामा प्रतिवादीको पुनरावेदन जिकिर पुष्टि हुन सक्ने नदेखिने ।

पीडितको उमेर १४ वर्ष ९ महिना भन्ने पुष्टि भइरहेको अवस्थामा करणी लिनुदिनु गर्ने कार्य कानूनसम्मत नभई जबरजस्ती करणी हुने हुँदा पीडितकै सहमतिअनुसार करणी भएको भनी प्रतिवादीले जिकिर लिए तापनि उक्त कार्य जबरजस्ती करणीकै परिधिभित्र परिभाषित भएको र प्रतिवादीले अदालतलाई साँचो कुरा बोलेर सहयोग गरेका कारण प्रतिवादीलाई मुलुकी फौजदारी संहिता, २०७४ को दफा २१९ को ३(ग) नं.बमोजिम न्यूनतम (१२) बाह्र वर्ष कैद हुने र ऐ.को दफा २२८ नं. बमोजिम पीडितलाई पुग्न गएको क्षतिको आधारमा रू. १०,०००/- (दश हजार) पीडितले प्रतिवादीबाट क्षतिपूर्तिबापतको रकम भरिपाउने ठहर गरी न्यूनतम सजाय गरी गरेको सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७६।०७।१७ मा भएको फैसला सदर हुने गरी भएको उच्च अदालत पाटनको २०७६।१२।३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: शारदा फुयल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल असार २८ गते रोज ३ शुभम् ।

**४५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७१-CR-१४५२, सरकारी छाप दस्तखत किर्ते, नेपाल सरकार वि. रविन्द्रविक्रम शाहसमेत*

नागरिकता र जग्गाधनी प्रमाणपुर्जा किर्ते गरेको कुरामा प्रमाणित भई प्रतिवादीहरू कसुरदार ठहर भएको अवस्था छ । त्यो किर्ते कार्य गरी लाभ लिइसकेको अर्थात् किर्ते कागज प्रयोग भइसकेको अवस्था नभई प्रयोग गर्ने मनसायसम्म देखियो । जग्गा बिक्री गर्ने भनी किर्ते गरिएकोमा सो काम सम्पन्न भएको अवस्था छैन । जग्गा किर्ते गरी बिक्री गर्ने उद्देश्य भए पनि के कति मूल्यमा बिक्री गर्ने अथवा यो यति रकम प्राप्त गरेको अथवा गर्ने भन्ने यकिन नभई किन्ने मानिस खोजेकोसम्म अवस्था छ । यतिमा बिक्री गर्ने वा यति पैसा लिने भन्ने यकिन नभई ग्राहकको खोजीको क्रममा रहेको अवस्थामा शङ्का लागि सम्भावित खरिदकर्ताले जग्गाधनीसँग सोधखोज गर्दा निज प्रतिवादीहरू पक्राउ परेको देखिएको र यत्ति नै किर्तेको बिगो भनी यकिन भई नसकेको अवस्थामा किर्ते कागजको ७ नं. आकर्षित गरी घरजग्गाको मूल्यलाई नै बिगो मानी सजाय गर्न मनासिब देखिएन । किर्ते

कागजको ९ नं. बमोजिम रू. ५०।- जरिवाना हुने ठहरी भएको पुनरावेदन अदालतको फैसला मनासिब देखिँदा अभियोग दाबीबमोजिम नै जरिवाना हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, बिगो नखुलेको किर्ते कागजसम्बन्धी कसुरमा प्रतिवादीहरू रविन्द्रविक्रम शाह, रामेश्वर चौलागाई र कृष्णगोपाल श्रेष्ठलाई मुलुकी ऐन, किर्ते कागजको महलको ९ नं. बमोजिम रू. ५०।- जरिवानासमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१२।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल श्रावण गते १२ रोज २ शुभम्।

४६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७५-CR-०९६४, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. सीता वि.क.

प्रतिवादीले वारदातस्थलबाट पीडितलाई लिएर सँगै निस्किएको नभई प्रतिवादीको पछि लागी गएकीमा पीडित गुल्मी सदरमुकाममा मात्र प्रतिवादीसँग भेट भएको भन्ने देखिएको, पीडित आफूखुसी गुल्मी फर्कन बुटवलतर्फ गाडीमा एक्लै गइरहेको अवस्थामा प्रहरीले नै दाङ फिर्ता बोलाएर पीडित र प्रतिवादीलाई सँगसँगै गुल्मी पठाएको भन्ने प्रतिवादी तथा पीडितको भनाइ रहेको, पीडितसहित प्रतिवादी पक्राउ परेको अवस्था पनि नदेखिएको, जाहेरवालाले जाहेरीमा प्रहरीले सही गर भनेकोले सही गरेको हुँ भनी जाहेरीबारे अनभिज्ञता प्रकट गरी अदालतमा बकपत्र गरेको देखिएकोसमेतका आधार, प्रमाणबाट शङ्कारहित प्रमाणको अभावमा प्रतिवादीउपरको आरोप पुष्टि हुन आएन। प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने गरी उच्च अदालत तुल्सीपुर बुटवल इजलासबाट मिति २०७५।३।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: विजय खड्का

इति संवत् २०७७ जेठ २६ गते रोज २ शुभम्।

४७

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार चुडाल,** *०७४-CR-०१७०, जालसाजी, मु.स. गर्ने जहरूनिसा कबड़िया वि. सुनितादेवी मिश्रसमेत*

वादीहरूले प्रतिवादी सन्तोषकुमार मिश्रउपर अंश मुद्दा मिति २०६८/११/१७ मा दायर गरेको अवस्था देखिन्छ । निज प्रतिवादीसँग अंश गर्नुपर्ने सम्पत्तिको फाँटवारी माग गर्दा निजकै वारेससमेतले भरमग्दुर प्रयत्नका बावजुद निजसँग सम्पर्क गर्न नसकेको अवस्थाको बेहोरा खुलाई फाँटवारी पेस गर्न समय माग गरेको पाइन्छ। निज प्रतिवादीले मिति २०७०/३/१३ मा फाँटवारी पेस गरेको देखिन्छ। निज प्रतिवादीको पैत्रिक सम्पत्तिमध्ये ०-०-३ ज.वि. मात्र बाँकी राखी अन्य सबै सम्पत्ति बिक्री गरेको पाइयो । सबै अंशियारको समान अंश लाग्ने जग्गाहरू कानूनको रीत पुऱ्याएर मात्र बिक्री गर्न मिल्छ । प्रस्तुत मुद्दामा पेसी भएका प्रमाण तथा राजिनामाको प्रतिलिपिबाट सो जग्गा राजीनामा गर्दा अंशियारलाई साक्षी राखेको र निजको मन्जुरी लिएको समेत देखिएको छैन । अन्य अंशियारहरूको अंश हक लाग्ने जग्गाहरू निज अंशियारको हक मेट्ने, नोक्सान पार्ने उद्देश्यले बिक्री गरी उक्त कार्य मुलुकी ऐन, किर्ते कागजको ३ नं. विपरीत कार्य देखिन आएको।

मिति २०६३/९/२६ मा राजीनामा लिखतबाट भएको बिक्री व्यवहारका सम्बन्धमा अंश मुद्दा चलेपछि सो मुद्दाको सन्दर्भमा मिति २०७०/२/२२ मा मात्र वादीले थाहा पाएको भन्ने देखिन्छ। मुलुकी ऐन किर्ते कागजको महलको १८ न. को हदम्यादसम्बन्धी कानूनी व्यवस्थाको रोहमा प्रस्तुत मुद्दा थाहा पाएको मितिले ६ महिनाभित्र नै फिराद गरेको देखिएको।

मिति २०६४।४।२१ मा र.नं. ४८/'ग' को राजीनामामा उल्लिखित कि.नं.६६३ को ज.वि.०-१-

०, कि.नं.६६६ को ज.वि.०-०-८, कि.नं ६६९ को ज.वि.०-१-०१/२ र कि.नं.६७२ को ज.वि.०-१-७ को जग्गाको ३ भागको २ भाग बदर गरी प्रतिवादीहरूलाई जरिवानासमेत हुने गरी बाँके जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२/१०/२५ मा भएको फैसला कानूनसम्मत र मनासिबै देखिँदा सदर हुने ।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: विजय खड्का

इति संवत् २०७८ साल फागुन १३ गते रोज ६ शुभम् ।

## इजलास नं.६

### ४८

**मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या. प्रकाशकुमार ढुङ्गाना,** *०७२-WO-००४६, उत्प्रेषणसमेत, ऋतुकुमारी शर्मा वि. ज्योति विकास बैंक लिमिटेड, कमलादी*

निवेदिकाले एकातर्फ विनियमावलीबमोजिम आचरण र अनुशासनको उल्लङ्घन गरेको देखिँदैन भने अर्कोतर्फ विनियम ८६(१) को तह तहैबमोजिमको सजायको कार्यविधि पूरा नगरी एकैपटक निलम्बित गरी स्पष्टीकरण सोधेको र सो स्पष्टीकरण चित्त बुझ्दो नभएको भन्दै विनियम ८६(१) (ग) बमोजिम सेवाबाट हटाउने निर्णय भएको देखिँदा सो निर्णयलाई न्यायसम्मत र कानूनसम्मत भएको भनी मान्न सकिएन । तसर्थ, यी निवेदिकालाई सेवाबाट हटाउने गरी भएको ज्योति विकास बैंकको प्रमुख कार्यकारी अधिकृतको मिति २०७२/१/१० को निर्णय र सो निर्णयलाई नै सदर गर्ने गरी भएको ज्योति विकास बैंकको संञ्चालक समितिको मिति २०७२/३/१४ को निर्णय कानून र न्यायको मान्य सिद्धान्तविपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको ।

तसर्थ, यसैसाथ संलग्न निज विरूद्ध चलेको बैंकिङ कसुर मुद्दामा निजले आरोपित कसुरबाट सफाइ पाएको अवस्था एवम् ज्योति विकास बैंक कर्मचारी सेवा विनियमावलीमा उल्लिखित कानूनी व्यवस्थासमेतको आधार र कारणहरूबाट निजलाई सेवाबाट हटाउने भनी गरिएको मिति २०७२/१/१० र विपक्षी बैंक सञ्चालक समितिको मिति २०७२/०३/१४ को निर्णय उत्प्रेषणको आदेशले बदर भएकोले निज निवेदिका ऋतुकुमारी शर्मालाई सेवाबाट हटाउँदाका बखत निज कार्यरत रहेको पदमा पूर्ववत रूपमा बहाल गर्नु, गराउनु र कानूनबमोजिमको सबै सुविधा दिनु, दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: कर्ण राई

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७७ साल माघ १५ गते रोज ५ शुभम् ।

### ४९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-WO-०५३५, उत्प्रेषणयुक्त परमादेश, साबित्रीदेवी ईनाणी (इनानी) वि. ऋण असुली पुनरावेदन न्यायाधिकरण, अनामनगरसमेत*

निवेदिकाले निजका पति बृजगोपाल इनाणीलाई मिति २०५७/४/९ मा आफ्नो उद्योगको चल सम्पत्ति छत्तिस लाख रूपियाँमा बिक्री गरेको र सोबापत बृजगोपाल इनाणीले आफ्नो नाम दर्ताको कि.नं. ३४४, ४४०, ५४६ र ५४७ जग्गाहरू धितो राखेकोमा सर्तबमोजिम रकम नबुझाएपछि यी निवेदिका सावित्रीदेवी इनाणीको लेनदेन मुद्दा परी बिगो भराउने गरी फैसला भएको र सोही फैसलाको आधारमा बिगो भराउने क्रममा त्यसरी धितोमा रहेको जग्गा डाँक लिलामको माध्यमबाट जम्मा मूल्य रू.६६,६०,०००।– मा सकार गरी लिएको भन्ने भनाइलाई मिसिल संलग्न काठमाडौं जिल्ला अदालतको मिति २०६६/९/१७ को फैसला, मिति २०६५/३/१३ गतेको डाँक लिलाम मुचुल्का एवम् मिति २०६५/१२/३० मा दाखिल खारेज दर्ताको लागि मालपोत कार्यालय, कलंकीलाई लेखेको काठमाडौं

जिल्ला अदालतको पत्र एवम् दाखिल खारेज दर्ताको लागि यी निवेदिकाले मिति २०६६/२/३ मा मालपोत कार्यालयमा दिएको निवेदनको प्रतिलिपिबाट देखिन्छ। तर यी समस्त कार्यहरू ऋण लिने र जग्गा रोक्का राख्ने कार्यहरू भएपछि भएको देखिँदा बृजगोपाल (पति) र यी निवेदिका अर्थात् पतिपत्नीबिच सिर्जना गरिएको कागज वा व्यवहारले बैंकको लेना रकम असुलउपर नहुने भन्न मिल्ने देखिएन। यसरी अगाडिदेखि नै बैंकको तर्फबाट रोक्का रहेका जग्गाहरू पछि परेको लेनदेन मुद्दामा भएको फैसलाअनुसारको बिगो असुलीको क्रममा सकार गरेको भन्नेसम्म अधारमा निजको नाममा दाखिल खारेज नै हुन नसकेको अवस्थामा निजको निवेदन जिकिर कानून सँगत नदेखिने।

यसरी हेर्दा ऋण कर्जा लिँदा र उपभोग गर्दाको अवस्थामा निवेदिका सावित्रीदेवी इनाणी र बृजगोपाल इनाणी एकासगोलमा पति पत्नीको हैसियतले रही बसी आएको पुष्टि भइरहेको छ । सोही अवस्थामा निवेदनमा उल्लिखित जग्गाहरू रोक्का भएको देखिएको स्थितिमा निजहरूबिच भएको कारोबारको आधारमा लेनदेन मुद्दा दर्ता गरी सोही लेनदेन मुद्दाको फैसला कार्यान्वयनको सन्दर्भमा बृजगोपाल नामको जग्गाहरू सकार गरी लिएको, मिति २०५९।१२।२६ मा मानो छुट्टिएको लिखत पारित गर्दा आफूहरू मिति २०४८/७/१ देखि नै अलग अलग घर व्यवहार गरी आएको भनी उल्लेख गरेको र पति पत्नीको सम्बन्ध विच्छेद हुने गरी २०६४।८।२५ मा गरेको मिलापत्रले बैंकको ऋण तिर्नुपर्ने दायित्वबाट श्रीमान् वा श्रीमतीले उन्मुक्ति पाउँछ भन्न मिल्दैन । यी निवेदनमा दाबी लिएका जग्गाहरू रोक्का रहेको भन्ने कुरा यी निवेदिकाले बृजगोपाल इनाणीसँगको लेनदेन मुद्दामा डाँक लिलाम सकारी लिएको जग्गा दा.खा. दर्ताको लागि मिति २०६६/२/३ मा मालपोत कार्यालयमा दिएको निवेदनबाटै थाहा पाएको देखिए पनि त्यसउपर कुनै कारबाही नगरी चुप लागी बसेको देखियो । रिट निवेदिकाको समग्र व्यवहार हेर्दा निज अदालतमा सफा हात लिई प्रवेश गरेको देखिएन। बरू ऋण छल्न श्रीमान् श्रीमतीबिच विभिन्न कागजहरू सिर्जना गरी त्यसको आधारमा न्यायाधिकरणबाट भएको फैसला छल्न सकिन्छ कि भनी साधारण क्षेत्राधिकारबाट नभएपछि रिट क्षेत्रबाट प्रयास गरेको देखिन आयो। यस्तो सफा हात नलिई आउने पक्षलाई मद्दत गर्न नमिल्ने।

अतः यी निवेदिकाले बृजगोपाल इनाणीसँग एकासगोलमा रहँदाकै अवस्थामा निजका पति बृजगोपाल इनाणीले ऋण कर्जामा लिएको देखिँदा सो ऋणको दायित्व यी निवेदिकाले समेत बेहोर्नुपर्ने देखिएको अवस्थामा ऋणी बृजगोपाल इनाणीले ऋण लिँदाको बखत बैंकलाई गरिदिएको व्यक्तिगत सुरक्षणको सम्पत्तिले ऋण असुल हुन नसकेपछि रोक्का रहेका कि.नं. १४२३,२६६५,३४४, ४४०, २४८ र ५४७ जग्गाहरूबाट समेत बैंकले आफ्नो लेना रकम असुलउपर गर्न पाउने गरी ऋण असुली न्यायाधिकरणबाट मिति २०७०/५/१८ मा भएको फैसला र ऋण असुली पुनरावेदन न्यायाधिकरणबाट मिति २०७२/६/२४ मा भएको फैसलामा कानूनी त्रुटि रहेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७७ साल माघ ८ गते रोज ५ शुभम्।

**५०**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CI-११७९, जग भत्काई सार्वजनिक बाटो कायम गरी चलन चलाइपाउँ, लालजी लोहार वि. राजेन्द्रकुमार वर्मा*

सर्वोच्च अदालतको मिति २०६६।०६।२६ को फैसलाबाट निर्विवाद रूपमा प्रत्यर्थी राजेन्द्रकुमार बर्माको नाममा रहेको न.नं. १०, ११, १२ हालको न.नं. ८, ७, ६ जग्गाको क्षेत्रफल भिडाउनुपर्ने देखियो। मिति २०५८।०१।०५ को नक्सामा न.नं. १० को क्षेत्रफल ०-०-१३/४, न.नं. ११ को क्षेत्रफल ०-०-१३/४, र

न.नं. १२ को क्षेत्रफल ०-०-११/४ उल्लेख गरिएकोमा सबै क्षेत्रफल मिलाउँदा कुल क्षेत्रफल ०-०-४३/४ हुने देखिन्छ । यसैगरी हालको नक्सा विवरण हेर्दा, न.नं. ६ को क्षेत्रफल ०-०-११/२, न.नं. ७ र विवादित ७/१ को कुल क्षेत्रफल ०-०-२ र न.नं. ८ को ०-०-११/४ क्षेत्रफल रहेकोमा सबै क्षेत्रफल मिलाउँदा कुल क्षेत्रफल ०-०-४३/४ नै देखिन्छ । सोमध्ये विवाद जनाइएको न.नं. ७/१ को क्षेत्रफल ०-०-१/२ घटाउँदा त्यति नै जग्गा प्रत्यर्थी प्रतिवादीको नपुग हुने देखियो । यसरी हेर्दा साबिकको नाप नक्सा र हालको नाप नक्सासमेत मिल्न भिड्न गई कुल क्षेत्रफलमा कुनै भिन्नता देखिएन । यसैगरी साबिकको फैसलाबाट सार्वजनिक ठहरिएको हालको न.नं. १२, १३, १४ को सहन जग्गामा कुनै निर्माण नभई सार्वजनिक बाटो नै यथावत् रहेको पाइन्छ । साथै साबिकको न.नं. १७ को जग्गामा रहेको सार्वजनिक बाटोको चौडाई ९ फिट कायम रहेकोमा उक्त बाटो हालको नक्सामा न.नं. ११ मा ९ फिटकै चौडाइको सार्वजनिक बाटो हाल पनि यथावत रहेको देखिन्छ । साबिकको नाप नक्सा र हालको नाप नक्सा भिडाई विवादित न.नं. ७/१ जग्गाको आकार, प्रकृति र क्षेत्रफललाई हेर्दा न.नं. ७ भित्रकै अर्थात् कित्ता नं. १३५ भित्रकै जग्गा रहेको भन्ने देखिन्छ । यसरी प्रत्यर्थी राजेन्द्रकुमार बर्माले सार्वजनिक जग्गा एवम् सार्वजनिक बाटो छाडी आफ्नो नाममा रहेको न.नं. ८, ७, ६ (कि.नं. १३५) भित्रकै जग्गामा घर निर्माण गर्न जगसमेत हालेको भन्ने देखिँदा जग भत्काई सार्वजनिक बाटो कायम गरी चलन चलाइपाउँ भन्ने वादी दाबी नपुग्ने ठहऱ्याएको सुरू जिल्ला अदालतको इन्साफ सदर भएको पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै देखिने ।

यस अदालतबाट दोहोऱ्याई हेर्न अनुमति प्रदान गर्दा मिति २०५८।०१।०५ को नक्सा मुचुल्काको न.नं. ७, ८ र ९ को जग्गा प्रतिवादीले खिचोला गरेको ठहर भएकोमा हालको नक्सा मुचुल्काको न.नं. ७/१ (साबिकको न.नं. ८) को जग्गा प्रतिवादीको कि.नं. १३५ भित्र पर्ने भनी त्रुटिपूर्ण फैसला भएको भन्ने आधार लिएको देखियो । माथि विवेचना गरिएअनुसार हालको विवाद जनिएको न.नं. ७/१ प्रत्यर्थी प्रतिवादीको कि.नं. १३५ को जग्गाको दक्षिणतर्फ रहेको छ भने साबिकको नक्साको न.नं. ८ उक्त कि.नं. १३५ को जग्गाको उत्तरतर्फ रहेको देखिन्छ । यसरी विपरीत दिशातर्फको नक्सा नं. उल्लेख गरी भएको उक्त आदेशसँग यस इजलास सहमत हुन नसकिने ।

तसर्थ, वादी दाबी नपुग्ने गरी भएको सुरू इन्साफ सदर गरेको पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।०४।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विनिता भारती

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७८ साल वैशाख १२ गते रोज १ शुभम् ।

**५१**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-०४२३, उत्प्रेषण, यमबहादुर बस्नेतसमेत वि. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, केन्द्रीय कार्यालय, सानोठिमीसमेत*

निवेदकहरूको रिट निवेदनमा यस अदालतबाट मिति ०७४।९।२३।१ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्मचारी सेवा, सर्त तथा सुविधासम्बन्धी विनियमावली, २०६९ (पाँचौ संशोधनसहित) को विनियम १५(१०) मा यो विनियमावली प्रारम्भ हुँदाका बखत सेवा प्रवेशका लागि न्यूनतम शैक्षिक योग्यता भई परिषद् सेवामा प्रवेश भइसकेका कार्यरत कर्मचारीको सोभन्दा माथिल्लो शैक्षिक योग्यता नभए तापनि कार्यरत पदको सेवा समूहको माथिल्लो श्रेणी वा पदमा निजहरू खुला, आन्तरिक प्रतियोगिता र कार्यक्षमताको मूल्याङ्कनको बढुवाद्वारा हुने पदपूर्तिमा दरखास्त दिन तथा शैक्षिक योग्यताबापतको अङ्क प्राप्त गर्न सक्ने छन् भन्ने उल्लेख भएको र यी निवेदकहरू प्रस्तुत विनियमावली

प्रारम्भ हुँदाका बखत सेवामा कार्यरत रही रहेको देखिएको अवस्थामा माग भएबमोजिम सम्भाव्य उम्मेदवारको हैसियतमा दरखास्त अस्वीकृत गर्दा निवेदकहरूलाई अपूरणीय क्षति पुग्न जाने अवस्था देखिँदा पछि अन्तिम निर्णय हुँदा ठहरेबमोजिम हुने गरी हाललाई निवेदकहरूलाई उक्त विज्ञापन नम्बरका परीक्षामा सामेल गर्नु गराउनु भनी अन्तरिम आदेश भएको र तत्पश्चात् विपक्षी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, पदपूर्ति तथा बढुवा समितिको मिति २०७५।०१।२५ को सिफारिस र परिषद् कार्यालयको मिति २०७५।०१।२७ को निर्णय अनुसार निवेदक यमबहादुर बस्नेत प्राविधिक तथा प्रशिक्षण सेवा प्राविधिक समूह अधिकृतस्तर (तृतीय श्रेणी) ट्रेनरबाट सोही सेवा र समूहको वरिष्ठ ट्रेनर (अधिकृत स्तर द्वितीय श्रेणी) को पदमा बढुवा भएको भन्ने प्राविधिक शिक्षा तथा व्यवासायिक तालिम परिषद्को च.नं.२२६३/०७४/०७५, मिति २०७५।०१।२७ को मिसिल संलग्न पत्रको प्रतिलिपिबाट देखिएको छ । त्यस्तै सोही समितिको सिफारिस अनुसार उक्त प्राविधिक शिक्षा तथा व्यवासायिक तालिम परिषद्को मिति २०७५।०३।११ को निर्णयबमोजिम निवेदक मणिप्रसाद गैरे प्राविधिक तथा प्रशिक्षण सेवा इन्जिनियरिङ समूह सिभिल उपसमूहको अधिकृतस्तर (तृतीय श्रेणी) निर्माण प्रशिक्षकबाट प्राविधिक तथा प्रशिक्षण सेवा, प्राविधिक समूह (अधिकृतस्तर द्वितीय श्रेणी) वरिष्ठ प्राविधिक अधिकृतको पदमा बढुवा भएको भन्ने सोही परिषद्को च.नं.२६६२/०७४/०७५, मिति २०७५/०३/११ को पत्रबाट देखिएको छ । यसैगरी विपक्षी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, पदपूर्ति तथा बढुवा समितिको मिति २०७५।०४।०४ को सिफारिस र परिषद् कार्यालयको मिति २०७५।०४।११ को निर्णय अनुसार निवेदक देबसिंह धामी प्राविधिक तथा प्रशिक्षण सेवा, कृषि तथा भेटेरेनरी समूह, कृषि उपसमूहको अधिकृतस्तर (तृतीय श्रेणी) कृषि प्रशिक्षक(बाली) बाट सोही सेवा र समूहको वरिष्ठ कृषि प्रशिक्षक (अधिकृतस्तर द्वितीय श्रेणी) (बाली) को पदमा बढुवा भएको भन्ने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को च.नं.२५२, मिति २०७५।४।११ को मिसिल संलग्न पत्रको प्रतिलिपिबाट देखिने।

यसरी उल्लिखित मितिमा बढुवा नियुक्ति भएको पत्रहरूको प्रतिलिपिबाट रिट निवेदकहरू तीनै जना आफू कार्यरत रहेको पदभन्दा माथिल्लो तहमा पदोन्नति भई कामकाज गरिरहेको भन्ने देखियो। निवेदकहरूले माग गरेको विषय सम्बोधन भई निजहरू साबिकको पदबाट बढुवा भई माथिल्लो पदमा कामकाज गरिरहेको अवस्थामा प्रस्तुत निवेदनको औचित्य समाप्त भइसकेको हुँदा निवेदन मागबमोजिम आदेश जारी हुने अवस्था विद्यमानता रहेको नदेखिने।

अतः निवेदकहरू तीनै जना आफू कार्यरत तदभन्दा माथिल्लो तहमा पदोन्नति भई कामकाज गरिरहेकोमा निवेदनको औचित्य समाप्त भइसकेको हुँदा निवेदन मागबमोजिम आदेश जारी हुने अवस्था देखिएन। प्रस्तुत रिट खारेज हुने।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल पौष २१ रोज ४ शुभम्।

- यसै लगाउको ०७४-WO-०९८२, उत्प्रेषण, देवसिंह धामी वि. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, केन्द्रीय कार्यालय, सानोठिमीसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-०८२५, उत्प्रेषण / परमादेशसमेत, देवसिंह धामी वि. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, केन्द्रीय कार्यालय, सानोठिमीसमेत*

विपक्षी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, पदपूर्ति तथा बढुवा समितिको मिति

२०७५।०४।०४ को सिफारिस र परिषद् कार्यालयको मिति २०७५।०४।११ को निर्णयअनुसार निवेदक देबसिंह धामी प्राविधिक तथा प्रशिक्षण सेवा, कृषि तथा भेटेरेनरी समूह, कृषि उपसमूहको अधिकृतस्तर (तृतीय श्रेणी) कृषि प्रशिक्षक(बाली) बाट सोही सेवा र समूहको वरिष्ठ कृषि प्रशिक्षक (अधिकृतस्तर द्वितीय श्रेणी(बाली) को पदमा बढुवा भएको भन्ने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को च.नं.२५२, मिति २०७५।४।११ को मिसिल संलग्न पत्रको प्रतिलिपिबाट देखिन्छ । त्यस्तै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् राप्ती प्राविधिक शिक्षालय लालमटिया, दाङको मिति २०७५।०४।१४ को पत्रको बेहोरा हेर्दा परिषद्को २०७५।०४।११ को निर्णयानुसार बढुवा भई यस शिक्षालयमा पदस्थापन हुनुभएका वरिष्ठ कृषि प्रशिक्षक (अधिकृतस्तर द्वितीय श्रेणी) श्री देवसिंह धामी मिति २०७५।०४।१४ गते यस शिक्षालयमा हाजिर हुनुभएको बेहोरा भन्ने उल्लेख गरेको देखियो। यिनै रिट निवेदकसमेतले दिएको ०७४-WO-०४२३ को रिट निवेदनमा यिनै निवेदकसमेत आफू कार्यरत रहेको पद भन्दा माथिल्लो तहमा पदोन्नति भई कामकाज गरिरहेको र निवेदकसमेतले माग गरेको विषय सम्बोधन भई निजहरू साबिकको पदबाट बढुवा भई माथिल्लो पदमा कामकाज गरिरहेको अवस्थामा निवेदनको औचित्य समाप्त भइसकेको आधारमा निवेदन मागबमोजिम आदेश जारी हुने अवस्था विद्यमानता नदेखिई रिट निवेदन खारेज भएको अवस्था छ। उल्लिखित आधारमा प्रस्तुत रिट निवेदनकोसमेत औचित्य समाप्त भएकोले मागबमोजिमको आदेश जारी हुनुपर्ने नदेखिने।

अतः निवेदक आफू कार्यरत तहभन्दा माथिल्लो तहमा पदोन्नति भई कामकाज गरिरहेको र यिनै रिट निवेदकसमेतले दिएको ०७४-wo-०४२३ को रिट निवेदनमा समेत निवेदनको औचित्य समाप्त भई रिट खारेज हुने गरी आजै यसै इजलासबाट फैसला भएको हुँदा प्रस्तुत रिट निवेदनको समेत औचित्य समाप्त भएकोले मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शारदादेवी पौडेल
कम्प्युटर: रेखा भट्टराई
इति संवत् २०७८ साल पौष २१ रोज ४ शुभम्।

## इजलास नं.८

५३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, *०७७-RC-००१०, कर्तव्य ज्यान, नेपाल सरकार वि. आशा लामा भन्ने अस्मिता बल*

प्रस्तुत मुद्दामा प्रतिवादीले पतिलाई मार्नेसम्मको रिसइवी लिई योजनाबद्ध तवरले मृतकउपर चक्कु प्रहार गरेको नभई आवेगमा आई चक्कु प्रहार गरेको देखिन्छ । त्यस्तै पतिलाई मार्ने मनसाय प्रतिवादीको नभएको भन्ने कुरा निज प्रतिवादीले नै भाइहरू बोलाई उपचारका लागी अस्पताल लगेको कुराबाट पनि देखिन्छ । साथै प्रतिवादीले अनुसन्धानसमक्ष आवेगमा चक्कु लागेको एवम् अदालतसमक्ष तरकारी काट्ने क्रममा बामे सर्दै बाहिर गएको बच्चा लिन जाँदा आफूले बोकेको चक्कुले पतिलाई लाग्न गई सोही कारण विजय आदोको मृत्यु भएको तथ्यलाई स्वीकार गरी अनुसन्धान तथा न्यायिक प्रक्रियालाई सहज बनाएको र प्रतिवादी तथा मृतकका नाबालक छोराको लालनपालन गर्ने दायित्व पनि यिनै प्रतिवादीकै भएको प्रस्तुत मुद्दाको विशिष्ट मानवीय पक्षलाई समेत विचार गर्दा प्रतिवादीलाई जन्मकैदको सजाय चर्को पर्न जाने देखिएकोले १२ वर्ष कैद सजाय गर्दा पनि न्यायको उद्देश्य परिपूर्ति हुने देखिएकोले सुरू अदालतले प्रतिवादी अस्मिता बललाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद सजाय गर्ने गरी व्यक्त भएको राय सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसला न्यायोचित नै देखिएको।

अतः प्रतिवादी आशा लामा भनिने अस्मिता बललाई सुरू काठमाडौं जिल्ला अदालतबाट मुलुकी

ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याइ मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १२(बाह्र) वर्ष कैदको राय व्यक्त गरी भएको फैसलालाई सदर गरी उच्च अदालत पाटनबाट मिति २०७५।०८।१० मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: मिलनचन्द्र महत

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७७ साल कार्तिक २६ गते रोज ४ शुभम्।

**५४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७४-WO-०७६३, उत्प्रेषणयुक्त परमादेश, पिंकीकुमारी सिंह वि. उच्च अदालत जनकपुरसमेत*

वादीले कुन सम्पत्तिबाट अंश पाउने कुन सम्पत्तिबाट अंश नपाउने भन्ने विषयमा निर्णय हुने हुँदा जिल्ला अदालतले माग गरेको तायदाती फाँटवारीको आदेशलाई माथिल्लो अदालतबाट बदर गर्दा जिल्ला अदालतले गर्ने फैसलाको औचित्यमा असर पर्न सक्ने हुँदा सुविधा सन्तुलनको दृष्टिकोणले उच्च अदालत जनकपुरबाट मिति २०७४।१०।२५ मा भएको आदेश हाल कार्यान्वयन नगर्नु नगराउनु भनी यस अदालतबाट मिति २०७५।१।१६ मा अन्तरिम आदेश जारी भएको पाइएको।

सबुत प्रमाण मूल्याङ्कन गरी सुरू अदालतबाट विचाराधीन अंश मुद्दामा फैसला भइसकेको अवस्थामा सोही मुद्दाको सन्दर्भमा हाल आएर तायदाती माग गर्ने भनेको सुरू आदेश बदर गर्ने गरी उच्च अदालत जनकपुरबाट मिति २०७४।१०।२५मा भएको आदेशको हाल औचित्य नै समाप्त भई निष्प्रयोजनसमेत भइसकेको देखिएको।

अतः निवेदकले सर्लाही जिल्ला अदालतमा दायर गरेको अंश चलन मुद्दामा कानूनबमोजिम सो अदालतबाट फैसला भई प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भएको देखिँदा मागबमोजिमको उत्प्रेषणको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। साथै मिति २०७५।०१।१६ मा यस अदालतबाट जारी अन्तरिम आदेशसमेत निष्कृय हुने।

इजलास अधिकृतः ताराप्रसाद जोशी

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७७ साल फागुन २६ गते रोज ४ शुभम्।

**५५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७३-CI-१२५१, परमादेश, राजदेव हजरा वि. जिल्ला शिक्षा कार्यालय मुकाम, वीरगन्जसमेत*

निवेदकले दाबी लिएको तलब भत्ता अनिवार्य दायित्वभित्र पर्ने विषय हो। अनिवार्य दायित्वभित्र पर्ने भएकोले तलब भत्ता जस्ता विषय प्रक्रिया पुऱ्याई आगामी आ.व.को लागि दायित्व सार्न सकिने हुन्छ। यी निवेदक आ.व. ०७१।०७२ को अवधिमा सेवामा नरहेको कारण निवेदकको हकमा त्यस्तो प्रक्रियासमेत पूरा नभएकोले अब उक्त तलब भत्ता दिन मिल्ने देखिँदैन, तलब भत्ता दिने विषयको कानूनी आधारसमेत समाप्त भइसकेको छ भन्ने विपक्षी जिल्ला शिक्षा कार्यालयको लिखित जवाफ परेको सन्दर्भतर्फ विचार गर्दा पनि निवेदक आ.व.७१।०७२ को तलब भत्ता दाबी गर्न आ.व.२०७२।०७३ को अन्त्यमा अदालत प्रवेश गरेबाट तलब भत्ता दिने विषयको समसामयिकतासमेत समाप्त भइसकेको देखिन्छ। यस स्थितिमा यथासमयमा तलब भत्ता निकासा गर्नेतर्फ कानूनी प्रक्रिया अवलम्बन नगरिएको र समसामयिकतासमेत समाप्त भइसकेको आ.व.०७१।०७२ को तलब भत्ताको विषयलाई लिएर करिब २ वर्षपश्चात् निवेदक अदालत प्रवेश गरेको देखिँदा विलम्बको सिद्धान्तको आधारमा रिट निवेदन खारेज गर्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको आदेश मिलेकै देखिएकोले अन्यथा गरिरहनु नपर्ने।

अतः समसामयिकता समाप्त भइसकेको तलब भत्ताको विषयवस्तु उठान गरी निवेदक अदालत प्रवेश गरेको अवस्था दर्साइ विलम्बको सिद्धान्तको आधारमा रिट निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन

अदालत, हेटौंडाको मिति २०७३।५।१ आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः किरणकुमार सिंह

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७७ साल चैत्र १३ गते रोज ६ शुभम् ।

**५६**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७७-WH-०२१६, बन्दीप्रत्यक्षीकरण, संयम भन्ने यमराज गुरूङ वि. कारागार कार्यालय भिमफेदी, मकवानपुरसमेत*

प्रतिवादी रहेका निवेदकलाई भएको कैद सजाय काठमाडौं जिल्ला अदालतको कैदी पुर्जीबाट मिति २०७७।१०।१९ मा भुक्तान भएको देखिएको र जरिवानाको हकमा हाल प्रचलित कानून मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम ठगीको कसुर गरेकोमा अधिकतम रू. ७०,०००।- (सत्तरी हजार) सम्म जरिवाना हुने भएकाले निज निवेदकलाई सोहीबमोजिम केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) बमोजिम सत्तरी हजार रूपियाँभन्दा बढी जरिवाना गर्न नहुने र ऐनबमोजिम मात्र फैसला कार्यान्वयन गर्नुपर्ने हुँदा काठमाडौं जिल्ला अदालतको मिति २०७६।२।८ च.नं. ६५५९ बाट निवेदकलाई ठेकिएको कैदीपुर्जी मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) को कानूनी व्यवस्थाको प्रतिकूल देखिई उल्लिखित जरिवाना नबुझाएकोमा सोबापत भनी मिति २०७७/१०/१९ देखि मिति २०८७/१०/१८ गतेसम्म १० वर्ष कैदमा राखी मिति २०८७/१०/१९ गते निवेदकलाई कैद मुक्त गरिदिनु भनी कैद म्याद ठेकी जारी गरेको सो हदसम्मको कैदी पुर्जीसम्म त्रुटिपूर्ण देखिँदा उक्त कैदीपुर्जी उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब ०७३-CR-१११८ को ठगी मुद्दामा प्रतिवादी रहेका यी निवेदकलाई फैसलाले ठहरेको ४ वर्ष कैद भुक्तान भइसकेको देखिएको र जरिवाना रू.१,४२,७२,५००।- (एक करोड बयालीस लाख बहत्तर हजार पाँच सय रूपियाँ) नबुझाएको बापतमा भनी मिति २०७७/१०/१९ देखि यी निवेदक कैदमा रहेकोमा मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम निवेदकलाई अधिकतम रू. ७०,०००।- (सत्तरी हजार) जरिवाना हुने देखिएको र सो जरिवाना बुझाएको नदेखिँदा सो सत्तरी हजार रूपियाँ जरिवाना नबुझाए बापत मिति २०७७।१०।१९ बाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(३) बमोजिम प्रतिदिन रू ३००।- का दरले हुन आउने २३४ दिन निवेदक कैदमा बस्नुपर्ने देखिन आउँछ । मिति २०७७।१०।१९ देखि निवेदक आजको मितिसम्म ८४ दिन कैदमा बसिसकेको देखियो । जरिवाना रू.७०,०००।- (सत्तरी हजार) मध्येबाट निवेदकले जरिवानाबापत भुक्तान गरिसकेको ८४ दिन कैदमा बसेबापतको हुन आउने रकम कट्टा गरी बाँकी रहन आउने जरिवानाको रकम बुझाए सोही दिन निवेदकलाई कैद मुक्त गरिदिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः टिकेन्द्रवीर जङ्ग राणा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७८ साल वैशाख १३ गते रोज २ शुभम् ।

**५७**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०६८-WO-०४००, उत्प्रेषणयुक्त परमादेश, डा.पुरूषोत्तम राज सेढाईसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५ को उपनियम (१) मा बढुवाद्वारा पूर्ति गरिने पदको लागि आवश्यक न्यूनतम योग्यताको विषयमा ऐ.को अनुसूची-७ बमोजिम हुने भनी उल्लेख भएको र अनुसूची-७ मा पब्लिक हेल्थ एडमिनिस्ट्रेसन अधिकृत नवौँ र एघारौँ तहमा बढुवाको लागी मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी एस. वा सोसरहको उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सोसरहको शैक्षिक योग्यता हुनुपर्ने कानूनी प्रावधान रहेको देखिन्छ । उल्लिखित कानूनी व्यवस्था

भएको परिप्रेक्ष्यमा रिट निवेदकहरूको शैक्षिक योग्यता बी.ए.एम.एम.एस. उत्तीर्ण गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर गरेको पाइन्छ । यसरी यी निवेदकहरूले सम्बन्धित विज्ञापनमा दरखास्त फाराम भर्न योग्य हुनको लागि कानूनले तोकेबमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सोसरहको उपाधि प्राप्त गरेको नदेखिने । निवेदकहरूले लोक सेवा आयोगको सूचना नं. १८४/०६७-०६८ को बढुवा सूचना नं. १०१/०६७-०६८ स्वास्थ्य सेवा, पब्लिक हेल्थ एडमिनिस्ट्रेसन समूह, उपस्वास्थ्य प्रशासक, नवौँ तहमा कार्यक्षमता मूल्याङ्कनको आधारमा पदपूर्ति गर्ने गरी भएको विज्ञापनमा दरखास्त फाराम भरी पेस गर्दा शैक्षिक योग्यता नमिलेको आधारमा निजहरूलाई उक्त पदको लागि अयोग्य ठहर गर्ने गरी बढुवा समितिको मिति २०६८।३।३० गतेको निर्णयलाई सदर गरेको लोक सेवा आयोगको मिति २०६८।५।२९ को निर्णय तथा सोबमोजिम भए गरेका नियुक्ति, पदस्थापनालगायतका काम कारबाहीहरू कानूनसम्मत नै देखिन आएको ।

तसर्थ: निवेदकको मागदाबी कानूनसम्मत रहे भएको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७७ साल फागुन ४ गते रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- डा. पुरूषोत्तमराज सेढाईसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत ।
- ०६९-WO-०७२४, उत्प्रेषणयुक्त परमादेश, डा. पुरूषोत्तमराज सेढाईसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत ।

**५८**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७५-CR-१६७९, लागु औषध, नेपाल सरकार वि. लालबाबु साहसमेत*

प्रतिवादी लालबाबुसँग चिनजान रहेका चन्द्रेश्वर चौधरीले लालबाबु साहउपर पोल गरी तथ्ययुक्त तबरबाट सो पोल स्थापित गर्न नसकेको स्थितिमा गाँजा लोड गर्ने तथा ओसार पसार गर्ने कार्यमा यी प्रतिवादीको संलग्नता रहेको भन्ने अन्य सहप्रतिवादीको मौकाको कथनलाई प्रमाणमा लिन सकिने अवस्था देखिएन । प्रतिवादी लालबाबु साहले अदालतमा बयान गर्दा प्रतिवादी बद्री चौधरी जैसवाल मेरो सब्जी पसलका छिमेकी रहेका र निजसँग मेरो ५।६ वर्षअगाडिदेखि झगडा भएको कारण मलाई निजले पोल गरेका हुन्, मेरो कुनै संलग्नता छैन भनी इन्कारी बयान गरेको देखिन्छ । निज लालबाबु साह पनि सो गाँजा कारोबारमा संलग्न थिए भन्ने कुरा पुष्टि गर्ने अन्य कुनै स्वतन्त्र प्रमाण रहे भएको देखिँदैन । मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभएको केवल बद्री चौधरी जैसवालको अनुसन्धानको पोललाई मात्र आधार मानी प्रतिवादी लालबाबु साहलाई लागु औषध जस्तो फौजदारी कसुरमा सजाय गर्नु न्यायोचित हुँदैन । तसर्थ, निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत इलामको फैसला निजको हकमा मिलेकै देखिएको ।

प्रतिवादी केशरसिंह लिम्बूको घटित वारदातमा अन्य अभियुक्तसँग संलग्नता (Meeting of Mind स्वतन्त्र एवं वस्तुनिष्ठ तवरबाट स्थापित) भएको अवस्था देखिँदैन । यस्तो अवस्थामा निजका नाममा रहेको गाडी निजलाई थाहा जानकारी नदिई अन्य व्यक्तिले दुरूपयोग गरेको कारण सजायको भागीदार बनाउनु न्यायोचित हुँदैन । उल्लिखित बेहोराबाट निजको संलग्नताको पुष्टि नभएको र वादी पक्षबाट निजउपरको अभियोग दाबी पुष्टि हुने कुनै वस्तुनिष्ट सबुत प्रमाणहरू पेस भएको अवस्थासमेत नदेखिँदा प्रतिवादी केशर सिंह लिम्बूलाई प्रस्तुत अभियोग दाबीबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत इलामको फैसला अन्यथा भन्न मिल्ने नदेखिने ।

तसर्थ, प्रतिवादी केशरसिंह लिम्बू र लालबाबु

साहलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत इलामको मिति २०७२।८।२१ को फैसला निजहरूको हकमा मिलेकै देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: हेमराज शर्मा

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७८ साल चैत्र २० गते रोज १ शुभम् ।

## इजलास नं.९

### ५९

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-CR-०६४३, लागु औषध (ब्राउन सुगर), नेपाल सरकार वि. कल्पना सिंहसमेत*

प्रतिवादीहरूमध्येका कल्पना सिंह र रूथ तोलाङ्गीको साथ शरीर खानतलासी गर्दा ३ पुरिया लागु' औषध (ब्राउन सुगर) बरामद भएको बरामदी मुचुल्काबाट देखिन्छ । उक्त ३ पुरिया लागु औषध (ब्राउन सुगर) तौल गर्दा ८२० मिलिग्राम भएको पाइन्छ । उक्त बरामदी लागु औषध (ब्राउन सुगर) गाउँघरतिर बिक्री वितरण गर्ने र केही आफूले समेत सेवन गर्ने गरेको भनी निज कल्पना सिंहले मौकामा लेखाइदिएको अवस्था छ । प्रतिवादी कल्पना सिंहले आफूले लागु औषध (ब्राउन सुगर) कहिलेकाहीँ सेवन गर्ने गरेको र सहप्रतिवादीहरूलाई पनि समय समयमा लिने दिने गरेको भनी मौकामा लेखाएको अवस्था छ । प्रतिवादीमध्येका उदयबहादुर हमालले आफू आरोपित कसुरमा संलग्न नरहेको भनी बयान लेखाएका छन् । यस अवस्थामा प्रतिवादीहरूमध्येका कल्पना सिंह र रूथ तोलाङ्गीले एकापसमा खडानन्द पौडेलले मैले सहप्रतिवादी गगनबहादुर शाहीबाट रू.१०००।- मा खरिद गरी ल्याएको हो भनी लेखाएका छन् भने प्रतिवादी गगनबहादुर शाहीले अदालतसमक्ष बयान गर्दा आफूले लागु औषधको कुनै कारोबार नगरेको भनी कसुरमा पूर्ण इन्कारी रही बयान गरेको देखिन्छ । यस अवस्थाबाट निज प्रतिवादीहरू कल्पना सिंह र रूथ तोलाङ्गीले एकआपसमा मिलेमतो गरी बेला मौकामा लागुऔषध सेवन गर्ने गरेको तथ्य बरामदी लागु औषध, निजहरूले मौकामा र अदालतमा गरेको बयानसमेतबाट पुष्टि भएको देखिन आउने ।

जहाँसम्म बिक्री वितरणतर्फको पुनरावेदन जिकिर छ, यसतर्फ प्रतिवादीहरू कल्पना सिंह र रूथ तोलाङ्गी सुरूदेखि नै उक्त कार्यमा संलग्न नभएको भनी बयानमा इन्कारी छ । निजहरूका साक्षीले विक्रि वितरण सम्बन्ध इन्कारी बयानलाई समर्थन हुने गरी बकपत्र गरिदिएका छन । प्रतिवादीहरूबाट ३ ग्राम लागु औषध बरामद भएको देखिन्छ । लागु औषध बिक्री वितरण गर्ने भनेर अभियोग लगाएको भए तापनि उक्त अभियोग प्रमाणद्वारा पुष्टि गर्ने वस्तुगत प्रमाण पेस भएको देखिँदैन । प्रतिवादी कल्पना सिंहले आफूले बरामद भएको लागु औषध एक पुरियाको आधा साथी रूथ तोलाङ्गी र मैले सेवन गरेका हौं भनेको र बरामदी लागु औषधको परिमाण र निजको बयानको तादम्यता मिलेकै देखिने ।

प्रतिवादीहरू गगनबहादुर शाही र खडानन्द पौडेलबाट लागु औषध बरामद भएको देखिँदैन । निज प्रतिवादीहरू सहअभियुक्तको पोलका आधारमा प्रतिवादी कायम भएको देखिन्छ । वादीका साक्षी प्र.स.नि. नारायणबहादुर सिंहले अदालतमा बकपत्र गर्दासमेत बरामदी लागु औषध कल्पना सिंह र रूथ तोलाङ्गीबाट बरामद भएको हो भनी लेखाइदिएको अवस्था छ । शङ्काको भरमा प्रमाण पुष्टि हुन नसक्ने र आरोप पुष्टि हुनलाई ठोस प्रमाणको आवश्यकता पर्ने हुन्छ । किनकि शङ्काले प्रमाणको आधार ग्रहण गर्न सक्दैन । मिसिल संलग्न तथ्य एवम् प्रमाणहरूबाट प्रतिवादीहरू लागु औषध बिक्री गर्ने बिक्रेता रहे भएको प्रमाणित हुन सकेको देखिन आएन । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम दाबी प्रमाणित गर्ने भार वादीमा रहेकोमा प्रतिवादीहरू उपरको अभियोग दाबी वस्तुनिष्ठ तबरबाट प्रमाणित हुन नआएको र प्रतिवादी कल्पना सिंहले बरामद भएको लागु औषध

ब्राउन सुगर आफूले सेवनको लागी खरिद गरेको र आफू सेवनकर्ता रहेको भनी स्वीकार गरेको स्थिति विद्यमान् रहेको देखिएबाट मिसिल संलग्न प्रमाणहरूको विश्लेषण गरी उच्च अदालत सुर्खेतबाट भएको फैसला न्याय एवम् कानूनसङ्गत नै रहे भएको देखिँदा निज प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, सुरू सुर्खेत जिल्ला अदालतबाट प्रतिवादीहरू कल्पना सिंह र रूथ तोलाङ्गीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(६) को कसुरमा सोही ऐनको दफा १४(१)(ङ) बमोजिम सेवनतर्फ सजाय ठहर गरेको हदसम्म सुरू फैसला मिलेको, अन्य प्रतिवादीहरू उदयबहादुर हमाल र खडानन्द पौडेलले सफाइ पाउने ठहरेको हदसम्म सुरू फैसला सदर हुने र प्रतिवादीहरूमध्ये गगनबहादुर शाहीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (छ) र (च) को कसुरमा सोही ऐनको दफा १४ (१) (छ) (१) अनुसार पाँच वर्ष कैद र दश हजार रूपियाँ जरिवाना हुने ठहर गरेको नमिलेकोले उल्टी भई निज प्रतिवादी गगनबहादुर शाहीले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी उच्च अदालत सुर्खेतबाट मिति २०७६।३।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः शिवहरि सुवेदी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७८ असार २० गते रोज १ शुभम्।

**६०**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७६-CR-१८०२, लागु औषध (ब्राउन सुगर), नेपाल सरकार वि. राजेश खाँड ठकुरीसमेत*

बरामदी मुचुल्काबाट प्रतिवादी राजेश खाँड ठकुरीको साथबाट ३ (तीन) ग्राम ब्राउन सुगर र १५ ट्याब्लेट नाइट्राभेट बरामद भएको देखिन्छ भने सो बरामदी मुचुल्कामा निज प्रतिवादीहरूको सहमति रहेको देखिन्छ। प्रतिवादीहरू राजकुमार गुरूङ र राजेश खाँड ठकुरीले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा बरामद भएको लागु औषध सेवन र बिक्री वितरण गर्ने उद्देश्यले साथमा लिई आएको अवस्थामा प्रहरीले शरीर खानतलासी गर्दा फेला परेको हो भनी आरोपित कसुरमा साबित भई बयान गरेको देखिए पनि अदालतसमक्ष बयान गर्दा दुवै प्रतिवादीहरूले बरामदी लागु औषध हामी दुवै जनाले बराबरी बाँडफाँड गरी सेवन गर्ने उद्देश्यले खरिद गरी ल्याएको हो बेचविखनको लागि होइन भनी सेवनतर्फको कसुर स्वीकार गर्दै बेचबिखनतर्फको कसुरमा इन्कार रही बयान बेहोरा लेखाएको देखिने।

प्रतिवेदक प्र. स. नि. गंगाबहादुर खड्काले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादीहरू लागु औषध सेवन गर्दागर्दैको अवस्थामा पक्राउ परेका हुन्, बिक्री वितरण गर्दै गरेको अवस्थामा पक्राउ परेका होइनन् भनी बेहोरा लेखाइदिएको देखिन्छ। मिसिल संलग्न कुनै पनि तथ्य प्रमाणबाट यी प्रतिवादीहरू लागु औषध बिक्री वितरणमा संलग्न रहेको पुष्टियोग्य प्रमाण पेस गर्न सकेको अवस्था देखिँदैन। प्रतिवादीहरूले अदालतसमक्ष आफूहरूले उक्त लागु औषध सेवन गर्न ल्याएको भनी बयान बेहोरामा खुलाएको देखिन्छ। प्रतिवादीहरूबाट बरामद भएको लागु औषधको मात्रा हेर्दा पनि प्रतिवादीहरूले अदालतसमक्ष सेवनका लागी उक्त लागु औषध ल्याएको भन्ने भनाइलाई समर्थन गरेको देखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम फौजदारी कसुरमा दाबी प्रमाणित गर्ने भार वादीमा रहेकोमा प्रतिवादीहरूले को कसलाई कहाँ के कति मात्रामा र कति मूल्यमा लागु औषध ब्राउन सुगर बिक्री वितरण गरेका हुन् भनी वादी पक्षले पुष्टि गर्न सकेको अवस्था देखिन नआएबाट बिक्री वितरणतर्फको अभियोग खण्डित हुन पुगेको देखिने।

वादी पक्षले आफ्नो दाबी प्रमाणित गर्ने गरी भरपर्दो एवम् ठोस प्रमाणको कुनै व्यक्तिलाई अपराधी घोषित गरी सजाय ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तको प्रतिकूल हुने र शङ्काको

सुविधा अभियुक्तले पाउने नै हुँदा प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई लागु औषध बिक्री वितरणतर्फको कसुर कायम गरी सजाय ठहर गर्नु न्यायसङ्गत हुने देखिन आएन । त्यसकारण बिक्री वितरणतर्फ अभियोगदाबी नपुग्ने ठहर गरी लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(क) बमोजिम प्रतिवादीहरू राजेश खाँड ठकुरी र राजकुमार गुरूङलाई जनही एक वर्ष कैद हुने ठहर्‍याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको मिति २०७६।२।६ को फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिँदा प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७६।२।६ मा प्रतिवादीहरू राजेश खाँड ठकुरी र राजकुमार गुरूङलाई जनही एक वर्ष कैद हुने ठहर्‍याई भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः शिवहरि सुवेदी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७८ साल आषाढ २० गते रोज १ शुभम् ।

## ६१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७७-WH-०३१४, बन्दीप्रत्यक्षीकरण, मन्जुर आलम वि. कारागार कार्यालय, पर्सासमेत*

निवेदकले ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ बमोजिम सजाय छुटको सुविधा पाउने हो वा होइन भन्नेसम्बन्धमा विचार गर्दा, सो कानूनी व्यवस्थालाई उल्लेखन गर्नु सान्दर्भिक देखिन्छ । ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ (१) (क) मा ६५ वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पच्चिस प्रतिशतसम्म, दफा १२ (१) (ख) मा सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म, दफा १२ (१) (ग) मा पचहत्तर वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म कैद छुट दिने व्यवस्था गरिएको छ । प्रस्तुत रिट निवेदनमा निवेदकले आफू ७३ वर्षको ज्येष्ठ नागरिक भएको हुँदा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ (१) (क) बमोजिम ५० प्रतिशत सजाय छुट पाउनुपर्छ भनी मागदाबी लिएको देखिने ।

निवेदक विरूद्ध २०६९ सालमा दायर भएको ०६९-CR-००१० को लागु औषध खैरो हेरोइन मुद्दामा निज स्वयम्ले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष गरेको बयानमा आफ्नो उमेर ४५ वर्षको भनी उल्लेख गरेको देखिन्छ । २०६९ सालमा निज ४५ वर्षको हुँदा हाल उनको उमेर ५४ वर्ष हुन्छ । त्यसैगरी निवेदकले निवेदनसाथ पेस गरेको भारत निर्वाचन आयोगबाट जारी भएको परिचय पत्रमा निजको जन्ममिति ०१।०१।१९४८ उल्लेख भएको भए तापनि सो परिचय पत्र ई.सं. २९।०६।२०१३ अर्थात् वि.सं २०७०।३।१५ मा जारी भएको देखिन्छ । यी निवेदकलाई लागु औषध खैरो हिरोइन मुद्दामा मकवानपुर जिल्ला अदालतले च.नं.०५, मिति २०६९।११।०१ मा कैदी पुर्जी जारी गरी कैदमा राखिएकोबाट भारत निर्वाचन आयोगले मतदाता परिचय पत्र जारी गर्दाको समयमा यी निवेदक कारागारमा नै रहेको भन्ने देखिने ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २(क) मा "ज्येष्ठ नागरिक भन्नाले साठी वर्ष उमेर पूरा गरेको नेपाली नागरिक सम्झनुपर्छ" भनी ज्येष्ठ नागरिकलाई परिभाषित गरिएको छ । यस कानूनी व्यवस्था अनुसार ज्येष्ठ नागरिक हुनको लागी साठी वर्ष पूरा हुनुपर्ने र यो ऐनमा ज्येष्ठ नागरिकको सुविधा नेपाली नागरिकको हकमा मात्र लागु हुने भन्ने प्रस्ट छ ।

निवेदक नेपाली नागरिक रहेको भन्ने रिट निवेदन तथा भारतबाट ल्याइएको मतदाता परिचयपत्रबाट देखिन्छ । कानूनले नै स्पष्ट रूपमा ज्येष्ठ नागरिकसम्बन्धी ऐनअन्तर्गत सजाय छुटको सुविधा लिन नेपाली नागरिक हुनुपर्ने व्यवस्था गरेको

देखिने।

अतः रिट निवेदक मन्जुर आलम भारतीय नागरिक भएको र ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २(क) मा ज्येष्ठ नागरिक भन्नाले साठी वर्ष पूरा भएको नेपाली नागरिक हुनुपर्ने कानूनी व्यवस्था रहेको हुँदा ऐ. ऐनको दफा १२ (१) (क) बमोजिम ५० प्रतिशत सजाय छुट प्रदान गर्न कानूनत: मिल्ने देखिएन। रिट निवेदक फैसला कार्यान्वयनको तहमा थुनामा रहेको हुँदा निजको थुनालाई गैरकानूनी भन्न सकिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः मतिना शाक्य

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७८ साल जेष्ठ ३ गते रोज २ शुभम्।

**६२**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री नहकुल सुवेदी,** *०७७-WH-०३१६, बन्दीप्रत्यक्षीकरण, रोशन पोदार वि. सुनसरी जिल्ला अदालत तहसिल शाखा।*

रिट निवेदकलाई सुनसरी जिल्ला अदालतबाट मिति २०७३।३।२० को फैसलाले ०७२-CR-१०४२ को नकबजनी चोरी मुद्दामा १ महिना १५ दिन कैद र ४,३५,०००।– जरिवाना, ०७२- CR-१०४३ को मुद्दामा ४ महिना १५ दिन कैद र रू.२,२६,५००।– जरिवाना र ०७२- CR-१०४४ को मुद्दामा ९ महिना कैद र रू.१,३५,७५०।– जरिवाना र ०७२- CR-१०४५ को मुद्दामा १ वर्ष ६ महिना कैद र रू.९,२८,८७५।– जरिवाना भएकोमा निजलाई लागेको ठुलो कैद १ वर्ष ६ महिना कैद र जम्मा जरिवाना १३,३४,६२५।- भएकोमा निजलाई जरिवानाबापत साबिक मुलुकी ऐन, दण्ड सजायको ४१ नं. बमोजिम ठुलो कैदबापत एक वर्ष छ महिना कैद र जरिवाना रू.१३,३४,६२५।– बापत ४ वर्ष कैद म्याद ठेकी सुनसरी जिल्ला अदालतबाट मिति २०७६।१।२९ मा एकीकृत कैदीपुर्जी जारी भएको देखिने।

निवेदक २०७३।१।६ देखि निरन्तर थुनामा रही आजसम्म ५ वर्ष २४ दिन कैदमा थुना बसेको देखिन्छ। निजलाई लागेको कैद १ वर्ष ६ महिनाको अवधि २०७४।७।६ मा भुक्तान भइसकेको देखिन्छ। हालको मुलुकी फौजदारी संहिता, २०७४ को दफा २४३(३) बमोजिम नकबजनी चोरीबापत ३ वर्षदेखि ५ वर्षसम्म कैद र रू. ३० हजारदेखि ५० हजार जरिवाना हुने कानूनी व्यवस्था रहेको देखिन्छ।केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन,२०७४ को दफा ३९(२)(ख) ले "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ। तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ" भन्ने र फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन,२०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखत भन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। हाल प्रचलित मुलुकी अपराध संहिता,२०७४ को दफा २४३(३) ले नकबजनी चोरीमा रू. ३०,०००।- देखि रू. ५०,०००।– सम्म जरिवानाको व्यवस्था गरेको हुँदा जरिवानाबापत रू.१३,३४,६२५।– तिर्नुपर्ने नभई प्रत्येक कसुरको जरिवानाबापत रू.५०,०००।– (पचास हजार) को दरले ४ वटा फरक कसुरबापत रू.२,०००००।– (दुई लाख रूपियाँ) तिर्ने गरी उक्त कानूनबमोजिमको सुविधा निवेदकले पाउने देखिँदा निवेदक मिति २०७४।७।६ देखि हालसम्म जरिवानाबापत कैदमा बसेको देखिँदा जरिवानाबापतको कैद त्यो पनि असुल भइसकेको देखिँदा निजलाई कैदमा राख्नु गैरकानूनी देखिएकोले निवेदक रोशन पोदारलाई आजै कैद मुक्त गरिदिनु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः नारायण सापकोटा

कम्प्युटरः सरस्वती दाहाल

इति संवत् २०७८ साल वैशाख ३० गते रोज ५ शुभम्।

## इजलास नं.१०

### ६३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७५-CR-११९८, कर्तव्य ज्यान तथा चोरी, नेपाल सरकार वि. सेनेप भन्ने सन्दिप लेछर्बो लिम्बूसमेत*

वारदातको अवस्थाले मृतक लालबहादुरले उधारो चामल नदिएको रिसमा मृतकलाई मार्ने योजना र तयारी गर्नुको साथै रातको समयमा प्रतिवादीहरू मृतकको घरमा गएर वारदात घटाएको देखिन्छ । मृतक लालबहादुरलाई प्रतिवादीहरूले खुकुरी जस्तो जोखिम हतियारसहित सामूहिक आक्रमण गरेका छन् । निजहरूको आक्रमण र प्रयोग भएको खुकुरीको चोटबाट नै मृतक लालबहादुरको मृत्यु भएको छ । मृतक लालबहादुर प्रतिवादीहरूबाट भएको खुकुरीसहितको आक्रमणको क्रियाबाट मरेको देखिँदा उक्त कार्यमा प्रतिवादीहरूको मनसाय रहेको भन्ने तथ्यलाई पुष्टि गर्ने ।

प्रतिवादी गोली भन्ने अर्जुन लेछर्बो लिम्बूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद तथा प्रतिवादीहरू सेनेप भन्ने सन्दिप र सुरेश भन्ने हिमाललाई १३(३) नं. बमोजिम जन्मकैद हुने गरी भएको सुरू जिल्ला अदालतको फैसलालाई सदर ठहर्‍याएको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला साधकको रोहमा विचार गर्दा, अनुसन्धानको क्रममा यी प्रतिवादी सुरेश भन्ने हिमालको उपस्थिति देखाएकोमा प्रतिवादी सेनेप भन्ने सन्दिप लिम्बू र गोली भन्ने अर्जुन लिम्बूले अदालतमा बयान गर्दा प्रहरीले कुट्ला भन्ने डरले प्रहरीमा निज प्रतिवादी सुरेश भन्ने हिमाल लेछर्बो लिम्बू संलग्न रहेको भनी लेखाएको हुँ भनी अदालतमा लेखाए पनि निजहरूले अनुसन्धानमा आफूले कसुर गरेकामा साबिती रही यी प्रतिवादी सुरेश भन्ने हिमाल लेछर्बो लिम्बूको पनि संलग्नता रहेको भनी आफैले भनेको तथ्य अदालतमा स्वीकार गरेको हुँदा प्रहरीमा लेखाएको निजहरूको भनाई विश्वसनीय मान्न सकिन्न । खुकुरी प्रहार गर्ने मुख्य प्रतिवादी गोली भन्ने अर्जुन लेछर्बो लिम्बूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुन तथा प्रतिवादीहरू सेनेप भन्ने सन्दिप र सुरेश भन्ने हिमाललाई १३(३) नं. बमोजिम जन्म कैद हुने ठहर भएको सुरू जिल्ला अदालतको फैसला सदर ठहर्‍याएको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला कानूनसम्मत नै देखिन आउने ।

त्यसैले यी तीनै जना प्रतिवादीहरू सेनेप भन्ने सन्दिप, गोली भन्ने अर्जुन र सुरेश भन्ने हिमालले तीनै जना मिली पूर्वयोजनाअनुसार मृतक लालबहादुर खड्कालाई कर्तव्य गरी मारेको देखिन आएको अवस्थामा खुकुरी प्रहार गर्ने मुख्य प्रतिवादी गोली भन्ने अर्जुन लेछर्बो लिम्बूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने तथा प्रतिवादीहरू सेनेप भन्ने सन्दिप र सुरेश भन्ने हिमाललाई १३(३) नं. बमोजिम जन्मकैद हुने गरी ठहर भएको सुरू जिल्ला अदालतको फैसला सदर ठहर्‍याएको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला मिलेकै देखिने ।

चोरीको महलको १४(२) नं. बमोजिम सजाय गरी बिगो रू.९,९०,०००।- प्रतिवादीहरूबाट भराइपाउँ भन्ने अभियोग दाबी नपुग्ने ठहर भएकोमा अभियोगदाबी अनुसार नै यी प्रतिवादीहरूलाई मुलुकी ऐन, चोरीको महलको १४(२) नं. बमोजिमको कसुर कायम गरी सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रतिवादीहरूले घटनास्थलबाट नगद तथा जिन्सीसमेत लगेको एकआपसमा पोलापोल गरी बयान गरे तापनि नगदलगायतका कुनै पनि मालसामान बरामद हुन सकेको देखिँदैन । चोरीको समेत अभियोग लागेको कसुरमा दशीको रूपमा नगद वा अन्य गरगहनाका सामानहरू बरामद नै नभएको अवस्थामा चोरीतर्फको अभियोग दाबी पुष्टि हुन सक्ने अवस्था देखिँदैन ।

प्रतिवादीहरूले सुरू अदालतमा चोरीतर्फ गरेको इन्कारी बयान बेहोरालाई अभियोजन पक्षले अन्यथा हो भनी स्वतन्त्र एवम् अन्य ठोस सबुद प्रमाणबाट पुष्टि गराउन सकेको मिसिलबाट नदेखिएको अवस्थामा केवल जाहेरीमा उल्लेख भएकै आधारमा मुलुकी ऐन, चोरीको महलको १४(२) नं. बमोजिमको कसुर कायम गरी सजाय गर्नु मनासिब नहुने देखिएसमेतबाट चोरीतर्फ कसुर कायम गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

तसर्थ, प्रतिवादीहरूमध्येका गोली भन्ने अर्जुन लेछर्बो लिम्बूले मृतक लालबहादुर खड्कालाई खुकुरी प्रहार गरेको र सेनेप भन्ने सन्दिप लेछर्बो लिम्बू र सुरेश भन्ने हिमाल लेछर्बो लिम्बूले मृतकलाई मार्ने कार्यमा संलग्न रहेको शङ्कारहित तवरले सप्रमाण पुष्टि हुन आएको हुँदा यी प्रतिवादी अर्जुन लेछर्बो लिम्बूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र प्रतिवादीहरू सेनेप भन्ने सन्दिप लेछर्बो लिम्बू र सुरेश भन्ने हिमाल लेछर्बो लिम्बूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद गर्ने तथा प्रतिवादी रमेश लिम्बूलाई सोही महलको १७(३) नं. बमोजिम ६ महिना कैद गरी चोरीको महलको १४(२) नं. बमोजिम सजाय गरी बिगो रू.९,९०,०००।- प्रतिवादीहरूबाट भराइपाउँ भन्ने अभियोग दाबी पुग्न नसक्ने ठहर गरी सुरू बैतडी जिल्ला अदालतबाट भएको फैसला सदर ठहर्‍याएको उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७५।०३।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

सर्वस्वसहित जन्मकैद गर्ने सजायका सम्बन्धमा विचार गर्दा यी प्रतिवादी गोली भन्ने अर्जुन लेछर्बो लिम्बूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. मा उल्लेख भए अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहर भए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन ।" भन्ने व्यवस्था भएको देखिँदा सर्वस्व गरिरहन परेन। जन्मकैद मात्र हुने।

इजलास अधिकृत: अनु याकामी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७७ साल जेठ २७ गते रोज ३ शुभम्।

## ६४

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, *०७५-CR-१५७२, कर्तव्य ज्यान, नेपाल सरकार वि. गोविन्द सुनार भन्ने लिलाबहादुर सुनार*

आशङ्काजनित भनाइबाट कर्तव्य ज्यान जस्तो गम्भीर अपराधको अभियोग प्रमाणित हुन सक्दैन । जाहेरवालालगायतका वादी पक्षका केही व्यक्तिले प्रतिवादीले मृतकप्रति पहिलेपहिले गरेको कुटपिटजस्ता घरेलु हिंसाजनित घटनाहरूको आधारबाट प्रतिवादीले नै मृतकलाई कुटपिट गरी कर्तव्य गरी मारेको भन्ने आशङ्का देखाउनुका अतिरिक्त प्रतिवादीका विरूद्ध अन्य कुनै पनि ठोस प्रमाण पेस गर्नसकेको देखिँदैन। प्रतिवादीविरूद्ध मृतक पक्षबाट यसअघि घरेलु हिंसासम्बन्धी कुनै कसुरजन्य अपराधको जाहेरी परेको वा मुद्दा चलेको प्रमाणसमेत वादी पक्षबाट पेस दाखिल भएको मिसिलबाट नदेखिँदा पहिलेपहिलेका पति पत्नीबिच भएका घरायसी वादविवाद र घटनालाई लिएर प्रतिवादीका विरूद्ध प्रस्तुत कर्तव्य ज्यान मुद्दाको प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिदैन। यसर्थ वादी पक्षबाट लिएका पुनरावेदन जिकिर साथै बहस जिकिरसँग सहमत हुन नसकिने।

वस्तुस्थिति मुचुल्कामा लासको अवस्थामा जमिनको सतहमा मृतकका घुँडाले छोएको, मृतकको मृत्युपूर्व मृतक र प्रतिवादीबिच झैझगडा हुने गरेका जस्ता परिस्थितिजन्य प्रमाणबाट यी प्रतिवादी गोविन्द भन्ने लिलाबहादुर सुनारप्रति शङ्का गरी सुरू अदालतबाट कसुरदार ठहर भएको अवस्था छ। शङ्का

र अनुमानका कुरालाई प्रमाण कानूनले प्रमाणका रूपमा लिन नमिल्ने भनी स्पष्टरूपमा उल्लेख गरेको पाइन्छ। कर्तव्य ज्यान जस्तो गम्भीर प्रकृतिको कसुर अपराधमा वस्तुनिष्ठ र स्वतन्त्र प्रमाणको अभावमा केवल शङ्का र अनुमानको भरमा प्रतिवादीहरूलाई कसुरदार ठहराउनु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जान्छ । अनुमानका कुरालाई निश्चयात्मक प्रमाणको रूपमा मान्यता दिई कसैलाई दोषी ठहर गरियो भने अन्यायपूर्ण अवस्थाको परिणामले प्रश्रय पाउने हुन्छ । यस किसिमको अन्यायपूर्णको अवस्था र परिस्थिति उत्पन्न नहोस् भन्ने अभिप्रायका साथ फौजदारी न्यायका आधारभूत मान्यताहरू अनुकूल हुने गरी न्याय निरूपण गर्नु वाञ्छनीय भएकाले नौ जना अपराधी छुटे पनि एक जना निरपराधीलाई कसुर कायम गर्न नहुने, शङ्काको भरमा कसैलाई दोषी ठहर गर्न नहुने, अभियोगदाबी प्रमाणित गर्ने भार अभियोजन पक्षमा रहने, शङ्काको सुविधा अभियुक्तले पाउने जस्ता फौजदारी न्यायका सिद्धान्तहरूको सन्दर्भमा विचार गर्दा, यी प्रतिवादीले मौकामा गरेको कागज, अनुसन्धान अधिकारीसमक्ष गरेको बयान र निजका साक्षीहरूले अभियुक्तको निर्दोषिताको पक्षमा गरेको बकपत्रलाई मनन गर्दा उल्लिखित तथ्यहरूलाई एकातर्फ पन्छाएर प्रतिवादीहरूलाई दोषी करार गर्नु विवेकसम्मत देखिने स्थिति नरहने।

यस स्थितिमा आफू सो वारदातका प्रत्यदर्शीसमेत नरहेका मृतकका भाइ नाता पर्ने जाहेरवाला इश्वर वि.क.ले प्रतिवादी लिलाबहादुर सुनारउपर शङ्का र अनुमानका भरमा आफ्नी दिदी मैयाँ सुनारको हत्याको आरोप लगाई जाहेरी दरखास्त दिएको पाइएको छ । घटना विवरण कागज गर्नेले मौकामा अनुसन्धान अधिकारीसमक्ष गरेको कागज र अदालतमा गरेको बकपत्रसमेतका प्रमाण मूल्याङ्कनको रोहमा सुरू धादिङ जिल्ला अदालतबाट प्रतिवादी गोविन्द भन्ने लिलाबहादुर सुनारलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. बमोजिमको कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याएको फैसला उल्टी भई प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी साबिक पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई अन्यथा गर्नुपर्ने देखिन नआउने।

अतः प्रतिवादी गोविन्द भन्ने लिलाबहादुर सुनारलाई सफाइ दिने गरी साबिक पुनरावेदन अदालत पाटनबाट मिति २०७३।०२।१८ मा भएको फैसला मिलेको नै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. बमोजिमको कसुर गरेकामा सोही महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत (उपसचिव): देवी चौधरी

इति संवत् २०७७ साल असार १ **गते रोज २ शुभम्।**

### ६५

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७५-CR-२६१०, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. हरिप्रसाद लामिछानेसमेत*

विधिशास्त्रीय रूपमा अपराधमा मनसाय, तयारी, उद्योग र पूर्ण अपराध गरी अपराधका चार चरणहरू रहेको पाइन्छ । जसमध्ये मनसाय र तयारीसम्मको चरणमा त्यस्तो अपराध गर्न चाहने व्यक्तिले आपराधिक कार्य घटाउनको लागी कुनै कार्य गरेको हुँदैन । अपराध गर्न चाहने व्यक्तिले मनसायअनुसारको तयारी पूरा गरी मनसायलाई कार्यरूप दिन सारवान रूपमा (Substantially) कुनै आपराधिक कार्य गरेको तर कुनै कारणले निजको कार्यबाट निजले अपेक्षा गरेको परिणाम प्राप्त नभएको अवस्थालाई उद्योगको रूपमा लिने गरिन्छ । यस्तो अपूर्ण आपराधिक कार्य (Inchoate Offences) लाई छुटै अपराधको रूपमा परिभाषित गरी कानूनले दण्डनीय बनाएको अवस्थामा सो कार्य गर्ने व्यक्तिले कानूनमा उल्लिखित आपराधिक दायित्व वहन गर्नुपर्ने।

अदालतले न्याय सम्पादन गर्दा वस्तुगत र

तर्कपूर्ण रूपमा गर्नुपर्छ, मनोगत होइन । अदालतले ऐन बनाउने, संशोधन गर्ने र खारेज गर्ने पनि होइन । व्याख्याको माध्यमबाट कानूनमा रहेका प्रस्ट प्रावधानलाई निष्क्रिय नहुने गरी विधायिकाको मनसाय, भावना र उद्देश्यलाई आत्मसात हुने गरी गर्नुपर्छ । पूर्ण अपराध र उद्योगबिचमा अपराधका तत्त्वहरूको रूपमा रहेका आपराधिक कार्य र आपराधिक मनसायको संयोजनात्मक उपस्थितिको दृष्टिकोणबाट भिन्नता नहुने भए तापनि कसुरको आपराधिक दायित्व वहन गर्ने सम्बन्धमा विधायिकाले फरक दृष्टिकोण राखी कानूनको निर्माण गर्न सक्दछ । सोही ऐनको दफा १५(१)(ङ)(१) अनुसारको कसुर कायम हुन मूलतः बेच्ने उद्देश्यले विदेश लगेको अवस्था हुनुपर्ने भन्ने कानूनी व्यवस्थाले अपराधको पूर्णता वा सम्पन्नताको अवस्थालाई उल्लेखन गरेको भन्ने देखिने ।

अतः पीडितलाई भारत पुर्‍याई बिक्री गर्ने कार्य पूरा भइसकेको अवस्थामा मात्र सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम सजाय हुने हो । कसुरको गम्भीरता र कसुरको मात्रा अनुसार सजाय निर्धारण गरिनु न्यायोचित हुने देखिन्छ । कसुरको मात्राभन्दा बढी हुन नहुने (proportionality theory) भन्ने दण्डको सिद्धान्तसमेतका आधारमा पीडितलाई विदेश लगी बेचिसकेको नभई बेच्ने प्रयाससम्म गरेको देखिन्छ । बेच्ने उद्देश्यले भारत लैजाँदैको अवस्थामा भारतीय भूमिमा नपुर्‍याउँदै नेपाल सरहदभित्रै निजहरूको कार्य सफल नभएको अवस्थामा तेस्रो पक्षको हस्तक्षेपको कारण कार्यमा अवरोध खडा भई कार्य सम्पन्न गर्न नपाइएको आधारमा मानव बेचबिखन उद्योगको कसुर भएको स्थितिमा कसुर ठहर भएका यी प्रतिवादीहरूलाई पूर्ण कसुर गरेअनुसारको सजाय गर्न मिलेन । प्रतिवादीहरू हरिप्रसाद लामिछाने तथा मनबहादुर कुँवरलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२) को (क) र (ख) कै कसुरमा सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिमकै सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादीहरू हरिप्रसाद लामिछाने र मनबहादुर कुँवरले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२) को (क) र (ख) अन्तर्गतको कसुरको उद्योगसम्म गरेको देखिँदा प्रतिवादीहरू मनबहादुर कुँवर र हरिप्रसाद लामिछानेलाई उक्त ऐनको दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू.२५,०००।- जरिवाना गरी निज प्रतिवादीबाट पीडितले रू.२५,०००।- क्षतिपूर्ति पाउने ठहर्‍याएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७५।९।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : अनु याकामी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७७ साल जेठ २७ गते रोज ३ शुभम् ।

## इजलास नं.१२

### ६६

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७४-CR-००९३, ०७४-CR-००९५, ज्यान मार्ने उद्योग, डाँका, नविन झासमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. नविन झा*

प्रतिवादीहरू सुरू अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरे तापनि अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा संलग्न रहेको कुरामा एकआपसमा पोल गरी आरोपित कसुरमा साबित रहेको देखिएका र डकैत गरिएका रकममध्ये केही रकम निज प्रतिवादीहरूमध्येबाट बरामद भएको बरामदी मुचुल्काबाट देखिनुका साथै यी पुनरावेदक प्रतिवादीहरूसमेतको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान, घटना विवरण कागज गर्ने मानिसहरूको कागज बेहोरा तथा निजहरूको अदालतसमक्षको बकपत्र तथा जाहेरवाला एवम् पीडित राजदेवको अदालतसमक्षको बकपत्रसमेतका कागज प्रमाणबाट समर्थित भएको देखिँदा प्रतिवादीहरू यी

पुनरावेदकसमेतले अभियोग दाबीबमोजिम डाँकाको कसुर गरेको ठहऱ्याई प्रतिवादीहरूलाई सजाय गर्ने गरेको उच्च अदालतको फैसला मिलेकै देखिन आउने।

नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रतिवादी उपेन्द्र ठाकुरले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा जाहेरवाला राजदेव चौधरीले बोकेको पैसाको ब्याग खोस्न लाग्दा हातपात भएकोले आफूले बोकेको कट्टुवा पेस्तोल झिकी गोली प्रहार गर्दा निजको खुट्टामा लागी निज घाइते भएको हो भनेका र अन्य प्रतिवादीहरूसमेतले अनुसन्धान अधिकारीसमक्ष सोहीअनुरूप बयान गरेको देखिन्छ। पीडित राजदेव चौधरीकै जाहेरी तथा अनुसन्धान अधिकारीसमक्ष गरेको कागज तथा अदालतमा गरेको बकपत्रसमेतबाट निजले पैसा बोकेको ब्याग प्रतिवादीहरूले खोस्न लाग्दा आफूले प्रतिकार गर्दा आफूलाई गोडामा गोली प्रहार गरेबाट आफू ढली बेहोस भएको भन्ने देखिएको र निजको देब्रे खुट्टामा Gun Shot Wound भन्ने निजको घाउ जाँच फारामबाट देखिन आई निजको भनाई समर्थित भएको देखिन्छ। पीडित एक्लै भएको र प्रतिवादीहरू धेरै सङ्ख्यामा रहेकाले निजहरूले पीडितलाई मार्न नै चाहेका भए निजको खुट्टाबाहेक अन्य संवेदनशील अङ्गमा सजिलै गोली प्रहार गर्न सक्ने देखिएको छ सो नगरेबाट निजलाई घाइते बनाई रूपियाँ खोस्ने मात्र निजहरूको उद्देश्य भएको वारदात स्थितिले देखाउँछ। पीडितको घाउ जाँच फारामबाट Not Fatal भन्ने देखिएको स्थितिसमेत छ। यसरी मिसिल संलग्न घटनास्थल मुचुल्का, जाहेरवाला राजदेव चौधरीको घा जाँच केस फारामबाट गोली लागेको देखिए तापनि प्रतिवादीहरूले जाहेरवालालाई ज्यान मार्ने नै मनसायले गोली प्रहार गरेको पुष्टि हुन नआएकाले सोतर्फको दाबी नपुग्ने र वारदातलाई कुटपिटमा परिणत गर्ने गरेको सुरू फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिएकाले अभियोग दाबीअनुसार प्रतिवादीहरूलाई ज्यान मार्ने उद्योगतर्फसमेत सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

डाँकातर्फ बिगोको डेढीले हुने रकम जनही जरिवाना हुनुपर्नेमा सो रकमलाई ४ जना प्रतिवादीहरूबिच दामासाही भाग लगाई जरिवाना गर्ने ठहर गरेको उच्च अदालतको फैसला सो हदसम्म पनि मिलेको नहुँदा उल्टी गरी अभियोग दाबीबमोजिम डाँकातर्फ डेढी बढाई प्रतिवादीहरूलाई जनही जरिवाना गरिनुपर्ने भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर रहेकोतर्फ विचार गर्दा, तत्काल प्रचलित मुलुकी ऐन, चोरीको १२ नं. र १४(४) नं.मा भएको कानूनी व्यवस्था हेर्दा चोरीमा ठहरेको बिगोबमोजिम जरिवाना हुने र डाँका मुद्दामा ठहरेको बिगोको डेढी बढाई जरिवाना गर्नुपर्ने देखिएकाले वादी नेपाल सरकारको उक्त जिकिर मनासिब देखिन आए तापनि हाल परिवर्तित कानून मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(२)(क) मा डाँकाको कसुरमा अधिकतम रू.१,४०,०००।– (एक लाख चालिस हजार) मात्र जरिवाना हुने व्यवस्था भएको देखिन्छ। केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ, तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुन रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र कार्यान्वयन हुने छ" भनी उल्लेख रहेको देखिन्छ र फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा समेत "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने" प्रावधान रहेको देखिन्छ। यस दृष्टिकोणबाट प्रस्तुत मुद्दामा डाँकातर्फ मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (२) को देहाय (क) बमोजिम प्रतिवादीहरूलाई बढीमा रू.१,४०,०००।– मात्र जरिवाना हुने देखिन आएकोले

हाल प्रचलित कानूनहरूमा रहेको यो व्यवस्था प्रतिवादीहरूलाई सो हदसम्म जरिवाना हुने देखिन आएकाले उच्च अदालतबाट डाँकातर्फको जरिवाना सम्बन्धमा भएको फैसलालाई अन्यथा गरिरहनपर्ने अवस्था विद्यमान नदेखिएकाले वादी नेपाल सरकारको सो पुनरावेदन जिकिरबमोजिम गरिरहनपर्ने नदेखिने।

तसर्थ, सुरू महोत्तरी जिल्ला अदालतको मिति २०७२।२।१९ को फैसलालाई केही उल्टी गरेको उच्च अदालत जनकपुरको मिति २०७३।११।०४ को फैसलालाई अन्यथा गर्नु नपर्ने भई सदर हुने ठहर्छ । आरोपित कसुरबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको र अभियोग दाबीबमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ साल साउन २० गते रोज ४ शुभम्।

## ६७

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-WO-११५२, उत्प्रेषण, डा.रायना श्रेष्ठ वि. चिकित्सा शास्त्र अध्ययन संस्थान महाराजगन्जसमेत*

निवेदक रायना श्रेष्ठ हाल मिति २०७६।०१।३० मा रो.नं. १९५ भर्ना नं. ३०७६, त्रिभुवन विश्वविद्यालय रजिस्ट्रेसन नं.४-३-३४-२२२-२०१९ बाट त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगन्ज चिकित्सा क्याम्पस, महाराजगन्जमा MD Internal Medicine तीन वर्षे कार्यक्रममा भर्ना भई अध्ययन गरिरहेको भनी महाराजगन्ज चिकित्सा क्याम्पसको च.नं. ६७४/०७८/०७९, मिति २०७८।११।०५ को पत्रको फोटोकपी बहसको सिलसिलामा विपक्षीका कानून व्यवसायीले पेस गर्नुभएको बेहोरा मिसिल संलग्न उक्त पत्रबाट देखिन्छ । यसैगरी निवेदकको कानून व्यवसायीसमेतले निवेदिका MD Internal Medicine मा भर्ना भई अध्ययन गरिरहेको र निवेदिकाले क्याम्पसमा भर्ना हुनका लागि तिरेको शुल्कको फोटोकपी र विद्यार्थी परिचय पत्रसमेतको प्रतिलिपि पेस गर्नुभएको देखिँदा निज निवेदक मिति २०७६।०१।३० बाट नै MD Internal Medicine को ३ वर्षे कार्यक्रममा अध्ययनरत रहेको देखिने।

तसर्थ, निवेदन माग दाबी तथा लिखित जवाफको बेहोरा एवम् बहसको क्रममा विद्वान् कानून व्यवसायीहरूबाट प्रेषित कागज प्रमाणको हवालाबाट निवेदक भर्ना भई अध्ययनरत रहेको देखिँदा निज निवेदकको माग विपक्षीहरूबाट सम्बोधन भइसकेको स्थितिमा रिट जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा यस अदालतबाट मिति २०७६।०२।०२ मा जारी भएको अन्तरिम आदेश निष्क्रिय हुने गरी प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः भेषराज भट्टराई

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७८ साल फागुन ५ गते रोज ५ शुभम्।

## ६८

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७७-WH-०४१६, बन्दीप्रत्यक्षीकरण, सुजितकुमार भण्डारी वि. कारागार कार्यालय, भीमफेदी, मकवानपुरसमेत*

जिल्ला महोत्तरी, सरपल्लो गा.वि.स. वडा नं.६ मा बस्ने राजदेव चौधरीको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी यिनै निवेदक सुजितकुमार भण्डारीसमेत भएको ज्यान मार्ने उद्योग, डाँका मुद्दामा महोत्तरी जिल्ला अदालतबाट यी रिट निवेदक सुजितकुमार भण्डारीलाई डाँका मुद्दामा जरिवाना नगरी कैद वर्ष ६ ठहर गरी मुलुकी ऐन, ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दामा अभियोग दाबी नठहर्ने भनी फैसला भएको र सोही फैसलाअनुसार कसिएको लगतबमोजिम निज रिट निवेदकलाई कैद ठेकी च.नं.१४१९ मिति २०७२।८।८ को कैदी पुर्जी दिई कारागार कार्यालय, महोत्तरी पठाएकोमा

वादी नेपाल सरकारको तर्फबाट उच्च अदालत जनकपुरमा पुनरावेदन परी यी निवेदकको हकमा ज्यान मार्ने उद्योगतर्फ दाबी नपुग्ने र डाँका चोरीतर्फ यी निवेदकसमेतलाई मुलुकी ऐन, चोरीको महलको १ र ६ नं.को कसुरमा डाँकातर्फ ६ वर्ष कैद गर्ने गरेको सुरू फैसला सदर गरी ऐ.१४(४) नं.बमोजिम रू.७,७७,०००।– (सात लाख सतहत्तर हजार रूपियाँ) जरिवानासमेत हुने ठहऱ्याई सुरू महोत्तरी जिल्ला अदालतको फैसला केही उल्टी गरी उच्च अदालत जनकपुरबाट मिति २०७३।११।४ मा भएको फैसलाबमोजिम सो सजाय असुलउपर गर्नका लागि निज सुजितकुमार भण्डारीलाई मिति २०७०।९।२३ गतेदेखि मिति २०८०।९।२२ गतेसम्म कैदमा राख्न महोत्तरी जिल्ला अदालतबाट मिति २०७५।१०।५ मा संशोधित कैदीपुर्जी ठेकिएको देखिन्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(२)(क) मा डाँकाको कसुरमा अधिकतम रू.१,४०,०००।– (एक लाख चालिस हजार) मात्र जरिवाना हुने व्यवस्था भएको देखिने।

केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ, तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र कार्यान्वयन हुने छ" भनी उल्लेख रहेको देखिन्छ र फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा समेत "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने" प्रावधान रहेको देखिन्छ । यसबाट प्रस्तुत मुद्दामा डाँकातर्फ मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (२) को देहाय (क) बमोजिम निवेदकलाई बढीमा रू.१,४०,०००।– मात्र जरिवाना हुने देखिन आयो । यी निवेदक सुजितकुमार भण्डारी मिति २०७०।९।२३ देखि हालसम्म थुनामा रहेकोबाट उक्त फैसलाले लागेको कैद वर्ष ६ मिति २०७६।९।२२ मा भुक्तान भइसकेको देखियो र उपर्युक्त परिवर्तित कानूनी व्यवस्थाअनुसार निवेदकलाई भएको जरिवाना रू.१,४०,०००।– को हकमा निज हालसम्म थुनामै रहेको देखिँदा उक्त जरिवाना रू.१,४०,०००।– (एक लाख चालिस हजार) बापत दैनिक रू.३००।– का दरले कैद १ वर्ष ३ महिना १७ दिन हुन आउने देखिएकोले यी सुजितकुमार भण्डारी सो अवधिभन्दा बढी थुनामा बसिसकेको देखिँदा यी रिट निवेदकलाई मिति २०८०।९।२२ गतेसम्म कैद गर्ने गरी दिइएको महोत्तरी जिल्ला अदालतको च.नं.६००४ मिति २०७५।१०।०५ गतेको कैदी पुर्जी उपर्युक्त परिवर्तित कानूनी व्यवस्था प्रतिकूल हुन गएको देखिन आएकाले यी निवेदक सुजितकुमार भण्डारीले उपर्युक्त परिवर्तित कानूनी व्यवस्थाबमोजिम बस्नुपर्ने कैद भुक्तान गरिसकेको देखिँदा सोभन्दा बढी थुनामा बसेको अवधिको थुना गैरकानूनी रहेको देखिन आउने।

अतः महोत्तरी जिल्ला अदालतले रिट निवेदक सुजितकुमार भण्डारीलाई दिएको च.नं.६००४ मिति २०७५।१०।०५ गतेको कैदी पुर्जी हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(२)(क), केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) र फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ५ को प्रतिकूल रहेको देखिएकोले सो कैदी पुर्जी उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अन्य मुद्दा वा कारणबाट थुनामा राख्न नपर्ने भए रिट निवेदक सुजितकुमार भण्डारीलाई आजै थुनामुक्त गरिदिनु भनी विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ साल साउन २० गते रोज ४ शुभम्।

## एकल इजलास

६९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७४-WO-०९८५, उत्प्रेषण / परमादेश, धनबहादुर आले मगर वि. धनकुटा जिल्ला अदालतसमेत*

अंश मुद्दामा अंश दिने अंशियारले तायदाती फाँटवारीमा विभिन्न व्यक्तिबाट ऋण लिएको देखाउने प्रवृति नौलो होइन । त्यस प्रकारको व्यवहारलाई मान्यता दिई बाँकी रहेको सम्पत्तिबाट मात्र अंश पाउने ठहर भएका अंशियारलाई अंश छुट्टयाइदिने हो भने विविध प्रकारका जटिलता पैदा हुने अवस्था देखिन्छ । कुनै अंशियारले गरेको कपाली तमसुकबमोजिमको व्यवहारको दायित्व अन्य अंशियारमा रहन्छ भनियो भने यसबाट अन्यायपूर्ण दुष्परिणाम पैदा हुने अवस्था पनि रहने।

रिट निवेदक धनबहादुर आले मगरले साहु गोपाल ब्लोनको लेनदेनको बिगो भराई बाँकी रहेको धन सम्पत्तिबाट मात्र बन्डा छुट्टयाइपाउँ भनी दिएको निवेदन आफैँमा अर्थपूर्ण छ । प्रतिवादीमध्येका धनबहादुर आलेबाट मात्र लेनदेनको बिगो रकम भरिपाउने भनी फैसला भएकोले बन्डा नछुट्टयाई बिगो भराउन मिलेन भनी तहसिलदारले गरेको आदेशलाई सदर गर्ने गरेको धनकुटा जिल्ला अदालतबाट मिति २०७५/१।२८ मा भएको आदेश न्यायोचित नै देखिँदा परिवर्तन गरिरहनु परेन भनी मिति २०७५।२।३१ मा उच्च अदालत, विराटनगर धनकुटा इजलासबाट आदेश भएको देखिन्छ । मुद्दामा ऐनको म्यादभित्र पुनरावेदन नपरी अन्तिम भई बसेको र फैसला कार्यान्वयनको क्रममा तहसिलदारले गरेको आदेशउपर कानूनबमोजिम जिल्ला न्यायाधीशले सुनुवाइ गरी सोउपर पनि पुनरावेदकीय क्षेत्राधिकार भएको उच्च अदालत विराटनगर धनकुटा इजलाससमेतबाट मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिम सुनुवाइ भई नियमित र साधारण क्षेत्राधिकारबाटै विवादको टुङ्गो लागीसकेको देखियो । यस अवस्थामा पुनः रिट क्षेत्राधिकारको माध्यमबाट मुद्दा गर्ने अवसर दिँदै जाने हो भने मुद्दाको कारबाही अनन्तकालसम्म लम्बिन जाने भई न्यायिक अन्यौलताको स्थिति सिर्जना हुन जाने खतरा रहने देखिन्छ। प्रस्तुत निवेदनबाट उठाइएको विषयवस्तुको सम्बन्धमा धनकुटा जिल्ला अदालतको फैसला तथा तहसिलदारको आदेश, सो आदेशलाई सदर गर्ने गरेको जिल्ला न्यायाधीशको आदेश तथा उच्च अदालत विराटनगर धनकुटा इजलासबाट मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिम सुनुवाइ भई नियमित प्रक्रियाबाट विवादको निरूपण भइसकेको देखियो । नियमित अदालतबाट कानूनबमोजिम क्षेत्राधिकार ग्रहण गरी तह-तह आदेश भएको कुरालाई लिएर अब पुनः रिट क्षेत्राधिकारअन्तर्गत पुनरावेदन सुनेको जस्तो गरी हेर्नु मनासिब हुँदैन। कानून प्रतिकूल कुनै काम कारबाही भएको नदेखिएको हुँदा विपक्षीहरूका नाउँमा कारण देखाउ आदेश जारी गर्नुपर्नेसम्मको गरेबिराएको देखिने अवस्था विद्यमान रहेको पाइएन। प्रस्तुत निवेदन प्रथम दृष्टि (Prima Face) मा नै खारेज हुने।

तसर्थ, विपक्षी बनाइएका निकाय र व्यक्तिहरूबाट गरेबिराएको देखिने अवस्था विद्यमान नभएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४६(१) बमोजिम कारण देखाउ आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: डल्लुराम चौधरी
कम्प्युटर: अर्जुन पोख्रेल
इति संवत् २०७५ साल असार २२ गते रोज ६ शुभम्।